# रातो खबर
Ratokhabar weekly
साप्ताहिक


## ललितपुर सेक्रेटरी विदुषीलाई तत्काल रिहा नगरिए प्रतिरोध : नेकपा

**काठमाडौँ** : नेकपा उपत्यका विशेष ब्युरोले विज्ञप्ति जारी गर्दै पार्टीका ललितपुर जिल्ला सेक्रेटरी विदुषीलाई सरकारले बिनाकारण गिरफ्तार गरेको भन्दै बिनासर्त तत्काल रिहा गर्न माग गरेको छ । ब्युरो इन्चार्ज मिलनले जारी गरेको विज्ञप्तिमा 'नेपाली जनताका विरुद्ध राज्यका हरप्रकारका गलत र घृणित कार्यको पार्टीले डटेर प्रतिवाद गर्ने र त्यसप्रकारको परिस्थितिबाट उत्पन्न हुने परिवेशको जिम्मेवारी फासिवादी केपी नेतृत्वको दलाल पुँजीवादी सरकार हुने' उल्लेख छ ।

मिलनले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी देशमा भइरहेको राष्ट्रघात, जनघात, भ्रष्टाचार, कालोबजारी, तस्करी, अनियमितताका साथै जनता र राष्ट्रहितविपरीत केपी नेतृत्वको सरकारको दलाल फासिवादी गतिविधिका विरुद्ध आन्दोलनरत भइरहेको कुरा सर्वविदितै छ । त्यसका साथै ... बाँकी पृष्ठ ७ मा

वर्ष ६, अङ्क १४, पूर्णाङ्क २४७ | २०७७ कात्तिक २६ गते बुधबार | Wednesday, 11 Nov 2020 | www.eratokhabar.com | मूल्य रु. १०

# सातौँ पार्टी पुनर्गठन दिवस भव्य रूपमा मनाउँदै नेकपा

■ अम्बिका चन्द/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले यही मङ्सिर ६, ७ र ८ गते सातौँ पार्टी पुनर्गठन दिवस भव्य रूपमा मनाउने भएको छ । पार्टी स्रोतले दिएको जानकारीअनुसार ६ देखि ८ गतेसम्म देशव्यापी प्रचारप्रसार, प्रदर्शन र सभाहरू आयोजना गरी पार्टी पुनर्गठन दिवस मनाउन लागिएको हो ।

नेपालमा दस वर्षसम्म चलेको महान् जनयुद्धका उपलब्धिहरूलाई धराशायी बनाउने गरी जनयुद्धको मूल नेतृत्व वैचारिक, राजनीतिक, साङ्गठनिक र सांस्कृतिक रूपले पतनको दिशामा गएपछि २०६९ सालमा क्रान्तिकारीहरूको पहलमा नयाँ पार्टी नेकपा-माओवादी गठन गरिएको थियो । प्रचण्ड-बाबुरामले जनयुद्धको जहाजलाई सुरक्षित अवतरण गराउन नसकेर संसदीय भासमा डुबाएपछि मोहन वैद्य 'किरण' को नेतृत्वमा ठूलो हिस्साले विद्रोह गर्दै नयाँ पार्टी निर्माणको घोषणा गऱ्यो तर पुरानै विचार र प्रवृत्तिको निरन्तरता देखिएको भन्दै कमरेड विप्लवको नेतृत्वमा २०७२ साल मङ्सिर ८ गते क्रान्तिविरोधी प्रवृत्तिसँग सम्बन्धविच्छेद गर्दै फेरि नयाँ पार्टी नेकपा माओवादी गठन गरेको थियो ।

त्यसको एक वर्षपछि २०७३ साल भदौ ७ गते कम्युनिस्ट न्युक्लियससँग भएको क्रान्तिकारी ध्रुवीकरणपछि नेकपा (माओवादी) बनेको थियो । थबाङमा सम्पन्न भएको ऐतिहासिक आठौँ महाधिवे




**६ गते**
देशभर पार्टी पुनर्गठन दिवसको प्रचारप्रसार तथा अतिरिक्त क्रियाकलाप ।

**७ गते**
देशव्यापी प्रदर्शन तथा जनसभा

**८ गते**
पार्टी पुनर्गठनको दिन देशभर उत्सव मनाउने

शनपछि यो पार्टी नेपाल कम्युनिस्ट पार्टीका रूपमा अघि बढिरहेको छ । कमरेड विप्लवको नेतृत्वमा क्रान्तिकारी आन्दोलनको नयाँ पहल गरिएको दिन मङ्सिर ८ गते ७ वर्ष हुँदैछ ।

मङ्सिर ८ नेपालको क्रान्तिकारी आन्दोलनमा देखिएका अनेकौँ उतारचढावहरूका बीचमा क्रान्तिकारीहरूले नयाँ पहलको सुरुआत गरेको ऐतिहासिक दिन हो भने अर्कोतिर तत्कालीन माओवादीले जनमुक्ति सेना गठन गरेर ठूलाठूला सैनिक ब्यारेकहरूमाथि हमला सुरु गरेको ऐतिहासिक दिन पनि हो । नेकपाका महासचिव विप्लवका अनुसार आत्मसमर्पणवादी, विसर्जनवादी र पुँजीवादीहरूको हमलामा परेर माओवादी पार्टी विसर्जनको दिशामा पुगेपछि नेकपाको नेतृत्वमा नयाँ पहल गरिएको दिन हो मङ्सिर ८ गते । यो एक ऐतिहासिक वीरता, बलिदानको सन्दर्भ र अवसरको दिन पनि हो ।

पार्टी पुनर्गठनका ७ वर्षका बीचमा नेकपाभित्र निकै ठूला उथलपुथलहरू पनि भएका छन् । यो अवधिमा पार्टीभित्रका कैयौँ गद्दारहरू पार्टीबाट बाहिरिएका छन् भने कैयौँ क्रान्तिकारीहरू यो पार्टीमा समाहित भएका छन् । यो अवधिमा नेकपाका १ दर्जन हाराहारी नेता-कार्यकर्ताहरूको बलिदान भैसकेको छ भने सयौँ नेता-कार्यकर्ता जेल र हिरासतमा छन् । पार्टीको आठौँ महाधिवेशन काठमाडौँमा उद्घाटन भएर थबाङमा बन्दसत्र र लिबाङमा घोषणासभा सम्पन्न गर्दै सम्पन्न एको थियो । महाधिवेशनपछि नेकपा अझै सशक्त भएर सबैखाले शोषण, दमन र उत्पीडनका विरुद्ध एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत वैज्ञानिक समाजवाद स्थापना गर्नु नेपालको आवश्यकता भएको निष्कर्षसहित अघि बढिरहेको छ । नेकपाले गरेका लोकप्रिय कामहरूबाट अत्तालिएको सरकारले लगाएको प्रतिबन्धको सामना गरिरहेको ... बाँकी पृष्ठ ७ मा

## गिरफ्तार गरिएका नेता–कार्यकर्ता तत्काल रिहा गर : पाटन जङ्गली

**काठमाडौँ** : नेकपाको सहायक सङ्गठन युवा सङ्गठन नेपालले आफ्नो सङ्गठनका केन्द्रीय सदस्य प्रबिनलाई प्रहरीले गिरफ्तार गरेको भन्दै बिनासर्त रिहाइको माग गरेको छ । युवा सङ्गठनका केन्द्रीय अध्यक्ष पाटन जङ्गलीले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै प्रहरीले कैलालीको धनगढीबाट २०७७ कात्तिक १५ गते प्रबिनलाई गिरफ्तार गरी बेपत्ता पारेको भन्दै तत्काल सार्वजनिक गरी निःसर्त रिहाइको माग गरेका छन् ।

विज्ञप्तिमा युवा ... बाँकी पृष्ठ ७ मा

## केन्द्रीय जनपरिषद्द्वारा सीता महराप्रति श्रद्धाञ्जली



**काठमाडौँ** : केन्द्रीय जनपरिषद् नेपाल, केन्द्रीय कार्यालयले पूर्वसभामुख कृष्णबहादुर महराकी पत्नी सीता महराप्रति श्रद्धाञ्जली प्रकट गर्दै शोकमग्न महरा परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेको छ । केन्द्रीय जनपरिषद् नेपालका प्रमुख सन्तोष बुढामगरले श्रद्धाञ्जली एवम् समवेदना वक्तव्य प्रकाशित गरी सीता महराले लामो समय रोल्पा जिल्लामा कर्मथलो बनाई जनयुद्धको ... बाँकी पृष्ठ ७ मा

## पार्टी विभाजनको अन्तिम साइत जुराउँदै वली र दाहाल





■ जिपी चौलागाई/काठमाडौँ

मार्क्सवादी दर्शन, विचार, राजनीति, वर्ग सबैलाई स्वाहा पारेर सत्ताकेन्द्रित गठबन्धन गर्न पुगेका केपी वली र पुष्पकमल दाहाल अन्ततः सरकारी नेकपालाई फुटाएरै छोड्ने निष्कर्षमा पुगेका छन् । उनीहरूका पछिल्ला गतिविधि, अभिव्यक्ति र क्रियाकलापहरूले त्यसैलाई सङ्केत गरेका छन् । बरु उनीहरू एकअर्को समूहका पात्रहरूलाई चोरेर आफ्नो गुट बलियो बनाउने ध्याउन्नमा लागेको उनीहरूको क्रियाकलापले बुझ्न गाह्रो पर्दैन । लाग्छ, उनीहरू पार्टी विभाजनको दोष आफूलाई नआओस् भनेर साइत मात्र जुराएर बसेका छन् । ... बाँकी पृष्ठ ७ मा

## प्रतिरोध आन्दोलन गर्ने ट्रेड युनियन महासङ्घको चेतावनी

काठमाडौँ : अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले कोरोना सङ्क्रमणका कारण रोजगार गुमाएर मजदुरको चुलो निभेको र सडकमा दर्दनाक अवस्थामा बिलौना गरिरहेको अवस्थामा मजदुरको समस्यालाई सम्बोधन गर्नुभन्दा घाउमाथि नुनचुक खन्याउने सरकारका विरुद्ध प्रतिरोध सङ्घर्ष गर्नुको विकल्प नरहेको भन्दै चेतावनी दिएको छ ।

महासङ्घको केन्द्रीय समितिका तर्फबाट संयोजक विनोद थापाले जारी गरेको विज्ञप्तिमा कोरोना माहामारीबाट पीडित मजदुरहरूलाई मृत्युको मुखमा पुदासम्म पनि पीसीआर टेस्ट नगर्नु, सरकारी अस्पतालले शुल्क लिने निर्णय गर्नु, निजी स्वास्थ्य क्षेत्रमा लाखौँको धरौटीबिना उपचार नगर्नु, बिमारीबाट अत्यधिक शुल्क असुल गर्नुलगायत अमानवीय क्रियाकलापबाट आजित मजदुरसँग प्रतिरोध सङ्घर्ष गर्नुको विकल्प नरहे को उल्लेख छ ।

थापाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यतिखेर मुलुक कोरोना भाइरस (कोभिड १९) ले थिलथिलो भैरहेको अवस्थामा नक्कली कम्युनिस्टको सक्कली अनुहार नाङ्गो गरी उदाङ्गिएको छ । सर्वहारा श्रमजीवीको पार्टी हौँ भनी दाबी गर्ने कथित कम्युनिस्ट सरकार गुटगत राजनीतिको चरम उत्कर्षस्वरूप विस्फोटको अवस्थामा पुगेका छन् । न हिजो यिनीहरूले सन्तोषजनक केही काम गरे, न भोलि नै गर्नेछन् । फगत सत्तालिप्साको मोहमा देशलाई बर्बादीतिर लान उद्यत ... बाँकी पृष्ठ ४ मा

## डा. प्रकाश चन्दलाई बीएन्डसीका मालिक दुर्गा प्रसाईंद्वारा गम्भीर धम्की, जनस्वास्थ्यकर्मी महासङ्घद्वारा भ्रष्टहरूलाई चेतावनी




अखिल नेपाल जनस्वास्थ्यकर्मी महासंघ

■ गोपाल गिरी/काठमाडौँ

**काठमाडौँ** : आफ्नो अवैध धन्धा निर्बाध सञ्चालन गर्न केपी वली र पुष्पकमल दाहाललाई मासी चामलको भात ख्वाएर बदनाम भएका झापाको बीएन्डसी मेडिकल कलेजका सञ्चालक दुर्गा प्रसाईंले अखिल नेपाल जनस्वास्थ्यकर्मी महासङ्घका महासचिव डा. प्रकाश चन्दलाई गम्भीर किसिमका धम्की दिँदै गालीगलौज गरेको भन्दै महासङ्घले चेतावनी दिएको छ । महासङ्घका अध्यक्ष टीकाप्रसाद कँडेलले विज्ञप्ति जारी गर्दै सङ्गठनका महासचिव डा. प्रकाश चन्दले स्वास्थ्य माफियाको नाम किटान गरेको विषयलाई लिएर झापा बीएन्डसी अस्पतालका मालिक दुर्गा प्रसाईंले विभिन्न तुच्छ र ... बाँकी पृष्ठ ४ मा

## भारतीय सेनाप्रमुखको नेपाल भ्रमणविरुद्ध नेकपाद्वारा काठमाडौंलगायत देशैभर प्रदर्शन






■ भीमप्रसाद चापागाई/काठमाडौँ

नेपालमाथि भारतीय साम्राज्यवादको हस्तक्षेपकै बीच बुधबार भारतीय स्थल सेनाध्यक्ष मनोजमुकुन्द नरवणेको नेपाल भ्रमणविरुद्ध नेकपाले काठमाडौँमै कालो बेलुन, कालोझन्डा प्रदर्शनसहित कोणसभा र मशाल जुलुस प्रदर्शन गरेको छ ।

प्राप्त जानकारीअनुसार नरवणेको नेपाल भ्रमण र साम्राज्यवादी हस्तक्षेपको विरोध गर्दै नेकपाका विभिन्न जनवर्गीय सङ्गठनहरूले काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा कालो बेलुन प्रदर्शन गर्नुका साथै कोणसभा र साँझ मशाल जुलुससमेत प्रदर्शन गरेका छन् ।

नेकपामा आबद्ध संयुक्त जवसको आयोजनामा काठमाडौँका विभिन्न स्थानमा कालोझन्डा, कालो बेलुनसहित विरोध प्रदर्शन र कोणसभा आयोजना गर्नुका साथै साँझ मशाल जुलुस प्रदर्शन गरिएको हो ।

काठमाडौँको मध्यबाने ... बाँकी पृष्ठ ४ मा

# वली शासनको 'खुफिया कनेक्सन'

'इतिहासले केही पनि सिकाउँदैन तर यसबाट पाठ नसिक्नेलाई खालि सजाय मात्र दिन्छ ।'

- भासिली क्लि उचेस्की (रुसी इतिहासकार एवम् सांस्कृतिकर्मी)

एक वर्षअघिको प्रसङ्ग हो, एकजना काठमाडौँ निवासी वरिष्ठ पत्रकारको निवासमा पुगेको थिएँ । उनको निवासमा ३ दिन बस्दा एक दिन सुसाइङ्ग्य गरिएको केही पानाको छाया प्रति दिएर उनी कार्यालय गए । त्यो छाया प्रति तिनै सञ्चारकर्मीको अप्रकाशित संस्मरण थियो । त्यसका दुईवटा प्रसङ्ग सम्झिरहेको छु : एउटा हो, दक्षिणएसियाका सञ्चारकर्मीहरूको प्रतिनिधिमण्डल विभिन्न देश भ्रमण गर्दै कास्मिर पुग्यो । उक्त टोलीमा एकजना महिला सदस्य पनि थिइन् । तिनी जहाँ पुग्यो तत्काल त्यहाँका शक्तिशाली कर्मचारीसँग सम्बन्ध बनाएर काम पट्याइहाल्थिन् । कास्मिर पुगेके दिन उनले त्यसै गरिन् । अर्को दिन कास्मिरका एकजना शक्तिशाली व्यक्ति भ्रमण टोलीसँगै गए । सहरको एटीएममा महिला पसिन्, ती पुरुष पनि पसे । उनीहरूले अस्वाभाविक समय लिएपछि एटीएमबाहिर भीड भयो । ती महिला छरिएको कपाल मिलाउँदै निस्किन् । पुरुषको पनि उस्तै अवस्था थियो । अर्को थियो, तत्कालीन एमाले पार्टीमा वली-भण्डारी सम्बन्धको चर्चा । केही नेताहरूले वलीलाई कारबाहीको माग पनि गरे । तर माधव नेपालले 'विषयलाई पाक्न दिनुपर्छ, पर्खिनुस्' भनेका थिए तर त्यो कहिल्यै पाकेन, बरु पार्टी नै वलीले समाप्त गरेको विषय थियो । मदन भण्डारीको हत्या, महाकाली सन्धि र केपी वलीको अस्वाभाविक उदय एकसाथ भएको छ । माथि उल्लेख गरिएको प्रसङ्ग पनि जोडिएर आउने गरेको छ र त्यसो हुनु अस्वाभाविक छैन ।

महाकाली सन्धिका विरुद्ध उभिएकै कारण मदनकुमार भण्डारी र उनका सहकर्मी जीवराज आश्रितको हत्यामा गुप्तचर संस्था 'रअ' को हात रहेकोमा धेरै विवाद छैन । मदन भण्डारीको हत्या गरेर अरू देशभक्तहरूलाई गिरफ्तार गरेर, भद्रकालीमा निषेधाज्ञा र लाठीचार्ज गरेर मध्यराती १२ बजे देशद्रोही महाकाली सन्धि पारित गरिएको थियो । 'रअ' को यो



**देश/परिवेश**

■ अनिल शर्मा विरही

जनामा भएको हत्या र महाकाली सन्धि पारित गराउन सदनभित्र काङ्ग्रेसका शेरबहादुर देउवा र एमालेका केपी वलीको मुख्य भूमिका थियो । भण्डारीको चर्को वकालत गर्दै, विद्या भण्डारीको थप नजिक हुँदै र भण्डारीको आदर्श कुल्चँदै वली भऱ्याङको खुड्किला चढ्दै गए । झलनाथ, माधव सबै माथवरसिंह थापाझैँ भऱ्याङमै गुल्टाइए । वली र देउवाका लागि 'रअ' ले बाटो सफा गर्दै गयो । महाकाली सन्धि र भण्डारीको ... बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# नयाँ उत्सवका रूपमा सातौँ पार्टी पुनर्गठन दिवस

मानिसको जीवनमा झैँ राजनीतिक पार्टीको आन्दोलनमा पनि कुनै दिन विशेष दिनका रूपमा आउँछन् । अझ क्रान्तिकारी पार्टीको जीवनमा कतिपय दिनहरू अझै धेरै महत्व, स्मरणीय र उत्सवमय भएर आउँछन् । नेपालमा नेकपाको स्थापना भएको दिन विसं २००६ होस् वा महान् जनयुद्ध आरम्भ भएको दिन १ फागुन, २०५२ होस्, नेपाली कम्युनिस्ट आन्दोलनका लागि विशेष महत्वका दिनका रूपमा स्थापित छन् । वैज्ञानिक समाजवाद स्थापनाका लागि महान् योद्धाहरूले महान् यात्रामा लामबद्ध हुने उद्घोषसहित नयाँ कार्यारम्भ गरेका यी विशेष दिनहरूले नै गौरवशाली इतिहासको प्रतिनिधित्व गरिरहेका छन् ।

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा २०७२ सालको मङ्सिर ८ पनि त्यस्तै सम्झना मात्र होइन, गर्व गर्नलायक दिन हो । यही दिन नेपालका संशोधनवादी, अवसरवादी र गद्दारहरूलाई चुनौती दिँदै क्रान्तिकारी धारले इतिहासका खराब विरासतहरूबाट विद्रोह गरेको थियो र नेकपा स्थापनाको भ्रूण बसेको थियो । त्यसैले नेपाल कम्युनिस्ट पार्टीले यो दिनलाई नेकपा पुनर्गठन दिवसका रूपमा उत्सव गरेर मनाउँदै आएको छ । यो वर्षको मङ्सिर ८ गते नेकपा पुनर्गठनका ६ वर्ष पूरा भई सातौँ वर्ष आरम्भ हुँदैछन् । त्यसैले नेपालका आमूल परिवर्तनका पक्षधर, क्रान्तिकारी कम्युनिस्टहरूका लागि यो विशेष उत्सवको दिन हो ।

नेपाल कम्युनिस्ट पार्टीले यस वर्षको मङ्सिर ८ गते सातौँ पार्टी पुनर्सथापना दिवसलाई 'एकीकृत जनक्रान्तिको झन्डालाई उच्च पारौँ' मूल नारासहित देशभर विभिन्न कार्यक्रम आयोजना गरी भव्य रूपले मनाउने भएको छ ।

२०५२ सालमा जनयुद्ध आरम्भ गरेको तत्कालीन नेकपा (माओवादी) को मूल नेतृत्वले दलाली, गद्दारी र आत्मसमर्पणको बाटो अख्तियार गरेपछि तत्कालीन नेकपाभित्र २०६० को दशकको मध्यबाटै दुई लाइन सङ्घर्ष अघि बढेको थियो । अन्ततः २०६९ सालमा त्यसले ठोस रूप प्राप्त गऱ्यो र मोहन वैद्य 'किरण' को नेतृत्वमा नेकपा-माओवादी स्थापना भएको थियो । नेकपा-माओवादी दलाल र गद्दारहरूले रछ्यानमा फ्यालेको क्रान्तिको झन्डा उठाएर नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्न पुनर्गठन गरिएको थियो तर कार्यदिशाको अलमल र नेतृत्वको किंकर्तव्यविमूढताका कारण त्यो नेतृत्वले पनि क्रान्ति अघि बढाउन नसकेपछि अन्ततः २०७२ साल मङ्सिर ८ गते कमरेड विप्लवको नेतृत्वमा क्रान्तिकारी पार्टी 'नेकपा माओवादी' को पुनर्गठन गरिएको थियो । पार्टीको आठौँ महाधिवेशनसम्म आइपुग्दा यही पार्टी नेपाल कम्युनिस्ट पार्टी बन्यो र एकीकृत जनक्रान्तिको कार्यदिशा पारित गरी क्रान्ति अघि बढाउने हिम्मत गऱ्यो । यसले सबैखाले अवसरवाद, संशोधनवाद, गोलचक्करवादहरूलाई परास्त गर्दै विकसित नयाँ कार्यदिशा कार्यान्वयन गरिरहेको छ । यतिबेला नेकपा नेपालको एक शक्तिशाली वैकल्पिक शान्तिकारी शक्तिका रूपमा स्थापित बनेको छ । यो विद्रोहको आरम्भ भएको दिन अर्थात् पार्टी पुनर्गठन भएको दिन मङ्सिर ८ गते थियो र त्यो अहिले ६ वर्ष पूरा भएर सातौँ वर्षमा प्रवेश गर्दैछ । पार्टी पुनर्गठन मात्र नभएर एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशाको विकास, क्रान्तिको पहलकदमी, क्रान्तिकारी ध्रुवीकरण, क्रान्ति सञ्चालन र क्रान्तिको सफलताउन्मुख अवस्थाका कारण पनि मङ्सिर ८ गते नेपालको राजनीतिक आन्दोलनको इतिहासमा निकै महत्वपूर्ण दिन साबित भएको छ । त्यसैले यो नेकपाको मात्र नभएर उत्पीडित श्रमिक वर्ग, उत्पीडित राष्ट्रियता, दलाल पुँजीवादी व्यवस्थाबाट उत्पीडित दलित, महिला, जनजाति, मजदुर, किसान सबैको विशेष दिन भएर अघि आएको छ ।

नेकपा दलाल पुँजीवादी सत्ताको वैकल्पिक शक्ति भएर उदाएपछि यो व्यवस्था धर्मराएको छ । आफ्नो अस्तित्वरक्षाका लागि केपी वली-पुष्पकमल दाहालले टेको दिएर राखिरहेको दलाल पुँजीवादी सत्ता र सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको दुई वर्ष पुग्नै लागेको छ । २००६ सालमा स्थापना भएदेखि नै कहिले मातृकाप्रसाद कोइरालाको संसदीय प्रजातन्त्र त कहिले महेन्द्रको पञ्चायती व्यवस्था, कहिले गिरिजा-शेरबहादुर र सूर्यबहादुर थापाहरूको प्रजातन्त्र र ज्ञानेन्द्रको शाहीकाल त कहिले केपी-पीकेको लोकतान्त्रिक गणतन्त्र सबै कालमा कठोर प्रतिबन्ध र दमनको सामना गर्दै आएको छ । यतिबेला पनि नेपाल कम्युनिस्ट पार्टी अर्थात् नेपालको कम्युनिस्ट आन्दोलनले कम्युनिस्ट नाउँधारी दलाल पुँजीवाद र साम्राज्यवादका एजेन्टहरूबाट प्रतिबन्ध खेपिरहेको छ तर विगत ७० वर्षसम्म निरन्तर सत्ताका प्रतिबन्ध र दमनहरूको सामना गर्दै आएको नेकपा वली-दाहालको प्रतिबन्धलाई पनि पचाएर स्पातिलो बनेको छ । कमरेड स्टालिनले कम्युनिस्टहरू विशेष धातुले बनेका हुन्छन् भनेझैँ वली-दाहालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूलाई प्रमुख मुद्दा बनाएर दलाल पुँजीवादका विरुद्ध क्रान्ति गरिरहेको नेकपामाथि प्रतिबन्ध लगाए पनि नेकपाले जनयुद्धमा झैँ सरकारी प्रतिबन्धलाई हावा खुवाइदिएको छ । फलस्वरूप ११ जना योद्धाहरूको बलिदान र हजारौँ नेता-कार्यकर्ताको गिरफ्तारी र जेलनेलका बीचमा पनि नेकपाले देशभर आफ्नो अभियान शानदार ढङ्गले जारी राखेको छ र यो झन्झन् उत्साहपूर्ण ढङ्गले अघि बढिरहेको छ । नेपाली श्रमिक-उत्पीडित जनताले नेकपा नै देशको एक मात्र भरपदो विकल्प हो भन्ने महसुस गरिरहेका छन् । त्यसैले पनि नेकपा पुनर्गठन दिवसमा नेपाली श्रमिक जनताको उत्साहजनक सहभागिता हुने देखिन्छ ।

एउटा सुखद संयोग के पनि छ भने पुष्पकमल दाहाल प्रचण्ड हुँदैको समयमा जनयुद्ध लडिरहेको तत्कालीन नेकपा (माओवादी) ले २०५८ साल मङ्सिर ८ गते जनमुक्ति सेना नेपालको घोषणा गरेर दुस्मनका क्याम्पहरूमा धावा बोलेको थियो भलै तिनै प्रचण्डहरू आज हिजोका दुस्मनका क्याम्पहरूमा शरण लिन पुगेका छन् तर यो दिनले नेपाली क्रान्तिकारी शक्ति र नेपालका जनतालाई भने ऐतिहासिक दिवसको झझल्को दिने नै छ ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# महिला : अस्तित्व र आन्दोलन


बन्धु चन्द

'महिला' मानवजातिको स्त्री लैङ्गिक पहिचान जनाउने शब्द । नेपालमा महिलालाई स्त्री, स्वास्नीमान्छे, जनता, आइमाई, नारी आदि शब्दले पनि चिनाउने गरिन्छ । संसारमा प्रचलित अन्य भाषामा पनि महिलालाई चिनाउने एकभन्दा बढी नै शब्द हुन सक्छन् तर नेपालमा नेपाली भाषामा अरू शब्दको तुलनामा 'महिला' शब्द नै स्त्री लिङ्गलाई सम्बोधन गर्ने सभ्य र औपचारिक शब्द मानिन्छ ।

महिला मानवसभ्यताको एक अपरिहार्य र अनिवार्य अङ्ग हो जो समाज विकासक्रममा आजन्म साथमा पनि छ र सङ्घर्षमा पनि छ । हेर्दा सामान्य लाग्ने तर जीवनव्यवहारमा फरक देखिने यो समुदाय मानवजातिकै अर्को लिङ्ग, पुरुष जाति र मानव आफैँले निर्माण गरेका सभ्यताबाट हजारौँ वर्षदेखि पीडित छ, दमित छ र आन्दोलित पनि छ । यहाँ यही महिला (लैङ्गिक समुदाय) का बारेमा केही विषयमा चर्चा गर्न खोजिएको छ ।

### १. ऐतिहासिक पृष्ठभूमि

चार्ल्स डार्बिनको जीवविज्ञानसम्बन्धी विकासवादी सिद्धान्तअनुसार पृथ्वीमा सुरुमा एककोषीय जीवबाट उत्पत्ति भएको प्राणी करोडौँ विकासक्रममा अनेक रूपमा विकसित र रूपान्तरित हुँदै अहिलेको मानव प्राणीका रूपमा विकास भएको मानिन्छ । उत्पत्तिका प्राकृतिक, भौगोलिक र वातावरणीय जटिलताहरू पार गर्दै स्वयम् शारीरिक र मानसिक रूपमा पनि अनेक सङ्घर्ष गर्दै आएकाले पृथ्वीमा अहिलेसम्म जीवित रहेका सम्पूर्ण प्राणीमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हुन सफल छ । अस्तित्वकालदेखि नै मानव प्राणी दुई फरक लैङ्गिक (महिला र पुरुष) विशेषताअनुसार विकास हुँदै आयो । एउटै विशेषता र गुण भएको प्राणीका दुई विपरीत लैङ्गिक समागमबाट गर्भधारण भई बच्चा उत्पादन हुने र त्यसैबाट उसको अस्तित्व निरन्तरतामा फैलिँदै जाने नियम प्रकृतिप्रदत्त छ । यो प्राकृतिक नियमअनुसार जसले बीजको काम गऱ्यो, त्यो पुरुष नामले चिनियो र जसले गर्भधारण गरेर बच्चा जन्माउने र हुर्काउने काम गऱ्यो, त्यो स्त्री (महिला) नामले चिनियो । जैविक हिसाबले यही प्रक्रियाका लागि बनेका केही शारीरिक अङ्गबाहेक ऐतिहासिक रूपले मानवजातिमा महिला र पुरुषबीचमा कुनै भिन्नता छैन । तर समाजको विकासक्रममा एउटै प्राणी तर दुई विपरीत लिङ्गबीच विभेदको रेखा कसरी कोरियो ? असमानताको खाडल कसरी निर्माण भयो ? यो नै महिला अस्तित्वरक्षा र अधिकार प्राप्तिको आन्दोलनको भित्री र आधारभूत बहसको विषय हो । समाज विकासक्रममा यो बहसले अरू कैयौँ विषयवस्तुहरूको पनि उठान गरेको छ ।

### २. कसरी सुरू भयो महिलामाथि विभेद र उत्पीडन ?

अरू प्राणीको तुलनामा उन्नत र चेतनायुक्त प्राणी भएको नाताले मानवजातिका क्रियाकलाप आफ्नै सङ्घर्षबाट विकसित हुँदै गएका हुन् । जतिबेला मान्छे जङ्गली युगमा थिए, त्यतिबेला उसलाई आफ्नो अस्तित्वरक्षाका लागि निकै कठिन सङ्घर्ष गर्नुपऱ्यो । प्राकृतिक रूपमा आइपने ठूला-ठूला विपत्ति, अन्य प्राणीसँगको सङ्घर्ष र आफ्नो समूहको रक्षा त्यतिबेला मुख्य चुनौती थिए मानवका लागि । यी सबै विपत्तिहरूलाई सामूहिक रूपमा सामना गर्दा त्यहाँ विभेदको कुनै गुन्जायस हुने कुरै भएन किनकि त्यो सबैको साझा कर्तव्य हुन्थ्यो । सामूहिक र अस्थायी बसोबास, घुमन्ते जीवनशैली, खानाको प्रबन्ध र समूहको रक्षा साझा काम हुने हुँदा पुरुषले टाढाटाढा पुगेर सिकार गर्ने, कन्दमूल खोज्नेजस्ता खानाको प्रबन्ध गर्ने, महिलाले बच्चा जन्माउने हुर्काउने, समूहको रेखदेख गर्ने र प्राप्त खानाको समान वितरण गर्ने जिम्मवारी हुनु स्वाभाविक हुन्थ्यो । साझा र सामूहिक जीवनका कार्य विभाजन हुने अनि व्यक्तिगत आकाङ्क्षा र निजी प्रबन्धको चेतना विकास नभएकाले त्यतिबेलाका महिलाले प्राकृतिक विपत्ति र कष्टकर घुमन्ते जीवनशैलीबाहेक अरू कुनै विभेदको सामना गर्नुपरेन । बरु त्यतिबेलाको श्रम विभाजनमा महिलाको भूमिका मुख्य हुने हुँदा उनीहरू नै निर्णायक र सम्मानित हुन्थे ।

जब मानव जाति घुमन्ते युगबाट कृषियुगमा प्रवेश गऱ्यो, उसको जीवनशैली परिवर्तन हुन थाल्यो । उसलाई निश्चित बासस्थानको आवश्यकता पऱ्यो । कृषिकार्यका लागि औजार र जङ्गली जनावरको आवश्यकता महसुस गरी जङ्गली जनावरलाई बँधुवा बनाउने र कृषि उपजमा प्रयोग गर्न थालियो । तिनीहरूको हेरचाहका लागि महिलाको जिम्मेवारी थपिँदै गयो र उनीहरू घरायसी काममा व्यस्त हुन थाले । जनसङ्ख्या बढ्दै जाँदा गण फरक-फरक समूह बनाएर बस्न थाले । राम्रो ठाउँको छनोटमा गणहरूका बीचमा लडाइँ पर्न थाल्यो । यस्तो लडाइँमा जित्ने मालिक र हार्ने दास बने । यही प्रक्रियाबाट दासयुगको सुरुआत भयो । बाहिरी काम र लडाइँको नेतृत्व गर्ने हुँदा पुरुष मालिक बने भने महिला घरेलु दास । लडाइँ जित्दै जाँदा पुरुषहरूको महत्वाकाङ्क्षा बढ्दै गयो र उसले आफ्नो वर्चस्व कायम गर्न अरूमाथि कब्जा जमाउन थाल्यो । त्यसको पहिलो सिकार सम्भवतः महिला नै भए । लडाइँमा प्राप्त विजयको शक्तिको प्रभावस्वरूप सामूहिक सम्बन्ध क्रमशः निजीमा परिणत हुँदै गयो । शक्तिशाली पुरुषले महिलालाई निजी भोग गर्न थाले जसबाट वैवाहिक संस्थाको जन्म भयो । त्यसरी जन्मेका बच्चाबाट वंश परम्परा सुरु भयो । त्यो वंशको सुरक्षित भविष्यका लागि निजी सम्पत्तिको प्रचलन र त्यसको विकसित रूप– राज्यको प्रादुर्भाव ।

यी सबै प्रक्रियाको सुरुआतमा पुरुषले महिलाको स्वत्व हरणबाट गरेका थिए भन्ने बुझ्न गाह्रो छैन । आदिमकालमा आफ्नो महत्वपूर्ण भूमिकासहित स्वतन्त्र अस्तित्वमा रहेका महिलालाई नियन्त्रण गरी आफ्नो अधीनमा राख्न वा निजी माल बनाउन पुरुषले कति तिकडम वा बल प्रयोग गऱ्यो होला ? जङ्गली जनावरलाई बँधुवा बनाउन जेजति तरिका अपनाइयो, सायद त्योभन्दा कैयौँ गुणा बढी कसरत गऱ्यो होला किनकि महिला त मानवप्राणी न थिए । सुरुमा नाक, कान छेडेर, हातखुट्टामा गह्रौँ धातुका सामान झुन्ड्याइदिएर स्याहार्नै नसक्ने वस्त्र पहिऱ्याइदिएर, कपाल काट्न बन्देज गरेर जसरी महिलालाई नियन्त्रण गरी आफ्नो बसमा राखियो, कालान्तरमा तिनै चीजलाई गहना र सौन्दर्यको पहिचान बनाएर झुलाइयो ।

यसरी नियन्त्रणका सम्पूर्ण भौतिक तरिका अपनाई निजी पत्नी वा दासी बनाइसकेपछि पनि भोलि कतै स्वतन्त्रता खोज्छन् कि भन्ने भयले धर्म र पापको यस्तो काल्पनिक चित्र प्रस्तुत गरियो जसले पुरुषका लागि कुनै नियम बनाएन तर महिला भने सम्पूर्ण रूपले बाँधिनुपने भयो । यो धर्मको नियमले त पुरुषलाई देउता मात्र बनाएन, महिलालाई मरेको पतिसँगै सती गई जिउँदै चितामा जल्नुपर्ने स्थितिको निर्माणसमेत गऱ्यो । पुरुषले नेतृत्व गरेको हरेक युगमा महिलामाथि उत्पीडनका स्वरूप बदलिएका छन् तर रोकिएका छैनन् । सामन्ती युगदेखि त झन् यसको गाँठोलाई थप बलियो बनाउन राज्यसत्ता नै लाग्यो । राज्यबाटै महिलाका लागि नियन्त्रणका थप नीतिनियम मात्र बनाइएन, ती उल्लङ्घन गरेमा कठोर सजायको भागीदार बन्नुपर्ने भयो । धर्मसंस्कारका नाममा पवित्रता, सहनशील, चरित्रवान् आदिको जामा भिराएर महिलामाथि पुरुषको पूर्ण आधिपत्य कायम गरियो । सामान्यजनको कुरै छोडौँ, राजा, महाराजा वा शासकको हकमा समेत पुरुषले गरेका गल्तीको सजाय महिलाले नै भुक्तान गर्नुपर्ने स्थितिसम्म भयो । सीता र द्रौपदीले भोग्नुपरेका पीडा त्यसका उदाहरण हुन् ।

सामन्ती उत्पादन सम्बन्धमा फेरबदल ल्याई त्योभन्दा उन्नत र मानवीय जीवनको परिकल्पना गर्दै स्वतन्त्रताका नाममा महिलालाई घरबाहिर ल्याई उत्पादनमुखी काममा लगाई ठूलै सभ्यता खडा गरेको स्वाङ रच्ने पुँजीवादले त झन् महिलाको श्रमको शोषण मात्र गरेन, आफ्नो औद्योगिक उत्पादनको विज्ञापन गर्ने साधनसमेत बनायो । त्यतिले नपुगेर आत्मनिर्भरताका सम्पूर्ण साधन-स्रोतविहीन बनाएर बाँच्नका लागि शरीर बेच्नुपर्ने बाध्यताको स्थितिसमेत उत्पन्न गरिदियो ।

त्यसैले भन्न सकिन्छ– महिला उत्पीडनको सुरुआत पुरुषको सामाजिक वर्चस्वसहितको निजी चेतनाबाट पैदा भएका पुरुषप्रधान संरचना परिवार, निजी सम्पत्ति र राज्यको उदयसँगै महिलाको स्वतन्त्रता हरण भएको थियो जुन मानवसभ्यताका हजारौँ वर्ष पार हुँदासम्म पनि विभिन्न रङ-रूपमा कायमै छन् ।

### ३. पुरुष मानवसभ्यता र महिला विद्रोह

'समाज पुरुषप्रधान छ । त्यसैले महिला उत्पीडनमा छन् । राज्यसत्ताको नेतृत्व अधिकांश पुरुषले गरेका छन् । त्यसैले महिला अधिकारविहीन छन् ।' यो विगतदेखिकै महिला र पुरुष विभेदका सन्दर्भमा सबैको मुखबाट निस्कने चलनचल्तीको भाषा हो तर यो २१ औँ शताब्दी हो । मानवजातिले हजारौँ वर्षदेखि आफ्नो सङ्घर्ष र विवेकका भरमा विविध उत्पादनप्रणाली र त्यसको व्यवस्थापनका लागि राज्यव्यवस्था र मानवसभ्यता निर्माण गर्दै आएको छ । मानवजीवन र समाजलाई उन्नत र विकसित बनाउन आविष्कार भएका विज्ञान र प्रविधिले भौतिक विकास मात्र गरेको छैन, बेला-बेलामा प्रकृतिलाई समेत चुनौती दिने गरेको छ । तर यति धेरै उन्नति र प्रगति गरेको मानवसभ्यतामा त्यही सभ्यताको अभिन्न अङ्ग रहेको एउटा सिङ्गो लैङ्गिक समुदाय (महिला) किन सधैँ आन्दोलित छ ? किन सधैँ शोषण, दमन, अन्याय र उत्पीडनको मात्र होइन, आफ्नो स्वत्वसहितको अधिकार र स्वतन्त्रताको माग गरिरहन्छ ? प्रकृतिलाई चुनौती दिने मानवसभ्यताले किन आफ्नो आधा अङ्गमाथि न्याय गर्न सक्दैन ? के यो सभ्यता भ्रम हो जसले बाहिर सुन्दरताको जलप देखाउँछ र भित्रभित्र मानवीय कुरूपताको भट्टी चलाउँछ ? यी यस्ता सयौँ प्रश्न छन् समाजमा । हरेक सरोकारवालाले यसको सही-सही जबाफ मागेका छन् जबाफदेही निकायसँग । सबैले बुझ्न जरुरी छ । यी ओठे जबाफ पाउन गरिएका प्रश्न मात्र होइनन्, यी त बहसका विषय हुन् र निष्कर्ष खोज्ने आन्दोलन हुन् ।

माथि नै उल्लेख गरिसकिएको छ- महिला उत्पीडन र विभेदको पृष्ठभूमि के हो भन्ने । माथिका प्रश्नको उठान गर्दा सबैले खोतल्नैपर्ने र बुझ्नैपर्ने समाज निर्माणका दुईवटा पाटा छन् : पहिलो, समाज निर्माणमा श्रमिक महिलाले निर्वाह गरेको भूमिका र योगदान, दोस्रो– श्रमिकको श्रमलाई निस्तेज गर्दै मालिक वा शासकलाई नायक बनाएर निर्माण गरिएको पुरुष मानवसभ्यताको भाष्य । मानवसभ्यताको सुरुआत नै श्रमिकको सीप र पसिनाबाट भएको हो । चाहे त्यो प्रत्यक्ष मानवीय भौतिक श्रमबाट निर्माण भएको मिश्रको पिरामिड होस् वा चीनको ग्रेटवाल । आधुनिककालमा निर्माण भएका कल्पनै गर्न नसकिने भौतिक र वैज्ञानिक संरचना बनाउने प्रविधिको निर्माण र आविष्कार पनि आधुनिक शिक्षित श्रमिकबाटै भएका छन् । महिला समुदाय सुरुदेखि नै श्रमिकको भूमिकामा भएकाले संसारमा जति पनि सभ्यता निर्माण भएका छन्; ती सबैमा उसको भौतिक मानवीय उपस्थिति मात्र छैन्, कला र कौशलको पनि भरपूर प्रयोग भएको छ । भौतिक सभ्यताको निर्माणमा पुरुषबराबर योगदान त छँदैछ, त्योभन्दा पनि बढी र पुरुषले गर्न नसक्ने मानवीय सभ्यता निर्माण (बच्चाले जन्मदेखि नै पाउने संस्कार) र व्यवस्थापन कला (घरपरिवारको सूक्ष्म व्यवस्थापन) अतुलनीय छ । यस्तो सीप, कला, क्षमता र योगदानले हरेक युगको मानवसभ्यता विकसित भएको छ । श्रमिक हुनुको नाताले घर, परिवार, समाज, देश र सिङ्गो संसारमा महिलाको भूमिका ज्यामी माहुरीसरह छ । आफू बाँच्दासम्म निःस्वार्थ भावका साथ, जसरी ज्यामी माहुरीले मह जम्मा गरेर भरणपोषण र घारको सुरक्षा गरेका हुन्छन् त्यसरी नै महिलाले पनि घरभित्र होइन, बाहिरका उत्पादन क्षेत्रमा समेत निःस्वार्थ योगदान दिइरहेका छन् तर विडम्बना, डाइनोरूपी (भालेरूपी) पितृसत्तात्मक शासन व्यवस्था र त्यसका संरचनाले समाज निर्माण वा सभ्यता निर्माणको यो सत्यमाथि सधैँ ढाकछोप गरी आफ्नै स्वार्थअनुकूलको भाष्य निर्माण र प्रचार गरी आममानिसमा भ्रमको खेती गरिरहेको छ ।

परम्पराकालदेखि नै संसारभरका जति पनि सभ्यताका विरासत छन्, ती सबैको एउटा भाष्य छ, यो कसले निर्माण गऱ्यो ? अमूक वीरले, राजाले, सम्राट्ले वा नेताले । उसको पुरुषार्थले आर्जन गरेको सभ्यता (वा राज्य, शासन व्यवस्था) हुनाले बाँकी जनमा शासन गर्ने अधिकार उसैलाई छ । यसरी उठाइएको नायकलाई यसरी स्थापित गरिन्छ, सालिकदेखि वाणीसम्म जनस्तरमा पुऱ्याएर पूजा गर्न लगाइन्छ । मानौँ, ऊ कुनै मानव होइन, विशेष देवता हो । राज्यशक्तिको भीमकाय संरचनासहित आएको यो भाष्यले श्रमिकजनको पसिना र योगदानको मूल्यलाई क्षणभरमै धुलीसात् बनाइदिन्छ । गोयबल्स शैलीमा प्रचार गरिने यस्ता कार्यले कालान्तरमा जनस्तरमा संस्कृतिकै रूप लिन पुग्छ । अरूले जति नै योगदान गरे पनि फलानो नायक (पुरुष) ले नै यो सब गरेको भन्ने छाप परेपछि महिलाले कसरी आफ्नो योगदानको स्वत्व लिन सक्थे र ? यसले त परम्परागत पूजासंस्कृतिलाई नै मलजल गर्ने भयो ।

भ्रमको यो संस्कृति जति मौलायो, शासकलाई शासन गर्न त्यति सजिलो हुन्छ । भ्रमले जहिले पनि सत्यको ढाकछोप गर्छ । सत्य उजागर भयो भने भ्रमको पर्दाफास हुन्छ । त्यसैले शासकले भ्रमको खेती गर्न नै धेरै लगानी गर्छन् । बाहिर सुशासनको नारा दिने आफ्नो सत्ताको आयु बढाउनका लागि, व्यवहारमा भने गरिबलाई रोजगारी दिनुभन्दा मन्दिरका लागि पैसा बाँड्छन् शासक । यही हो सामन्ती र पुँजीवादी सत्ताको पाखण्ड ।

समयक्रमले जब मानिसलाई सत्य र न्यायको खोजी गर्ने स्थितिमा पुऱ्याउँछ तब मान्छेले आफ्नो स्थिति पनि विश्लेषण गर्न थाल्छ । समाजमा सत्य, न्याय, स्वतन्त्रता र समानताको नारा लागेपछि जसले आफूलाई ती कुराबाट वञ्चित भएको महसुस गर्छ अनि उसले विद्रोह बोल्छ । महिलाले इतिहासका विभिन्न कालखण्डमा फरक-फरक तरिकाले विद्रोह गर्दै आएका छन् । ती सबै कुनै न कुनै रूपमा सत्य, न्याय र स्वतन्त्रताको खोजीमा भएका छन् । पुरुषमानकमा निर्मित सामाजिक भाष्य र त्यसलाई बल पुऱ्याउने राज्यसत्ता भएपछि उत्पीडित महिलाले त टाउको उठाउनै पाउँदैनन् भन्ने मान्यताबाट निर्देशित शासकले लोकको लाज मेट्नलाई कहिलेकहीँ महिलालाई शासनसत्ताको सिंहासनमा पुऱ्याउँछन्, आफ्नो परम्परागत स्वार्थको मूल्यलाई स्वीकार गर्न लगाएर । सत्तामा पुगेकी महिलाले थोरै पनि परिवर्तन ल्याउने चेष्टा गरी भने उसलाई तुरुन्त गलहत्याइन्छ किनकि सत्ताको रिमोट पुरुषकै हातमा हुन्छ ।

पुरुषमानक सभ्यताले कहिल्यै पनि महिलाको भूमिका र स्वत्वलाई बराबरीमा स्वीकार गर्न नसक्नु नै महिला र पुरुषबीचको विभेदको मूल कारण हो । यो सामाजिक मानकलाई राज्यसत्ताले झनै मलजल गर्दै आएको छ । त्यसैले त्यो शासकीय बनेको छ । त्यो प्रवृत्ति र चेतनाले जुन नीति, नियम र संस्कार भुइँ तहसम्म निर्माण गरेको छ यसले महिलालाई सधैँ कमजोर र दोस्रो दर्जाकै देख्छ । उसको भाष्यले सामाजिक जीवनका हरक्षेत्रमा व्यक्त-अव्यक्त रूपमा भनिरहेको हुन्छ- तँ हाम्रो प्रभुत्व स्वीकार गर् र हामीले भनेजस्तै गर्, होइन भने दण्डको भागीदार बन् । आज समाजमा महिला हिंसाका जेजस्ता घटना हुने गरेका छन्, ती कुनै न कुनै रूपमा यही भाष्यद्वारा निर्देशित छन् । शासकदेखि भुइँ तहसम्मका पुरुषको अभिव्यक्ति र क्रियाकलाप हेर्दा यो सजिलै देख्न सकिन्छ ।

एउटा पुरुषले यो अनैतिक र आपराधिक कार्य हो भन्ने जान्दाजान्दै कुनै महिलालाई जबर्जस्ती बलात्कार गर्छ र पोल खुल्ने डरले हत्यासमेत गरिदिन्छ । त्यो उसको तुष्टि मेट्ने चाहना त हुँदै हो तर त्योभन्दा जनावर उसको पुरुष अहम् र बहादुरीको मनोविज्ञान हो । समाजले यतातिर कहिल्यै ध्यान पुऱ्याउन सके

... बाँकी पृष्ठ ४ मा

# जनता प्रतिरोधमार्फत सत्ताको विकल्प खोजिरहेका छन्



**सन्तोष बुढामगर**
सचिवालय सदस्य, नेकपा
तथा
प्रमुख, केन्द्रीय जनपरिषद् नेपाल

» ***कमरेड, रातो खबर तपाईंलाई हार्दिक स्वागत गर्दछ ।***

धन्यवाद ।

» ***मुलुकको समसामयिक परिस्थितिको अध्ययन–विश्लेषण कसरी गरिरहनुभएको छ ?***

सबैलाई थाहा छ मुलुक गम्भीर सङ्कटतिर गइरहेको छ । देशी र विदेशी लुटेराहरूको सिकार भइरहेको छ । पुँजीवादी र दलाल पुँजीपति वर्गले मनपरी महँगी बढाएर लुटेका छन् । सरकारी पक्ष कोरोनाको निहुँमा लुट्दैछ, छिमेकी र विदेशी शक्तिकेन्द्रहरू सीमा अतिक्रमण र आन्तरिक हस्तक्षेप गरेर । सरकार, प्रतिपक्ष र साम्राज्यवाद मिलेर एमसीसीका नाममा राष्ट्रिय स्वाधीनता नै धरापमा पार्दैछन् । यी सबैको केन्द्रमा लुट, भ्रष्टाचार, कमिसन र मुनाफा छ । हाम्रो पार्टीले यसप्रति जनतालाई निरन्तर सचेत बनाउँदै आएको छ । यसबापत हामीले प्रतिबन्ध पाएका छौँ । सरकार कोरोनाको नाममा जनताको शिकार र आतंककारीको नाममा क्रान्तिकारीहरूको सिकार गरिरहेको छ । सरकारी र प्रमुख प्रतिपक्षी दलहरू पद, कुर्सी र स्वार्थका लागि आपसमा लडेर जात्रा गरिरहेका छन् । जनघात, राष्ट्रघात, महँगी, भ्रष्टाचार, कालो बजार, घूस, काण्डैकाण्डले देश थिलथिलो भएको छ । संसद्वादी दलहरू दलालीको होडमा छन् । यही मौका छोपेर छिमेकी मुलुक भारत लिम्पियाधुरा, लिपुलेकको सिकार गरिरहेको छ । अमेरिका एमसीसीको बुलेटमार्फत चीन र नेपाली जनताको सिकार गर्दैछ । यी सबैको एकीकृत प्रतिरोध हाम्रो पार्टीले गर्दै आएको छ । जनता सत्ताको विकल्प खोजिरहेका छन् । विरोध, दमन र प्रतिरोध परिस्थितिको बाध्यता बनेको छ ।

समग्रमा देश सङ्कटको भुमरीमा छ । देशले विकल्प खोजेको छ । नयाँ प्रणाली, नयाँ विचार, नयाँ नेतृत्व खोजेको छ । संसदीय व्यवस्था, दलाल पुँजीवाद, असफल नेताहरूबाट कुनै आशा गर्ने ठाउँ छैन । त्यसैले परिस्थिति क्रान्तिको अनुकूलतातिर गइरहेको छ । क्रान्तिकारी शक्तिहरू एक हुने स्थिति बन्दैछ । सायद सङ्क्षिप्तमा यही नै आजको देशको परिस्थितिको सार हो ।

» ***पार्टीको सातौँ पुनर्गठन दिवस मुखैमा आएको छ । के छ पार्टीको तयारी ? कुनै विशेष कार्यक्रमका साथ मनाउँदै हुनुहुन्छ कि ?***

धन्यवाद छ सम्झाइदिनुभएकोमा । सर्वप्रथमतः हामीले महासचिव कमरेड विप्लवको नेतृत्वमा पार्टीलाई आत्मसमर्पणवादी दलाल नेताहरूको नवसंशोधनवाद र अकर्मण्यतावादी दलदलबाट उद्धार गरी नेकपाको पुनर्गठन गरेको पनि छैटौँ वर्ष पूरा गरी सातौँ वर्षमा प्रवेश गरेको छ । यो सुखद अवसरमा सम्पूर्ण पार्टीपङ्क्तिका नेता-कार्यकर्ता र हामीलाई यहाँसम्म आउन पाइला-पाइलाका कठिन परिस्थितिहरूमा पनि साथ-सहयोग दिने जनता, बुद्धिजीवी, वकिल, पत्रकार, मानवअधिकारकर्मी, कर्मचारी, विभिन्न व्यवसायीहरू, राजनीतिक दलका सहयोगी तथा सहकर्मी मित्रहरू, सुरक्षाकर्मीभित्रका पनि सहयोगी मित्रहरू, देशी-विदेशी सहयोगी मित्रहरू सबैलाई धन्यवादका साथै उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना दिन चाहान्छु । साथै रातो खबर परिवारलाई पनि ।

दोस्रो, यो अवसरमा हाम्रो त्यस्तो विशेष कार्यक्रम त केही पनि छैन । यो कोरोनाका कारण पनि सम्भव रहेन तर प्रचारात्मक खालका ससाना सांस्कृतिक कार्यक्रमहरू, भित्तेलेखन, तुल-ब्यानर, पर्चा-पोस्टरिङ, घरदैलो, भेटघाट, शुभकामना आदानप्रदान, ससाना चियापान, कोणसभा, सरसफाइ, समीक्षालगायत नियमित कार्यक्रमहरू छन् । देशविदेशमा कार्यरत हाम्रो पार्टीका कार्यकर्ता, समर्थक, शुभचिन्तक सबैले आआफ्नो सापेक्षतामा मनाउने कार्यक्रम छ ।

» ***नेकपामाथि केपी वली–पुष्पकमल दाहाल सरकारले प्रतिबन्ध घोषणा गरेको पनि दुई वर्ष हुन लाग्यो । यो समय कसरी बिताइरहनुभएको छ ?***

प्रतिबन्धको सन्दर्भमा सुरुका दिनहरूमा नयाँ कार्यकर्तामा थोरै असहज महसुस भयो । त्यो बिस्तारै पच्यो । जनयुद्धकालीन कार्यकर्ताहरूलाई खासै प्रभाव परेन । बिस्तारै यो हाम्रो राजनीतिक दैनिकी बन्यो । अहिले त सबै सहज बनेको छ । यसले नयाँलाई पनि पाको बनायो । भूमिगत कार्यशैली सिक्ने एउयटा कोर्स नै पूरा भयो । धेरैले यो कोर्स पास गरे । केही फेल भएर आत्मसमर्पण गरे । अहिले ती साथीहरू पनि पछुताइरहेका छन् र फेरि आत्मालोचित हुँदै फर्किरहेका छन् । यो क्रान्तिको प्रक्रिया हो ।

प्रतिबन्धको विरोधमा धेरै मित्रहरूको सहयोगप्रति हाम्रो पार्टी धन्यवाद दिन चाहन्छ । एकीकृत जनक्रान्ति हामी प्रतिबन्ध खेप्नेको मात्र होइन, यो सम्पूर्ण स्वाभिमानी नेपाली जनताको हो । हामीले त यसको अगुवाइ गरेको मात्र हो । असजिलो र जटिल परिस्थितिमा कोही बोल्न र अगाडि आउन सक्दैनन् । त्यो बेला छाती खोलेर यसको नेतृत्व लिएको मात्र हो तर क्रान्ति हामी सबैको हो, गर्ने सबैले हो । यसमा जजसले जहाँजहाँबाट भूमिका निर्वाह गर्नुभएको छ, ती सबै मित्रहरूलाई हाम्रो पार्टी र सत्ता (केन्द्रीय जनपरिषद् नेपाल) धन्यवाद दिन चाहन्छ ।

प्रतिबन्धले हामीलाई यो देशको विकल्प शक्तिका रूपमा उभ्याइदियो । देश-विदेशमा चिनाइदियो । जनताको माया पाएका छौँ । त्यो सरकारी नेकपा, नेकपा होइन, साम्राज्यवादको दलाल हो भन्ने पुष्टि गऱ्यो । हामीलाई हान्न टाउकोमा उचालेको ढुर्गा आफ्नै घुँडामा बजारेका छन् ।

जहाँसम्म समय बिताउने कुरा छ- हामी समय मात्र बिताइरहेका छैनौँ, बरु हामी हाम्रो पार्टीको दैनिक कामका साथै पार्टीका अन्य राजनीतिक, वैचारिक, साङ्गठनिक तथा कोरोनाको समयमा सामाजिक काममा समेत सहभागी बनिरहेका छौँ । हामी आआफ्नो क्षेत्र र जिम्मामा कहिले शारीरिक, कहिले मानसिक र वैचारिक, कहिले साङ्गठनिक कामहरूमा व्यस्त रहँदा समय बितेको पनि पत्तै भएन । कति चाँडै २ वर्ष बितेछन् यो प्रतिबन्धपछिका । कहिलेकहीँ त व्यस्तताले दिन र बार पनि बिर्सिन्छ ।

» ***एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीमाथि अर्को कम्युनिस्ट नाउँको पार्टीले चलाएको सरकारले प्रतिबन्ध लगाउनुको तात्पर्य र यसले सिङ्गो कम्युनिस्ट आन्दोलनमा पारेको प्रभावका बारेमा केही बताइदिनुस् न ! संसारमा यस्ता उदाहरण अन्यत्र पनि छन् कि ?***

प्रतिबन्ध नौलो घटना होइन । यो दस वर्षको माओवादी जनयुद्धमा आमजनताले बेहोरेको ताजा घटना हो तर कम्युनिस्ट सरकारले अर्को कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध गरेको घटना भने नेपाली जनताका लागि पहिलो र नयाँ हो तर विश्व-इतिहासमा भने यो नयाँ होइन । आजको २१ औँ शताब्दीको नेपालको स्तरमा नभए पनि छिमेकी देश भारतको पश्चिमबङ्गाल राज्यमा त्यहाँका कम्युनिस्टको राज्य सरकार र भाकपा माओवादी, रुसमा केरेन्स्कीको सरकारमा सहभागी मेन्सेभिकले बोल्सेबिक पार्टीमाथि गरेको प्रतिबन्ध र दमन, फ्रान्समा मिलेराँले र जर्मनमा सिद्देमानले त्यहाँका कम्युनिस्टहरूमाथि गरेका दमनहरू यसका उदाहरण हुन् ।

कम्युनिस्टले कम्युनिस्टमाथि किन प्रतिबन्ध लगाउँछन् भन्ने प्रश्न भने महत्वपूर्ण छ । जब सत्तामा बसेका शासकहरू आफ्नो पद र सत्ता गुम्न लागेको महसुस गर्छन् र आफूलाई असुरक्षित ठान्छन् तब उनीहरूले यस्ता हर्कत गर्न पुग्छन् । साम्राज्यवादी शासकहरूले आफ्नो अन्यायपूर्ण सत्ताका विरुद्ध न्यायपूर्ण आवाज र जनताले विद्रोह दबाउन उनीहरू एउटा 'मन्त्र' आविष्कार गरे– 'आतङ्कवादी वा आतङ्कारी ।' विरोधीहरूलाई 'आतङ्कवादी वा आतङ्ककारी' भनेर प्रतिबन्ध लगाउने, दमन गर्ने, यो उनीहरूको सूत्र हो । प्रतिक्रियावादी सत्तामा गएपछि कम्युनिस्ट भन्नेहरू पनि यो सूत्र प्रयोग गरिरहेका छन् । यसले उनीहरू कम्युनिस्ट नभएको पुष्टि गर्छ । दोस्रो, यिनीहरू गम्भीर सङ्कटमा छन् र कमजोर अवस्थामा छन् भन्ने जनाउँछ किनकि प्रतिबन्ध सत्ताको अन्तिम हतियार हो । यो कि त सत्तासङ्कटमा परेको बेला कि त अत्यन्त कमजोर अवस्थामा लगाउँछ । प्रभावको हिसाबले तत्कालिक हिसाबले सकारात्मक र दीर्घकालिक हिसाबले नकारात्मक परेको छ ।

» ***केपी वली सरकारले पनि केही समयअघि संविधान दिवस मनाएको थियो । तपाईंहरूले त सरकारी संविधान जारी हुनुभन्दा एक दिनअघि नै रत्नपार्कबाट जनसंविधान घोषणा गर्नुभएको हो । कुन संविधानको असर कस्तो परिरहेको छ मुलुकमा ?***

यो देशमा दुई सत्ता, दुई सरकार, दुई संविधान छन् । यहाँ केपी सरकार मात्र छैन, हामी पनि छौँ । संविधान देश चलाउने कानुन हो । उनीहरूको संविधान र कानुनलाई त आफैँले धोती लाइसके । अब त्यो संविधान र कानुनको कामै छैन । त्यो संविधान विदेशी शक्तिकेन्द्रहरूबाट निर्देशित प्रतिक्रियावादी संविधान हो । जनताले बनाएको संविधान होइन । यसलाई पनि धोती लगाइदिएपछि अब के बाँकी रह्यो र ? पार्टीको नीति, निर्णय र निर्देशन नमान्नेले संविधान के मान्थे ? आफ्नै संविधान र नियमकानुनको आफैँले धज्जी उडाएका छन् ।

रह्यो हाम्रो संविधानको कुरो, हामीले उनीहरूले संविधान घोषणा गरेको अघिल्लो दिन जनसत्ताको सामान्य खाका र भाबी जनताको संविधानको झलक साङ्केतिक रूपमा सार्वजनिक गरेका थियौँ । यो हाम्रो संविधान भोलिको जनसंविधानको आँखीझ्याल मात्र हो । यसलाई भोलि समृद्ध गर्नेछौँ । यी दुई संविधानहरूबीच तुलना हुँदैन । चरित्रको हिसाबले उनीहरूको संविधान दलाल पुँजीवादी संविधान हो । यो सरासर साम्राज्यवादमा पुग्छ, समाजवादमा होइन । यसले जनताको शोषणउत्पीडन कायम राख्छ । हामीले प्रस्तुत गरेको संविधानको सानो खाकाको गन्तव्य वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्नु हो । यो दलाल पुँजीवादी संविधानको विकल्प हो । यी दुईको दिशा स्वर्ग जाने र नर्क जाने बाटोजत्तिकै फरक छन् ।

» ***तपाईंकै नेतृत्वमा केन्द्रीय जनपरिषद् घोषणा भएको पनि धेरै समय भइसकेको छ । तपाईंहरूको सत्ताको वास्तविक अवस्था र क्रियाशीलताचाहिँ कस्तो छ नि ?***

हो, म अहिले पनि पार्टीले दिएको र जिम्मामा छु । हामीलाई उनीहरूले प्रतिबन्ध लगाएका छन् । हामीले पनि उनीहरूलाई प्रतिबन्ध लगाएका छौँ । हामीलाई मुद्दा छ भने उनीहरूलाई पनि हाम्रो अदालतमा मुद्दा छ । गम्भीर राष्ट्रघातका मुद्दा । अगाडि पनि भनेँ देशमा दुई सत्ता छन् । यहाँ सरकारका नाममा मनपरी गर्ने छूट केपी र पीकेलाई छैन । हाम्रो सत्तामा उनीहरूलाई पनि प्रतिबन्ध र गम्भीर मुद्दा छन् । मुल्तबीमा छन् मुद्दाहरू । हेक्का गरिराखे हुन्छ । पक्ष-प्रतिपक्ष सबै संसद्वादी राजनीतिक दलहरू पक्ष नै हुन् । यी यो सत्ताका पाले हुन्, संरक्षक शक्तिकेन्द्रहरू । हामी यो संसदीय प्रणालीकै विरोधी हौँ । यसैलाई पूर्ण अन्त्य गर्नुपर्छ र वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्छ भन्ने हाम्रो लक्ष्य छ । त्यसैले हामी अर्को सत्ता हो ।

हाम्रो सत्ताका संरचनाहरू केन्द्रदेखि स्थानीय तहसम्म छन् । आआफ्ना ठाउँमा क्रियाशील छन् । पार्टीको निर्देशनमा केन्द्रीय जनपरिषद्का नीति-निर्देशनहरू पालन गर्ने र त्यसअनुसार परिचालित र सक्रिय छन् । समुद्रमा पनि पानीभित्र ज्वारभाटा र लहरहरू निरन्तर चलिरहेका हुन्छन् । हाम्रो सत्ता त्यसैको रूपमा छ । हामी दाबाका साथ भन्छौँ- यो सरकारभन्दा राम्रो सत्ता जनतालाई हामी दिन सक्छौँ । भलै अहिले खुला रूपमा छैनौँ । त्यो परिस्थिति पनि आउनेछ, एक दिन हामी खुला रूपमा जनताको सम्बोधन र नेतृत्व गर्नेछौँ ।

» ***नेपालको राष्ट्रियता विरुद्ध बोल्ने भारतीय स्थल सेनाध्यक्ष मनोजमुकुन्द नरवणेलाई नेपालमा बोलाएर मानार्थ सेनापतिको सम्मान गरिएको छ । उता नक्सामा राखिएको नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत भूमि नेपालका हुन सकेका छैनन् । सरकार अमेरिकी परियोजना एमसीसी पारित गरेरै छोड्ने अडानमा देखिन्छ । यी घटनाहरूले के सङ्केत गर्छन् ? के नेपालको राष्ट्रियता धरापमा पर्दै र राष्ट्रियताको आन्दोलन कमजोर बन्दै गएको हो ?***

यी घटनाक्रमहरूबारे नेपाली जनता अनभिज्ञ छैनन् । यी घटनाक्रमहरूले के मात्र पुष्टि गर्दछन् भने नेपालको सरकार कठपुतली सरकार हो र सत्ता दलाल पुँजीवादीहरूको हातमा छ । दलालहरू मालिकका अगाडि रुझेको बिरालाजस्ता बन्छन् । त्यही देखे सबैले । दलालहरूको काम भनेकै देशको साधन-स्रोत, नदी-नाला, युवकयुवती बेच्ने हो, कमिसन खाने हो, भ्रष्टाचार गर्ने हो । अमेरिका र भारत निरन्तर हस्तक्षेपको प्रक्रियामा छन् । भारत सीमा मिच्दैछ, अमेरिका एमसीसीमार्फत नेपालभित्रै पसेर मोर्चा कस्दैछ । सरकार यसलाई महान् उपलब्धि भन्छ । यसले अब नेपाल विदेशीहरूको हातमा जाँदैछ भन्ने स्पष्ट सङ्केत गर्दछ ।

जहाँसम्म राष्ट्रियताको आन्दोलनको प्रश्न छ यो पनि अब एकीकृत जनक्रान्तिको एक अङ्ग बनेर आएको छ । आजको दुनियाँमा छुट्टै राष्ट्रिय मुक्ति आन्दोलन भन्ने छैन र हुन सक्दैन । राष्ट्रिय मुक्ति आन्दोलन पनि क्रान्तिकै एक अङ्ग भइसक्यो । यसलाई परम्परागत ढङ्गले छुट्टै, अलग्गै खोज्नुभयो भने पाउनुहुन्न । यसले रूप बदलिसकेको छ ।

» ***मुलुकमा दिनदिनै हत्या, बलात्कार, कमिसन, भ्रष्टाचार बढेको बढ्यै छ । सरकारी पार्टीभित्रको किचलो पनि नयाँनयाँ स्वरूपमा बढिरहेको देखिन्छ । तपाईंहरूको उपस्थितिचाहिँ त्यति प्रभावकारी भएन भन्ने गुनासो पनि सुन्नुभएको छ कि ?***

ठीकै हो । कुन मानेमा ठीक हो भने जबसम्म यो सत्ता रहिरहन्छ, हत्या-हिंसा, बलात्कार, कमिसन, भ्रष्टाचार, बेरोजगार, महँगी घट्ने होइन, अझ बढेर जान्छ । हामीले भ्रष्टाचारी, कमिसनखोर, सूदखोर, बलात्कारीहरूलाई कारबाही गर भनेका छौँ तर सरकारले गर्दैन किनकि आफैँ त्यो काम गरिरहेको छ । कारबाही हजारौँको सङ्ख्यामा भएका छन् । उनीहरूले हामी हजारौँलाई झूट्टा मुद्दा लगाएका छन् । सचिवालय सदस्य क. सुदर्शनलगायत सयौँ हाम्रा साथीहरू दुई/तीन वर्षदेखि जेलमा छन् । अझै हामीले भ्रष्टाचारीलाई कारबाही गर्न छाड्दैनौँ तर जति गरे पनि यो प्रणाली र सत्ता रहँदासम्म यो रोकिँदैन, झन् बढेर जान्छ । त्यसैले यसको स्थायी निदान गर्ने भनेको प्रणाली नै फेर्नु हो । हामी भनेको भन्यै छौँ, भनिरहनेछौँ– वैज्ञानिक समाजवाद यसको एक मात्र विकल्प हो र यसका लागि ज्यान हत्केलामा राखेर प्रतिबन्ध खेपिरहेका छौँ, खेप्न तयार छौँ । अब भन्नुस्, हाम्रो उपस्थिति कसरी कमजोर भयो ? अहिलेसम्म जेजति राजनीतिक गतिविधिहरू भइरहेका छन् ती हाम्रै कारण भइरहेका छन् । अरू त सब गफ, भत्ता, कमिसन, भ्रष्टाचारमा मस्त छन् । बस्, यति त हो तिनको हर्कत, अरू के गरेका छन् र तिनले ? नमिलेको बेला घम्साघम्सी, मिलेको बेला कालेकाले मिलेर खाऊँ भाले । भ्रष्टाचार र कमिसनमा तैँ चुप मै चुप । एमसीसी र काण्डैकाण्डका घटनाहरू यसैका उदाहरण हुन् ।

» ***सर्वसाधारण जनता महँगी, अभाव, भ्रष्टाचार, तस्करी, कोरोना भाइरसको कहरका कारण दैनिकी चलाउनै मुस्किल अवस्थामा छन् । सरकारले कोरोना सङ्क्रमणका बिरामीलाई उपचार नगराउने निर्णय गरेको छ तर सरकारमा बसेका मान्छेहरूले स्वास्थ्य सामग्रीमा समेत भ्रष्टाचार गरेका समाचार आएका छन् । आमजनसमुदायले ठूल्ठूला भ्रष्टाचारी र तस्करहरूलाई विप्लव नेतृत्वको नेकपाले कारबाही गरिदिए हुन्थ्यो भनेको सुनिन्छ नि ?***

हामीले क्रान्तिका लागि गर्ने हाम्रो कर्म गरिरहेकै छौँ । जनताका लागि, देशका लागि हामीले ज्यानको बाजी थापेकै छौँ । अन्याय, अत्याचारका विरुद्ध, कोरोना भ्रष्टाचारका विरुद्ध, तमाम सामाजिक विकृति-विसङ्गतिका विरुद्ध, जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको ग्यारेन्टी गर्न, रोग, भोक र सामाजिक अशान्तिका विरुद्ध, राष्ट्रघात, जनघात, राष्ट्रिय स्वाधीनतामाथिको हस्तक्षेप, विभिन्न रूपमा गरिने आन्तरिक हस्तक्षेपका विरुद्ध हामीले गर्ने कार्य गरिरहेकै छौँ । अझै जनता र देशका लागि छातीमा गोली थाप्न हामी तयारै छौँ बरु आउनुस्, सबै मोर्चा कसौँ । राष्ट्रिय मुक्ति, जनमुक्ति दुईचारजनाको प्रयासले मात्र हुने कुरा पनि होइन । कुनै एकदुई पार्टीविशेषले मात्र हुने कुरा पनि होइन, सबै मिले, सबै उठे के हुँदैन ? जे पनि गर्न सकिन्छ । जतिसुकै ठूला कारबाही पनि गर्न सकिन्छ, गर्छौं तर यी सबै अस्थायी कुरा मात्र हुन् यो सत्ता रहँदासम्म । अबको सबैको प्रयास यो सत्ता बदल्नेतिर हुनुपर्छ, नत्र कारबाही मात्र गर्ने कुरा त रूखका हाँगाबिँगा छाँस्ने कुरा मात्र हो । रूखै भ्रष्टाचारको छ भने हाँगा काटेर हुँदैन, जरैबाट उखेलेर फाल्नुपर्छ ।

» ***केपी वली–पुष्पकमल दाहाल सरकार विद्रोहीहरूप्रति झन्झन् असहिष्णु र आक्रामक बन्दै गएको देखिन्छ ! सरकारी दमन सहेरै बस्नुहुन्छ कि अन्य उपायहरू पनि खोज्दै हुनुहुन्छ ?***

फौजी नियममा आक्रमण रक्षाका लागि गरिन्छ । उनीहरू या त आक्रमणको सिकार भइरहेका छन् र त्यसको प्रतिरक्षाका लागि आक्रामक बन्दैछन् कि त उनीहरूमाथि ठूलो आक्रमण हुँदैछ र त्यसबाट बच्न उनीहरू आक्रामक बन्दैछन् । हामीलाई के लाग्छ भने यी सबै उनीहरूको आगामी चुनावको तयारी मात्र हो । अर्को कुरा के पनि भन्ने गरिन्छ भने प्रतिक्रियावादीहरू आफ्नो आन्तरिक किचलो हल गर्न पनि बाहिर आक्रामक हुन्छन् । यसले उनीहरू भित्रभित्रै कति सङ्कटमा छन् भन्ने देखाउँछ । हामी आत्तिएका पनि छैनौँ र मात्तिएका पनि छैनौँ । हामी त क्रान्तिमा छौँ । असहिष्णु बनून्-नबनून्, यो उनीहरूको कुरा हो । आक्रामक बनून्-नबनून् यो पनि उनीहरूकै कुरा हो तर हामीलाई आत्तिनुपर्ने र हतासिनुपर्ने केही छैन । कमरेड माओले भन्नुभएको छ– 'तिमी तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले लड्छौँ ।' हाम्रो पनि यही हो । यतिचाहिँ भन्न सकिन्छ– तपाईंले भन्नुभएझैँ उनीहरू असहिष्णु बनेकै हुन् भने त्यो उनीहरूको हतास र आत्तिएको मनोवृत्ति हो । यसले उनीहरू कति कमजोर, कायर छन् र कति आपराधिक मनस्थितिमा छन् भन्ने भन्दा अरू झलक दिँदैन ।

» ***उत्पीडित वर्गमाथि दमन नेपालदेखि भारत, अमेरिका हुँदै संसारभर बढिरहेको देखिन्छ । अमेरिकी राष्ट्रपती निर्वाचनमा जो बाइडेन चुनिएका छन् । यस्तो अवस्थामा साम्राज्यवाद, उसका पछुवाहरू र क्रान्तिकारीहरूको भविष्यका बारेमा केही आँकलन गर्न सकिने अवस्था छ कि ?***

हुनत 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' ट्रम्प आओस् कि जो बाइडेन आओस्, क्रान्तिकारीहरूलाई खासै फरक पार्दैन । नेपालमा काङ्ग्रेस आओस् कि एमाले, के फरक पर्छ जनताका लागि ? रिपब्लिकन होस् कि डेमोक्रेटिक, यिनको चरित्र कट्टरपन्थी र नरमपन्थीमा अन्तर मात्र न हो । जनतालाई झुक्याउन पुँजीवादले जसले जिते पनि आफ्नै प्रतिनिधि नै आओस् भन्नका लागि संसारभरि एक वर्ग दुई पार्टी सिस्टममा संसदीय प्रणाली बनाएका छन् । कुकुर रातो होस् कि कालो होस्, त्यसको काम मालिकभक्ति गर्ने, भुक्ने र टोक्ने हो । 'कालो होस् कि सेतो बिरालोको काम मुसा मार्ने हो ।' प्रचण्ड होस् कि केपी, एमाले (हालको सरकारी नेकपा) होस् कि काङ्ग्रेस, बाइडेन होस् कि ट्रम्प सबै एउटै ड्याङका मूला हुन् । यति फरक हो- एउटाले घुमाएर भन्छ, अर्कोले सीधै भन्छ । एउटाले आफैँ हान्छ, अर्कोले घुमाएर अर्कोलाई हान्न लगाउँछ, फरक यति हो । अमेरिकामा डेमोक्रेटिक आउँदा पनि, रिपब्लिकन आउँदा पनि त्यहाँको कम्युनिस्ट पार्टी आरसीपी भूमिगत नै छ । खुला गतिविधि गर्न दिइँदैन । माओले त भन्ने गरेका छन्– वास्तविक बाघभन्दा भेडाको छाला ओडेर आएको ब्वाँसो दस गुणा खतर्नाक हुन्छ । क्रान्तिकारीहरू अर्थात् कम्युनिस्टहरू व्यक्ति वा कुनै संस्थाविशेषका विरुद्ध होइन वर्गसत्ता र वर्गका विरुद्ध लड्छन् । तपाईंले भन्नुभएजस्तै नेपाल, भारत, अमेरिका जुनसुकै देशमा पनि चाहे त्यो कम्युनिस्ट सरकारका नाममा होस् वा कम्युनिस्टविरोधी सरकार होस्, सबैले जनतामाथि दमन र उत्पीडन गरिरहेकै छन् । यो त्यसैको उदाहरण हो ।

» ***केपी वली सरकारले नेकपाका नेता–कार्यकर्तालाई दिनदिनै घर खानतलासी गर्दै गिरफ्तार गरिरहेको छ । कयौँलाई त बर्सौंदेखि बन्दी नै बनाइरहेको छ । प्रायजसोलाई झूट्टा मुद्दा लगाएर थुन्ने र देशभर घुमाउने काम गरिरहेको छ । यी परिघटनाहरूले के सङ्केत गर्छन् ?***

यसले सत्ताको आयु छोट्याइरहेको सङ्केत गर्दछ । उसको कथित कम्युनिस्ट आवरण र सरकारमा कसी लगाइरहेको छ र जनताको बीचमा नङ्ग्याइरहेको छ । खानतलासी, धरपकड, गिरफ्तारी, झूट्टा मुद्दा, थुनछेक, अदालतको समेत मानहानि आदि कार्यले नेता-कार्यकर्तामा मात्र होइन, आमजनतामा विद्रोहको भाव पैदा गरिरहेको छ । यसले आफ्नै सत्ता अदालतको धोती फुस्काइरहेको छ । यी सबै हर्कतले उसले आफ्नै आयु छोट्याइरहेको छ ।

» ***विभिन्न घटनाक्रमहरूले यो सरकार कम्युनिस्ट पार्टीको होइन रहेछ भन्ने देखाएको तपाईंहरूको संश्लेषण देखिन्छ । भर्खरै २१ दलबीच सहकार्य गरेर आन्दोलनमा गएको देखिन्छ । यस्तो बेलामा संसद्वादी सत्ताका विरुद्ध वैज्ञानिक समाजवादका पक्षधरहरूबीच कार्यगत एकता, संयुक्त मोर्चा र पार्टीएकताकै सम्भावनाहरू रहँदैनन् ? के छ बाधाव्यवधान ? कि कुनै प्रगति भइरहेको छ यसमा ?***

हो, यिनीहरू कम्युनिस्ट भएको भए र यो सरकार कम्युनिस्टको भएको भए कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउने थिएनन् । अझ हिजो दस वर्षको जनयुद्धमा आफू मरेर बचाएको गुन प्रतिबन्ध लगाएर, थुनेर, दर्जनौँ झूट्टा मुद्दामा फसाएर, इन्काउन्टरको योजना बनाएर, आफैँले सिकाएका कार्यकर्तालाई मारेर सत्तामा पुग्ने पनि कसरी कम्युनिस्ट हुन्छन् ? यी त घोर अपराधी हुन् । त्यसैले हामीले देश र जनताका पक्षमा, हिजो जनतालाई दिएका आश्वासनहरू कमसेकम प्रचण्ड-बाबुरामहरूले धोका दिए पनि हामी छौँ भनेर जनतालाई फेरि विश्वास दिलाएका छौँ र अब वैज्ञानिक समाजवादका लागि एकपटक साथ र समर्थन मागेका छौँ । प्रचण्डले बीचमै अलपत्र छाडेको क्रान्ति हामीले पूरा गर्छौं भनेका छौँ । यसका लागि अब एकीकृत जनक्रान्तिको कार्यदिशाबाट वैज्ञानिक समाजवादमा पुग्न सकिने मार्ग तय गरेका छौँ । यस प्रक्रियामा विचार मिल्ने कम्युनिस्ट पार्टीहरूसँगको हाम्रो निरन्तर छलफल, अन्तरक्रिया, बहस जारी छ । नेतृत्व तहमा पटकपटक छलफलहरू चलिरहेको छ । यसमा प्रगति पनि भइरहेको छ । पार्टीएकतालाई केन्द्रमा राखेर संयुक्त मोर्चा र कार्यगत एकताको माध्यमबाट अन्य क्रान्तिकारी समूहहरूसँग निरन्तर छलफलबाट हाम्रा बीचका सैद्धान्तिक र वैचारिक दूरी छोट्याउँदै जाने र तत्काल मिल्ने विषयहरूमा सबैसँग कार्यगत एकता र संयुक्त सङ्घर्षमा जान सकिने पार्टी निर्णय छ । त्यसअनुसार सबै तहमा सकारात्मक छलफलहरू भइरहेको छ ।

» ***नेकपाका महासचिव कमरेड विप्लवले वक्तव्य जारी गरी देशको कुशासन, भ्रष्टाचार, राष्ट्रघातलगायत सङ्कटले दलाल पुँजीवादी राज्यसत्ताको असफलता पुष्टि भइसकेकाले राज्यव्यवस्थाकै परिवर्तनका लागि सबै अग्रगामी, प्रगतिशील, जनवादी, देशभक्त, लोकतान्त्रिक शक्तिहरूलाई***

... बाँकी पृष्ठ ४ मा

# बाइबाई जग्गा दलाल डोनाल्ड ट्रम्प

अमेरिकी राष्ट्रपतीय निर्वाचनमा बहालवाला राष्ट्रपति रहेका जग्गा दलाल डोनाल्ड ट्रम्पको हार सुनिश्चितजस्तै भएको छ भने पूर्वराष्ट्रपतिसमेत रहेका डेमोक्र्याट उम्मेदवार जो बाइडेन जितनजिक देखिएका छन् । बहालवाला राष्ट्रपति ट्रम्पले पराजयको झड्का सहन नसकेर अदालतहरूमा धाँधलीको मुद्दा दायर गर्दै पुँजीवादमा निर्वाचनपद्धति कति धाँधली र अपराधपूर्ण हुन्छ भन्ने राम्रोसँग प्रमाणित गरिदिएका छन् । राष्ट्रपतिमा जो चुनिए पनि संसारका लागि भने विनास र दुष्परिणाम नै हातपर्नेमा दुईमत छैन ।

आफूलाई संसारकै सबैभन्दा उन्नत प्रजातन्त्रवादी भनाउँदै आएको अमेरिकामा चुनावी परिणामलाई लिएर ठूलो विवाद देखिँदै गएको छ । पैसा, पद र राज्यशक्तिको चरम दुरुपयोग हुने पुँजीवादी/साम्राज्यवादी निर्वाचनमा सत्तासीन जग्गा दलाल ट्रम्प पराजयनजिकै पुगेपछि निर्वाचनमा धाँधली भएको भन्दै मुद्दा हालेर जग हँसाइरहेका छन् । वास्तवमा यो ट्रम्पको मात्र नभएर पुँजीवादकै असली रूप हो । संसारभरकै पुँजीवादी मुलुकहरूमा यसप्रकारको भद्दा प्रहसन भइरहन्छ र दुनियाँले त्यसलाई ठूलो र सम्पन्न देशको राजनीतिका रूपमा हेर्नुपर्ने विवशता छ ।

अमेरिकामा बुधबार सम्पन्न राष्ट्रपतीय चुनावको मतगणना अन्तिम अवस्थामा पुगेको छ । राष्ट्रपतिको चुनाव जित्नका लागि आवश्यक पर्ने २७० इलेक्टोरल मतमध्ये बाइडेन ६ मतले मात्रै पछि रहँदा ट्रम्प भने मतगणना रोक्न माग गर्दै अदालत पुगेका छन् । पछिल्लो मत परिणामअनुसार राष्ट्रपतिका डेमोक्र्याटिक उम्मेदवार जो बाइडनले २६४ र रिपब्लिकन उम्मेदवार डोनल्ड ट्रम्पले २१४ मात्र इलेक्टोरल मत ल्याएको समाचार एजेन्सीहरूले जनाएका छन् । जितनजिक पुगेका बाइडनले आफू जित्नेमा ढुक्क रहेको र यो जित आफ्ना मतदाताको मात्र नभएर सबैको भएको दाबी पनि गरेका छन् । उनले भनेका छन्, 'हामीबाट कसैले पनि हाम्रो प्रजातन्त्र खोस्न सक्नेछैन ।' तर अमेरिकामा विद्यमान दुईदलीय तानाशाहीमा जुन पार्टीको उम्मेदवारले जिते पनि दुनियाँलाई दमन-शोषण गर्ने, युद्ध भड्काउने, हतियार व्यापार गर्ने र प्राकृतिक सम्पत्ति दोहन गर्ने नीति भने फरक पर्दैन ।

पराजयको मुखैमा पुगेका बहालवाला राष्ट्रपति ट्रम्पले मिसिगन, पेन्सिल्भेनिया र जर्जियामा हुलाकबाट भएका मतदानमा 'धाँधली' भएको भन्दै अदालतमा मुद्दा हालेका छन् । ट्रम्पले राष्ट्रपतीय निर्वाचनको मतगणना तत्काल स्थगित गर्न माग गर्दै अदालतमा मुद्दा दायर गरेका हुन् ट्रम्प जिताऊ अभियानका तर्फबाट मिसिगन राज्यको मतगणना स्थगित गर्न आदेश माग गर्दै मुद्दा दायर गरिएको छ । पेन्सिलभेनिया राज्यको मत गणना चलिरहँदा त्यहाँ पनि स्थगित गर्न माग गर्दै अदालत जाने तयारी भएको ट्रम्पको अभियानले जनाएको छ । कुनै निर्वाचन क्षेत्रमा पराजित बन्दै गएका भए बाइडेनले पनि यस्तै आरोप लगाउँदै मुद्दा हाल्नेमा सन्देह छैन ।

चुनाव परिणामअनुसार अघिल्लो निर्वाचनमा ट्रम्पले जितेका राज्यहरूमध्ये विसकन्सनमा बाइडेन विजयी भएका छन् । मिचिगन राज्यमा ९५ प्रतिशतभन्दा बढी गणना भइसक्दा बाइडेन एक प्रतिशत मतले अगाडि देखिएपछि ट्रम्पका तर्फबाट मतगणना स्थगित गर्न मुद्दा दायर भएको छ । उनले मतगणना पारदर्शी नभएको आरोप पनि लगाएका छन् ।

पराजित भइसकेको विसकन्सिनमा पनि ट्रम्पले मत गणनाको माग राखेका छन् । पेन्सिलभेनियामा ट्रम्पले नै अग्रता लिए पनि बाइडेनले ट्रम्पलाई भेट्टाउन लागेपछि ट्रम्पको चुनाव प्रचार समूह मतगणना रोक्न माग गर्दै अदालत जान लागेको हो । ट्रम्पको अभियानका जस्टिन क्लार्कले डेमोक्र्याटहरूले रिपब्लिकनहरूको मतमा अनियमितता गरेको दाबी गरे ।

कोरोना भाइरसको सङ्क्रमणले सबैभन्दा बढी थलिएको अमेरिकामा यसपटकको राष्ट्रपतीय चुनावी सरगर्मी पहिलेभन्दा घटेको विश्लेषकहरूको मत छ ।

## प्रतिरोध आन्दोलन ...

केपी-पीकेको लज्जास्पद झगडाको अन्तिम प्रहसन हेर्न मात्र श्रमजीवीहरू आतुर छन् ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'भ्रष्टाचारी कालोबजारी, महँगीको मारमा श्रमिकहरूलाई निचोरीनिचोरी खुनपसिना खान पल्केका संसद्वादी केपी प्रशासन र सत्ताधारी सुकिला कम्युनिस्ट नामका बचेराहरू गणतन्त्रका राजा दुई अध्यक्षबीचको लफडा मत्थर पार्नसक्ने अवस्थामा छैनन्, बरु आफ्नै धोतीको रक्षा गर्न पनि उनीहरूलाई हम्मेहम्मे छ किनभने यति ठूलो महामारीको बेला श्रमिकका विषयमा चुइँक्कसम्म नबोल्ने, मजदुरहरूको चुलो निभेको बेला रोजगारी गुमाई सडकमा दर्दनाक अवस्थामा बिलौना गरिरहेको मजदुरको समस्यालाई सम्बोधन गर्नुभन्दा पनि घाउमाथि नुनचुक खन्याई दसैं र तिहारको मोटो भत्ता रकम लिन तम्सिने नालायकहरू श्रमचोर सामाजिक दलाल पुँजीबादका गोठालाहरू हुन् ।'

विज्ञप्तिमा भनिएको छ, 'हालै कोरोना महामारीबाट पीडित मजदुरहरूलाई मृत्युको मुखमा पुग्दासम्म पनि पीसीआर टेस्ट हुन नसक्नु, सरकारी अस्पतालले शुल्क लिने निर्णय गर्नु, निजी स्वास्थ्य क्षेत्रमा लाखौंको धरौटीबिना उपचार नगर्नु, बिमारीबाट अत्यधिक शुल्क असुली गर्नुजस्ता अमानवीय क्रियाकलापले यो सरकार श्रमिक मजदुरमारा हो भन्ने कुरा दिनको घामजस्तै छर्लङ्ग छ । यही मौका छोपी यहाँका दलाल उद्योगी-व्यवसायीहरूले मजदुर निष्कासन गर्ने, खाइपाई आएको तलब कटौती गर्ने जस्ता अत्यन्तै निकृष्ट कार्य गरिरहेकाले यस्ताका विरुद्ध डटेर प्रतिवाद आन्दोलन र सङ्घर्ष गर्नुको अको विकल्प छैन । यस्ता श्रमिक विरोधी गतिविधि तत्काल बन्द गर्न र सम्पूर्ण श्रम क्षेत्रमा कार्यरत श्रमिक मजदुरलाई पीसीआर टेस्ट, उपचार खर्च निःशुल्क गरी सहज रूपमा अस्पताल भर्ना गर्ने वातावरण मिलाउन र सरसफाइकर्मी, स्वास्थ्यकर्मीहरूको सेवा, तलब, सेवासुविधा र जोखिम भत्ता तत्काल उपलब्ध गराउन सम्बन्धित पक्षसँग हाम्रो सङ्गठन जोडदार माग गर्दछ ।'

## डा.प्रकाश चन्दलाई ...

धम्कीपूर्ण म्यासेज गरेपछि फोनमा विभिन्न घिनलाग्दा अश्लील शब्द, गालीगलौज र धम्कीपूर्ण कुरा गरेको अडियो फोन टेपप्रति सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको र सही समय र परिस्थितिमा भ्रष्ट माफियाले आफ्नो गुण्डागर्दी र भ्रष्ट कर्तुतको निकै महँगो र डरलाग्दो मूल्य चुकाउनुपर्ने चेतावनी दिएका छन् ।

महासङ्घका अध्यक्ष कँडेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'देश कोरोनाले आक्रान्त भएको छ । देशका सम्पूर्ण स्वास्थ्यप्रणाली धराशायी भएका छन् । यस्तो विषम परिस्थितिमा राज्य लाचार छ भने स्वास्थ्य माफियाहरूले कोरोनाले मरणासन्न भएका बिरामीसँग पनि निकै चर्को शुल्क असुल गरिरहेका छन् । यही सिलसिलामा हाम्रो महान् तथा गौरवशाली सङ्गठनका महासचिव डा. प्रकाश चन्दले स्वास्थ्य माफिया र स्वास्थ्य भ्रष्टाचार नाइके र कर्तुतका विषयमा विभिन्न सङ्घर्ष गरेका र माफियाको नाम किटान गरेको विषयलाई लिएर झापा बीएन्डसी अस्पतालका मालिक, अझ भन्दा प्रचण्ड र केपी वलीलाई मार्सी चामलको भात खुवाएर व्यक्तिगत लाभ लिएका दुर्गा प्रसाईंले विभिन्न तुच्छ र धम्कीपूर्ण म्यासेज गरेपछि फोनमा विभिन्न घिनलाग्दा अश्लील शब्द, गालीगलौज र धम्कीपूर्ण कुरा गरेको अडियो फोन टेपप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टीका आदरणीय महासचिव क. विप्लवको नामलाई बुबाका रूपमा जोडेर बारम्बार धम्की र आरोप लगाएको कुरा निकै निन्दनीय छ । मेडिकल शिक्षा, स्वास्थ्य क्षेत्र र जनताको आधारभूत उपचारमा मौलाएको डरलाग्दो भ्रष्टाचारका विरुद्ध डा. प्रकाशलगायत सम्पूर्ण युवा विद्यार्थी अभियन्ता र बुद्धिजीवीहरूले चलाएको आन्दोलन र सङ्घर्षबाट अत्तालिएका मेडिकल माफियाहरू यो हदसम्म गिर्नु कुनै आश्चर्यको विषय नभए पनि पैसा र राजनीतिक शक्तिको आडमा गुन्डाराज चलाइरहेका यस्ता बेलगाम भ्रष्ट माफियालाई राज्यले कडाभन्दा कडा कारबाही गरोस् । अन्यथा भ्रष्ट माफियालाई कानुनअनुरूप युवा र जनताले लगाम लगाउनेछन् र यसको नेतृत्व र सञ्चालन हाम्रो गौरवशाली सङ्गठनले गर्नेछ । साथै हाम्रो सङ्गठन चेतावनी दिन चाहन्छ- सही समय र परिस्थितिमा भ्रष्ट माफियाले आफ्नो गुण्डागर्दी र भ्रष्ट कर्तुतको निकै महँगो र डरलाग्दो मूल्य चुकाउनुपर्नेछ ।'

## भारतीय सेनाप्रमुख ...

श्वरस्थित मिलनचोकमा आयोजित विरोधसभामा नेकपाका नेताहरूका साथै अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय सदस्य सरोजप्रसाद न्यौपाने, अखिल क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य मिलन राईलगायतले सम्बोधन गरेका थिए । वक्ताहरूले नेपालको राष्ट्रियताविरुद्ध बोलेका नरवणेलाई केपी वली सरकारले निमन्त्रणा गरेर सम्मान गर्नु नेपालको राष्ट्रियतामाथि गम्भीर घात भएकाले यसको प्रतिरोध गर्नु आवश्यक रहेको बताएका थिए ।

यसैबीच संयुक्त जवसद्वारा आयोजित विरोध कार्यक्रममा नरवणेका साथै भारतीय साम्राज्यवादी अतिक्रमणविरुद्ध कालो बेलुन प्रदर्शन गरिएको थियो ।

अखिल क्रान्तिकारी उपत्यका, काठमाडौँ जिल्ला समिति र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले नरवणेको भ्रमणविरुद्ध काठमाडौँ, ललितपुर र भक्तपुरमा बुधबार साँझ मशालजुलुस प्रदर्शन गरेका छन् ।

नरवणेको भ्रमणविरुद्ध नेकपाले बुधबार देशैभर प्रदर्शन, कोणसभासहितका कार्यक्रम आयोजना गरेको पनि समाचारमा जनाइएको छ ।

## वली शासनको ...

हत्यादेखिको वली-देउवा 'रअ कनेक्सन' आज पनि जारी रहिरहेकै छ । सिंहदरबारबाट बालुवाटार निर्बाध चहार्दै गरेको छ ।

मदन भण्डारीसहित देशभक्तहरूले महाकाली नदीको मुहान र पानी बाँडफाँटको विवाद टुङ्गो लगाएर मात्र महाकाली सन्धि गर्नुपर्ने अडान राखेका थिए । भारत त्यसो गर्न चाहँदैनथ्यो । वली र देउवाकै कारण नेपालले कालापानी, लिम्पियाधुरा, लिपुलेकको विवाद टुङ्गो नलगाई महाकाली सन्धि गर्‍यो । 'रअ' को मतियार बनेर देउवा र वलीले मोर्चा समाले ।

२०७२ सालमा भारतले नाकाबन्दी लगायो । त्यस बेलासम्म देउवामार्फत वलीको 'सीआईए कनेक्सन' पनि बलियो भइसकेको देखिन्छ । गणतन्त्र र सङ्घीयताविरोधी वली अडानको पछाडि सीआईएको राजा र संसदीय पार्टीहरूबीच एकता हुनुपर्ने र माओवादीलाई एक्ल्याउनुपर्ने रणनीतिकै प्रभाव हो । वलीमा गणतन्त्र र सङ्घीयताविरोधी चिन्तनको पृष्ठभागमा 'सीआईए कनेक्सन' ले काम गरिरहेको देखिन्छ ।

भारतमा केजीबी र रअको सम्बन्ध कमजोर हुँदै गएको छ र सीआईए रअ नजिकिँदै गएका छन् । त्यसको प्रभाव नेपालमा पनि परेको छ । भारतद्वारा २०७२ सालमा नाकाबन्दी लगाउँदा 'रअ' कै निर्देशन र 'ग्रिन सिग्नल' अनुसार वलीलाई सत्तारूढ गराउन र ठूलो फाइदा लिन कथित राष्ट्रवादी नारा उराल्न लगाएको ठानिन्छ । 'रअ' ले आफ्नै दलाललाई मात्र स्थापित गराउने अनेक 'प्रोक्सी वार' गराइरहन्छ । नक्सा प्रकरण त्यही 'प्रोक्सी वार' थियो किनकि महाकाली सन्धिकै कारण नक्सा प्रकरणमा नेपाल कमजोर भएको हो ।

भारत र अमेरिकाका गुप्तचर संस्थाहरूबीचको सहकार्य एमसीसी परियोजनामा राम्ररी प्रकट भएको छ । एमसीसीकाण्डमा भारत र अमेरिका दुवै चीनविरोधी मोर्चामा एकै स्थानमा उभिन पुगेका छन् । नेपालभित्र वली-देउवा गुट एउटै पार्टी जसरी एमसीसीको विषयमा एकै स्थानमा उभिन पुगेका छन् । नेपालभित्र वली-देउवा गुट एउटै पार्टीजसरी एमसीसीका विषयमा एकै स्थानमा उभिनुले राष्ट्रिय स्वाधीनताको खतराको मापन गर्न सकिन्छ । भारत र अमेरिकी गुप्तचर संस्थाको बलियो समर्थन भएकै कारण वली पार्टीभित्र जस्तोसुकै तोडफोड, विभाजन र कदम चाल्न तयार भएको ठानिन्छ । एमसीसी, युवराज खतिवडा मोह, देउवा गठबन्धन र उत्तरकोरियाविरुद्ध अस्वाभाविक पूर्वाग्रहले उनी जनमतका आधारमा नभएर गुप्तचरको आशीर्वादमा चलिरहेका छन् भन्ने सहजै बुझ्न सकिन्छ ।

गुप्तचर संस्था 'रअ' ले पाकिस्तान टुक्रा पार्‍यो । भारतभन्दा पनि पुरानो र अङ्ग्रेजकालमा पनि स्वतन्त्र रहेको स्वतन्त्र देश सिक्किम खायो । उसको अबको 'मिसन' नेपाल हो । तत्कालीन भारतीय गृहमन्त्री सरदार बल्लभभाइ पटेल र 'रअ' गठन भएपछि इन्दिरा गान्धीले नेपाल खान खोजे पनि सकेनन् । नेपाललाई घेर्दै, कमजोर बनाउँदै उपयुक्त समय र दलालको खोजी र प्रतीक्षा 'रअ' को नेपाल रणनीति देखिन्छ । त्यस्तो नेपालविरोधी संस्थाप्रति घृणा जगाउनु, जनतालाई सतर्क-सचेत बनाउनुपर्नेमा बालुवाटारमा स्वागत गरेर वलीले भयानक देशद्रोह गरेका छन् । सिक्किमकाण्डमा 'रअ' ले बहुमत सांसद पुर्‍याउने, सदनलाई घेरामा पार्ने, राजदरबारको फोनसमेत काट्ने र सिक्किमे राजपरिवारलाई विदेश शरण लिनसमेत रोकेको थियो । दलाल र फौज दुवैलाई एकसाथ परिचालन गरिरहेको थियो आज नेपालका सन्दर्भमा पनि 'रअ' ले त्यही गरिरहेको छ । वली त्यसको मतियार भएका छन् ।

प्रचण्डसँग विद्रोह गरेर अर्थात् संशोधनवाद र राष्ट्रिय आत्मसमर्पणवादविरुद्ध हामीले क्रान्तिकारी र देशभक्त धारा निर्माण गर्दा नै 'सामाजिक दलाल फासिवादले निजी स्वार्थ र कुर्सी रक्षाका लागि भयानक जनघात र राष्ट्रघात गर्नेछ' भनेका थियौं । आज पनि त्यो प्रक्षेपण शानदार रूपले पुष्टि भएको छ । वलीले देशभित्र र पार्टीभित्र 'सीआईए-रअ' गठबन्धन बनाउन खोजिरहेका छन् । वस्तुगत रूपले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति पनि अनुकूल बन्दै गएको छ । तर अमेरिकी विश्व-व्यवस्थामा आएको स्खलनले त्यसको विरोधी धारा निकै सबल बन्दै गएको छ । दसैंको मध्यमा जनता चाडबाड र कोभिड १९ को माहोलमा अल्झिएको बेला नेपालविरोधी गुप्तचर झुण्डलाई बालुवाटारमा स्वागत गरेर उनले सम्पूर्ण देशभक्त जनता र इतिहासलाई लज्जित बनाएका छन् । वलीको 'खुफिया कनेक्सन' लेन्डुपपथकै नयाँ संस्करण हो । रुसी इतिहासकार तथा सांस्कृतिक चिन्तक भासिली क्लिउचेस्कीले भनेझैं हामीले वली शासनका विरुद्ध सङ्घर्ष गर्न सकेनौं भने इतिहासले हामी सबैलाई दण्डित गर्नेछ । वली समूहले गोयलको भ्रमण र भेट लुकाउने र छरपस्ट भएपछि बाध्य भएर स्वीकार गरिएको सन्दर्भ अझ गम्भीर छ ।

## जनता प्रतिरोधमार्फत् ...

***नयाँ आधारमा नयाँ पहल गर्न आह्वान गर्नुभएको छ नि ? यसको तात्पर्य के हो ? सम्भावना के छ ?***

हो, बेलैमा नसोच्ने हो भने भोलि बिग्रिसकेपछि पुर्पुरोमा हात राखेर हुनेवाला छैन । यो देशलाई असफल राष्ट्र बनाएर विदेशीहरूको हातमा सुम्पने प्रबल सम्भावना छ । यो बेलामा यो देशका नागरिकहरू नेपाली भएर, स्वाभिमानी भएर बाँच्ने हो भने छात्ती फुलाएर आउनुपर्छ– आउनुस्, यो देश विप्लवको मात्र होइन, यो देश हामी सबैको हो । यो देश पुलिस-सेनाको पनि हो, कर्मचारी, वकिल, पत्रकार, बुद्धिजीवी, व्यवसायी, विद्यार्थी, मजदुर, किसान, सुकुमबासी सबैको हो । देशभक्त काङ्ग्रेस-एमाले सबैको हो । हाम्रो पार्टीका महासचिवले बेलैमा सबैलाई सचेततापूर्वक आह्वान गर्नुभएको छ । सम्पूर्ण शक्तिहरू मिलेर मात्र यो देश बचाउन सकिन्छ, सङ्कट हल गर्न सकिन्छ । जनता मिले, सबै मिले यहाँ राम्रोभन्दा राम्रो सम्भावना पनि छ तर यो पुरानो सत्ता, पुरानो सोच, पुरानो नेता, पुरानो शासन प्रणालीबाट यो सम्भावना छैन । सबै नयाँ सोचका साथ बिनापूर्वाग्रह यो व्यवस्था परिवर्तनका लागि जुटौं र उठौं । नत्र स्थिति धेरै पर पुगेको हुनेछ ।

» ***यतिबेला संसारमा क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको अवस्था के छ ? नेपालमा तपाईंहरूले सञ्चालन गरेको एकीकृत जनक्रान्तिका बारेमा अन्य मुलुकका कम्युनिस्ट पार्टीहरूको मूल्याङ्कन, भाइचारा सम्बन्ध कस्तो छ ?***

क्रान्तिको दृष्टिले समग्र विश्वपरिस्थिति रक्षात्मक नै छ तर विश्वका कुनै पनि मुलुक कम्युनिस्ट नभएको मुलुक छैन । सबै आआफ्नो देशमा लागिपरेकै छन् । विविध कारणले एक ठाउँमा आउन नसकिरहेको यथार्थ स्वीकार्नुपर्छ । कम्युनिटहरूलाई दबाउन विश्वभरिका पुँजीवादीहरू एक ठाउँमा आउँछन् तर हामी कम्युनिस्टहरू भने टुक्राटुक्रामा विभाजित छौं । यो नै हाम्रो कमजोरी हो । कमरेड स्टालिनपछि कम्युनिस्ट अन्तर्राष्ट्रिय बन्न नसक्नु नै कम्युनिस्टहरू कमजोर हुनु हो । पहिलो, कम्युनिस्टहरू सत्तामा पनि छैनन्, भएका केही देशहरूबाट यो प्रयत्न पुगेको छैन । क्रान्तिकारी कम्युनिस्टहरूबीच विगत जनयुद्धकालमा 'रिम' ले राम्रो भूमिका निर्वाह गरेको थियो । अहिले त्यो पनि विघटित अवस्थामा छ । प्रयास सबैबाट भइरहेको छ, केही प्रगति पनि छ । हामीले थप प्रयत्न जारी राखेका छौं । विभिन्न माध्यमबाट हाम्रो पार्टीले अगाडि सारेका मान्यताहरूलाई सबै भाइचारा पार्टीहरूसम्म पुऱ्याउने हाम्रो प्रयास जारी छ ।

» ***संसारकै उत्पीडित जनता क्रान्ति र मुक्ति चाहिरहेका छन् । श्रमिकमाथिको विभेद र दमन संसारभर बढिरहेको देखिन्छ तर एउटा भरपर्दो अन्तर्राष्ट्रिय सङ्गठन बन्न सकिरहेको छैन । मालेमा पक्षधरहरूबीच कम्युनिस्ट अन्तर्राष्ट्रिय निर्माण सम्भव देख्नुहुन्न ? यसमा तत्काल पहल लिन ढिला भएको जस्तो लागेको छैन ?***

यसबारे यसअगाडि पनि भनेँ- यो आजको आवश्यकता हो । आजको कम्युनिस्टहरूको मुख्य चुनौती र कार्यभार नै यही बनेको छ । ढिलो भए पनि प्रयास जारी छ । सम्भावना राम्रो बन्दै गएको छ ।

» ***नेपाललगायत अन्य तेस्रो विश्वका मुलुक र साम्राज्यवादी मुलुकहरूको पछिल्लो राजनीतिक, आर्थिक, सांस्कृतिक अवस्थाका बारेमा सङ्क्षेपमा केही राखिदिनुस् न ! कोरोना सङ्क्रमणले पुँजीवादलाई धराशयी पाने र समाजवादी आन्दोलन अघि बढ्ने कुरालाई कसरी लिनुभएको छ ?***

आजको विश्व कमरेड माओपछिको विश्व हो । यो भूमण्डलीकृत पुँजीवादको चरित्र निगम पुँजीवादमा छ । यसको साम्राज्यवादी चरित्र उत्तरसाम्राज्यवादमा आएको छ । यद्यपि साम्राज्यवाद पनि एकध्रुवीय छैन । चीन, रुस, उत्तरकोरिया, मुस्लिम मुलुकहरू अमेरिकी साम्राज्यवादका विरुद्ध छन् र आज सबैतिर युद्ध र अशान्ति छ तर पनि आजको यो पुँजीवादी विश्वव्यवस्थामा पुँजीवादको लपेटामा छ र उत्तरसाम्राज्यवादले यसको नेतृत्व गरेको छ । यसले अन्य साना मुलुकहरूलाई नवउपनिवेश बनाएको छ । साना तथा विकासशील मुलुकहरू क. माओको भाषामा तेस्रो मुलुकहरू साम्राज्यवादी हस्तक्षेपका विरुद्ध जनता र शासक मिलेर राष्ट्रिय मुक्ति आन्दोलन गर्नुको सट्टा साम्राज्यवादको जुठोपुरोमा -कमिसन र भ्रष्टाचारमा) बाँच्ने र जनताको साम्राज्यवादविरोधी सङ्घर्षलाई उल्टो साम्राज्यवादसँग मिलेर दमन गने चरित्रको विकास भएको छ । यो प्रवृत्तिले जनताले साम्राज्यवादका विरुद्ध अर्थात् बाह्य हस्तक्षेपका विरुद्ध पनि घरेलु प्रतिक्रियावादी शासकसँग लड्नुपर्ने भयो । त्यसैले माथि भनिएझैं अबको राष्ट्रिय मुक्ति आन्दोलन पनि विशुद्ध हुँदैन । यो पनि एकीकृत जनक्रान्तिसँग एकाकार भएको छ । यो अवस्थामा प्रायः सबै तेस्रो विश्वका मुलुकहरू दलाल सत्तामा रूपान्तरित भएका छन् । यसले दलाल पुँजीवादलाई जन्म दिएको छ । राजतन्त्रको अन्त्यपछि नेपालको सत्ता पनि यसरी नै दलाल सत्तामा रूपान्तरित भएको छ । यसको अर्थ के हो भने जब सत्ता दलाल पुँजीवादमा पुग्छ, त्यसको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था पनि दलाल नै हुन पुग्छ किनकि अर्थतन्त्र सत्ताको आधार हो । आधारले उपरिसंरचना निर्माण गर्दछ र उपरिसंचरनाले आधारको सेवा र संरक्षण गर्दछ । आज यो सत्तामा पुग्ने जसको पनि सोच, चिन्तन, प्रवृत्ति, संस्कृति, संस्कार आदि दलाल हुनु यसैको कारण हो । यो सत्तामा जो गए पनि हुने त्यही हो भन्ने प्रमाणित गरिदिएको छ । त्यसैले यसलाई बदल्नुपर्छ, वैज्ञानिक समाजवादी व्यवस्था यसको एक मात्र विकल्प हो जसले यी सबैलाई बदलिदिन्छ ।

जहाँसम्म कोरोनाको कुरो छ, कोरानाले कम्युनिस्ट मुलुकहरू सफल र पुँजीवादी मुलुकहरू असफल साबित गरिदिएको छ र यसको उदाहरणको रूपमा चीन, जनगणतन्त्र कोरिया, क्युबा, भियतनाम र अमेरिका, भारत, ब्राजिल, बेलायत र युरोपियन मुलुहरूलाई हेर्न सकिन्छ । नेपाल कोरोना परीक्षामा असफल भएको छ । यसमा पनि भ्रष्टाचार र कमिसनकै खेल भएको छ । असफल हुनुको एक मात्र कारण दलाल पुँजीवादी चरित्र भएकाले हो भन्ने प्रस्ट छ ।

» ***अन्त्यमा रातो खबरमार्फत अरू थप सन्देश पनि दिनुहुन्छ कि ?***

यो जनप्रिय पत्रिका/सञ्चार रातो खबरमार्फत एकपटक सम्पूर्ण जनता र जनताका सबै तप्काले एकीकृत जनक्रान्तिलाई एकपटक साथ र समर्थन गर्न पुनः आह्वान गर्दछु । मेरा विचारहरू पाठकसम्म पुऱ्याउने अवसर दिनुभएकोमा रातो खबर पत्रिकाका सम्पूर्ण मित्रहरूलाई धन्यवाद दिन चाहन्छु ।

## महिला : ...

को छैन । कार्यालयका हाकिमले महिला कर्मचारीसँग गर्ने हिंसाका व्यवहारलाई के भन्ने ? उद्योगीव्यवसायी जसले आफ्नो व्यापार बढाउन होटेल र रेस्टुरेन्टमा यौनधन्दा चलाउँछन्, राज्य सञ्चालक, जनताका जनप्रतिनिधि भनिने खुलेआम सहरी क्षेत्रलाई पर्यटन बढाउन रेड एरिया घोषणा गर्नुपर्ने विचार व्यक्त गर्छन् जसबाट आएको आम्दानीको करबाट आफ्नो भत्ताको जोहो होस् । धन्य सरकार ! पेट पाल्न मुस्किल भएका महिलालाई रोजगारी दिलाएर संरक्षण गर्नुको सट्टा उसको विशेषताको फाइदा उठाएर उसको स्वत्व र आत्मसम्मानलाई खुलेआम बिक्री गरेर खान लाज नमान्ने । यस्तो निच मानसिकताको मनोवैज्ञानिक जरो कहाँ छ ?

त्यति मात्र होइन, राज्यव्यवस्थामाथि प्रश्न उठाउने महिलालाई नानाथरीका दुःख दिई दमन गर्ने कुरा त छँदैछ, त्यसमा थप बलात्कार गरेर हत्या गर्ने कार्य स्वयम् राज्यले गर्ने गर्दछ । नेपालको जनयुद्धको बेला राज्यको अङ्गको रूपमा रहेका सेना-प्रहरीबाट राजबन्दी महिलालाई यस्तो घृणित कार्य गरेका कैयौं उदाहरण छन् । राज्य र शासकका खराबीका बारेमा बोलेबापत पछिल्ला वर्षमा संसारभर थुप्रै महिला राज्यहिंसाका सिकार भएका छन् । जस्तै केही वर्षअगाडि भारतीय चर्चित पत्रकार एवम् लेखिका गौरी लङ्केशलाई सरकारको गलत क्रियाकलापकको सूचना बाहिर ल्याएबापत गोली हानी हत्या गरियो । हालै टर्कीका कानुन व्यवसायी एवम् मानवअधिकारकर्मी इब्रु तिम्तिकलगायत अन्य चारजना कलाकारलाई उनीहरूको मागको कुनै सुनुवाइ नगरी भौकै मर्न बाध्य पारियो । नेपालमै विद्रोही नेकपाका महिला नेतृत्व उमा भुजेल, बन्धु चन्द, धीरेन्द्रा उपाध्यायलगायतलाई झूट्टा मुद्दा लगाई दर्जनौं ठाउँका जेल र हिरासतमा बन्दी बनाई मानसिक यातना दिइयो । यसरी सिङ्गो राज्य नै हिंसामा उत्रनुले के सङ्केत गर्छ ? यो समकालीन राजनीतिक, सामाजिक तथा सांस्कृतिक जीवनमा असामान्य प्रश्न हो ।

### ४. निष्कर्ष

यी सबै घटनाक्रमले के देखाउँछ भने वर्तमान पुँजीवादी शासन व्यवस्था पुरुषप्रधान भाष्यनिर्मित पुँजीमा आधारित अन्याय र अमानवीय शासन व्यवस्था हो । त्यसैले राज्यसत्ताको मुहानदेखि सामाजिक नदीको किनारसम्म महिला विभेदका भेल छन् । यसलाई सफा गर्न महिला अधिकारका एकदुई विषय उठाएर सम्भव छैन । त्यसका लागि धर्म र कथित आदर्शवादी सामन्ती संस्कार बोकेको समाज अनि वर्गीय विभेदको पुरिनै नसकिने खाडल खन्दै महिलालाई एकातिर तृप्ति नै हुन नसक्ने उपभोक्ता बनाउने र त्यसैबाट लुट्ने, अकोतिर सम्पूर्ण साधनस्रोतबाट वञ्चित गराई सडकछाप बनाउने अनि बचेको शरीरको पनि व्यापार गरेर फाइदा उठाउनेजस्तो घृणित पुँजीवादी व्यवस्थाको विकल्पको बहस नगरी न महिला सुखी हुन्छन्, न त स्वतन्त्र ।

पुरुषमानक भाष्यको आड लिएर पुँजीवादी सत्ताले जसरी समाजमा रजाइँ गरिरहेको छ, त्यसको जरो उखेल्ने आँट गर्नु आजका महिलाको जिम्मेवारी हो । विगतका आन्दोलनका अनुभवले के सिकाएका छन् भने पुरुषचेतनाले वा उनीहरूको आवश्यकताले निर्माण गरिएको महिला आन्दोलनले केही जागरण र सङ्घर्ष गर्ने चेतना त विकास गर्‍यो तर महिलालाई मुक्त गर्न सकेको छैन । त्यसैले महिला मुक्तिका लागि महिला स्वयम्ले आफ्नो स्वत्वसहितको सङ्घर्षको बाटो तय गर्नुपर्छ । आफ्नो निर्णय गर्ने अधिकार आफैँमा राख्नुपर्छ । आफ्ना विशेषता र क्षमतालाई पहिल्याउँदै आफ्नै कर्मको भाष्य निर्माण गर्दै त्यसलाई पुरुष समाजमा स्वीकार्य बनाउन अनि सामाजिक र राजनीतिक सङ्घर्षमा सहभागी बनी समानता र स्वतन्त्रतासहितको उन्नत वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्नु नै महिला मुक्तिको उज्ज्वल बाटो हो । यही दिशामा सबैले प्रयत्न गरौं ।

# भारतीय सेनाध्यक्ष नरवणेको नेपाल भ्रमणविरुद्ध २१ दलद्वारा सङ्घर्ष घोषणा

**काठमाडौँ** : नेपालको राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायत विषयमा सरकारद्वारा भएका ज्यादतीहरूका विरुद्ध सङ्घर्ष गर्न गठित २१ दल/सङ्गठनको कार्यगत एकताको मोर्चाले भारतीय स्थल सेनाध्यक्ष नरवणेको नेपाल भ्रमण खारेज गर्न सरकारसँग माग गर्दै उक्त भ्रमणविरुद्ध सङ्घर्षमा लामबद्ध हुन देशभक्तहरूलाई आह्वान गरेको छ।

कार्यगत एकतामा सम्मिलित २१ राजनीतिक सङ्गठनहरू नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माले), राष्ट्रिय जनमोर्चा, नेपाल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय जागरण मञ्च, जनसमाजवादी पार्टी, नेकपा (संयुक्त), राष्ट्रिय जागरण परिषद्, नेपाल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेकपा (बोल्सेबिक), राष्ट्रवादी केन्द्र, नेपाल, एमसीसी खारेज अभियान, पुष्पलाल अध्ययन समाज, सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी), मार्क्सवादी एकता अभियान, नेकपा, (मार्क्सवादी), नेकपा मार्क्सवादी (पुष्पलाल) र ने.क.पा. (माओवादी) ले आइतबार अपिल जारी गर्दै सङ्घर्षमा सामेल हुन आह्वान गरेका हुन्।

२१ दलद्वारा गरिएको आह्वानमा भनिएको छ, 'नेपालको राष्ट्रिय स्वाधीनतामाथि एउटा थप हस्तक्षेप हुँदैछ। भारतको बाह्य खुफिया संस्था 'रअ' का प्रमुख सामन्त गोयलको रहस्यमय नेपाल भ्रमण भएको दुई हप्ता बित्दा-नबित्दै आगामी कात्तिक १९ गते भारतीय स्थल सेनाध्यक्ष मनोजमुकुन्द नरवणे काठमाडौँ आउने भएका छन्। नेपाली सेनाको मानार्थ महारथी दर्जाका लागि आउने भनेर प्रचार गरिए पनि उनको यो भ्रमण नेपाल र भारतका बीचमा चलिरहेको चर्को सीमा विवाद र नेपालले प्रकाशित गरेको नक्सा प्रकरणमा दबाब सिर्जना गर्ने भूमिकाका लागि भएको आशङ्का सर्वत्र व्यक्त गरिँदैछ। यो भ्रमण गत कात्तिक ५ गतेको सामन्तकुमार गोयलको भ्रमणकै निरन्तरतामा भएको हो भन्ने कुरा सहजै बुझ्न सकिन्छ।'

२१ दलीय अपिलमा 'कोभिड १९ को महामारीका कारण भेटघाट गर्नै नसकिने बहानामा समस्या समाधानका लागि गर्नुपर्ने राजनीतिक र कूटनीतिक वार्तालाई पन्छाउँदै आएको भारतको मोदी सरकारले किन 'रअ' का प्रमुखको भ्रमण लगत्तैपछि स्थल सेनाध्यक्ष पठाउन आवश्यक ठान्यो ? यो एउटा गम्भीर चासोको विषय बनेको छ। यो भ्रमणको विरोध गर्नुका कारणबारे हामी निम्नअनुसार स्पष्ट गर्न चाहन्छौँ' भन्दै निम्नबुँदाहरू अघि सारिएको छ :

- यतिखेर नेपाल र भारत सरकारका बीचमा सीमासम्बन्धी समस्या र नेपालको नक्साको प्रकाशनका विषयमा टक्कर परिरहेको छ। नेपाल र भारत सरकारले कूटनीतिक र राजनीतिक वार्ता गर्न चासो नदेखाएको बेलामा भारतकै स्थल सेनाध्यक्षलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा दिएर सम्मान दिन खोजिँदैछ।
- यिनै सेनाध्यक्षको कार्यकालमा भारतीय स्थल सेनाले नेपालको व्यास गाउँपालिकाका लिम्पियाधुरा, कालापानी, लिपुलेक हुँदै चीनको मानसरोवर जाने रोड बनाएको कुरा त्यहाँका रक्षामन्त्रीले पत्रकार सम्मेलन गरेर गर्वका साथ घोषणा गरेका थिए। यिनै सेनाध्यक्ष हुन् जसले भारतमा जेठ २ गते आयोजित एउटा गोष्ठीमा उक्त सडक काली नदीपारिबाट बनाइएको र त्यो भूमि भारतकै भएको दाबी गरेका थिए। अझ अगाडि बढेर उनले उक्त कार्यक्रममा नेपालले यसको विरोध गर्नुको कुनै तुक नरहेको र कसैको उक्साहटमा लागेर यो काम गरिएको लाञ्छना पनि लगाएका थिए।

ठीक यही समयमा उनलाई नेपाल निम्त्याएर सम्मान गर्दा उनले भनेका कुराको पुष्टि गरेको सन्देश जान सक्छ।

- भारतीय सेनाध्यक्ष फगत मानार्थ महारथीको उपाधि ग्रहण गर्न आउने बताइए पनि उनको नेपालका प्रधानमन्त्री र राष्ट्रपतिसँग वार्ता गर्ने कार्यक्रम रहेकाले यसले ठूलै आशङ्का उत्पन्न भएको छ।
- गत कात्तिक ५ गते नेपाल आएका भारतका बाह्य खुफिया संस्था 'रअ' का प्रमुख सामन्तकुमार गोयलको केपी वलीसँगको रहस्यमय भेटघाटपछि असहज परिस्थिति उत्पन्न भएको छ। त्यसमाथि यतिखेरै नरवणेको भ्रमणको आयोजना गरेर परिस्थितिलाई झन् भयावह बनाउने काम सरकार आफैँले गरिरहेको छ।

अपिलमा अगाडि भनिएको छ, 'नेपाली सेनाका प्रमुखलाई भारतीय सेनाको मानार्थ महारथी र भारतीय स्थल सेना प्रमुखलाई नेपाली सेनाको मानार्थ महारथीको सम्मान दिने परम्परालाई धेरै बढाइचढाइ गर्ने पनि गरिएको छ। वास्तवमा यो परम्परा २०२० साल जेठ २५ मा तत्कालीन राजा महेन्द्रले सुरु गरेको बताइन्छ तर नेपाली सेना र भारतीय सेनाका बीचमा कतिपय विषयमा समस्या उत्पन्न भएपछि तत्कालीन नेपाली सेनाका प्रधानसेनापतिले २०४४ सालदेखि २०४८ सालसम्म भारतीय सेनाको उक्त पदवी नलिएको पाइन्छ। उत्पीडित राष्ट्रका सेनाका मानार्थ महारथी एउटा उत्पीडक राष्ट्रका सेनाका प्रधानसेनापतिलाई दिनु गलत हुन्छ। यसलाई बन्द नै गर्दा सही हुने देखिन्छ।'

अपिलमा भनिएको छ, 'उल्लिखित विषयका आधारमा के कुरा स्पष्ट छ भने यस अवस्थामा उनको नेपाल भ्रमणले झन् नेपालको राष्ट्रियता र राष्ट्रिय स्वाधीनतामाथिको हस्तक्षेप बढ्नेछ। अतः हामी वली सरकारसँग भारतीय सेनाध्यक्ष नरवणेको नेपाल भ्रमण खारेज गरियोस् भन्ने जोडदार माग गर्दछौँ। सरकारले यो भ्रमण रद्द गरेन भने यसको विरोधमा हामीले शान्तिपूर्ण कार्यक्रमको आयोजना गर्ने निर्णय गरेका छौँ। हामी सम्पूर्ण देशभक्तहरूलाई विरोध कार्यक्रममा सहभागी हुन आह्वान गर्दछौँ।'

२१ दलका तर्फबाट उक्त अपिल सीपी गजुरेलले जारी गरेका हुन्।

# बेपत्ता पारिएका नेता-कार्यकर्ता रिहा गर्न नेकपाको माग

बझाङ : नेपाल कम्युनिस्ट पार्टी बझाङले पार्टीका जिल्ला सदस्य प्रबिन धामीलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको भन्दै बिनासर्त रिहाइको माग गरेको छ।

नेकपाका बझाङ जिल्ला इन्चार्ज विराट र सेक्रेटरी हरिलालले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै पार्टीकामको सिलसिलामा रहेको बेला नेपाल कम्युनिस्ट पार्टी बझाङ जिल्ला सचिवालय सदस्य तथा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य प्रबिन धामीलाई प्रहरीले अपहरण शैलीमा धनगढीबाट गिरफ्तार गरी बेपत्ता पारेकाले प्रशासनको उक्त कार्यको भर्त्सना गर्दै अविलम्ब रिहाइको माग गरेका हुन्।

विज्ञप्तिमा समग्र देश कोरोना भाइरस महामारीको चपेटामा परेको र जनताहरू आधारभूत आवश्यकताबाट समेत वञ्चित हुनुपरेको बेला सरकार भने आफ्नो पार्टीका नेता-कार्यकर्ताको गिरफ्तारी र धरपकडतर्फ लागेको भन्दै गिरफ्तार गरिएका नेता-कार्यकर्ताहरूलाई रिहा नगरिए आफ्नो पार्टी जस्तोसुकै कडा कदम चाल्न बाध्य हुने विज्ञप्तिमा उल्लेख गरिएको छ।

जनताका आधारभूत समस्यहरू समाधान गर्नुको साटो केपी वली सरकार भ्रष्टाचारमा लिप्त भइरहेको भन्दै विज्ञप्तिमा भनिएको छ, 'कोरोना महामारीका कारण मानवीय सङ्कट उत्पन्न भई बिदेसिएका नागरिक घर फिर्ता हुँदा एकदुई महिना पनि पेटभरि खान नपाई 'भोकले मर्नुभन्दा रोगले मर्नु नै ठीक छ' भन्दै फेरि हजारौँ नागरिक दिनहुँ बिदेसिनुपने ' बाध्यताले गर्दा जोकोहीको आँखा रसाउनु र भ्रष्ट, दलाल सरकारप्रति आक्रोशित हुनु स्वाभाविक छ। दलाल केपी सरकार सङ्कटमा परेका जनताको घाउमा मलमपट्टी गर्नुको सट्टा राष्ट्रघात, भ्रष्टाचार र कमिसनमा चुर्लुम्म डुबिरहेको छ। आमनागरिकको स्वास्थ्यमाथि गम्भीर खेलबाड गर्दै कोभिड १९ को निःशुल्क उपचार गर्नुको सट्टा कोरोना उपचारका नाममा गरिब जनताबाट पैसा असुल्न लागिपरेको देखिन्छ। हाम्रो गौरवशाली पार्टी दलाल संसदीय व्यवस्था र भ्रष्ट केपी सरकारको फासिवादी शैलीको अन्त्य गर्न र एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्न डटेर सङ्घर्षमा होमिरहेको छ।'

# कतार मोर्चाको भेलाले गऱ्यो कार्यसमितिको पुनर्गठन

**काठमाडौँ** : नेपाली जनप्रगतिशील मोर्चा कतारले कात्तिक ३० गते शुक्रबार केन्द्रीय भेला गरी कार्यसमिति पुनर्गठन गरेको छ।

पुनर्गठित कार्यसमितिमा अध्यक्ष जयकिशोर पोद्दार, उपाध्यक्ष जमुना श्रेष्ठ, महासचिव रविन पुन, सचिवहरू किरण पुर्जा, सचिव देवबहादुर भर, कोषाध्यक्ष मनोजकुमार शाह र सदस्यहरू कमल खड्का, कमल पुन, सुवन्ता पौडेल, नोमबहादुर ओली, विकास थापा, गणेश जीसी, रमेश श्रेष्ठ, लक्ष्मण बागदास, विष्णुप्रसाद ज्ञवाली, सन्देश केसी, दीपेन्द्र ठाकुर, सन्तोष बर्देवा, कामना श्रेष्ठ, सञ्जीव थापा र अच्युत थापा रहेको मोर्चाद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ।

मोर्चाले गत २०१९ अगस्त २३ तारिखमा सातौँ अधिबेशन सम्पन्न गरेको थियो। उक्त अधिवेशनले जयकिशोर पोद्दारकै नेतृत्वमा २७ सदस्यीय केन्द्रीय समितिको चयन गरेको थियो।

केन्द्रीय समितिका सल्लाहकार रमेश गिरीको प्रमुख आतिथ्य तथा अध्यक्ष जयकिशोर पोद्दारको अध्यक्षतामा सम्पन्न भेलाको सञ्चालन कोषाध्यक्ष रविन पुनले गरेका थिए। भेलामा सल्लाहकार रेशम पौडेल र श्रीकृष्ण भट्टराई अतिथिका रुपमा उपस्थित थिए।

केन्द्रीय सदस्य मनोज शाहको स्वागत मन्तव्यबाट सुरु भएको भेलामा सल्लाहकार प्रमुख रमेश गिरी, सल्लाहकार भट्टराई र पौडेलले प्रशिक्षणात्मक मन्तव्य दिएका थिए। प्रशिक्षणकै क्रममा प्रमुख अतिथिले देश एमसीसीमार्फत विदेशी फौजहरूको युद्धमैदान बन्दै गएकाले विदेशमा रहेका युवाहरू राष्ट्रिय भावनाले ओतपोत हुँदै स्वदेशको रक्षामा खटिनुपर्ने बताए।

भेलाले जयकिशोर पोद्दारको नेतृत्वमा तीन सदस्य पछि थप गर्ने गरी २५ सदस्यीय केन्द्रीय कार्यसमिति पुनर्गठन गरेको जनाइएको छ। मोर्चा इतिहास तथा समसामयिक अवस्थाबारे प्रतिबद्धता व्यक्त गर्दै अध्यक्ष पोद्दारले भेला समापन गरेका थिए। मोर्चाले केन्द्रीय सल्लाहकार समिति यथावत् रहेको जनाएको छ।

# रामेछाप, काभ्रे र दोलखामा सरकारविरुद्ध मशाल जुलुस, रामेछापमा व्यापक प्रहरी परिचालन

काठमाडौँ : नेपालको राष्ट्रियतामाथि हस्तक्षेप गरिरहेको भारतीय साम्राज्यवादका सुरक्षा प्रमुखलाई नेपाल बोलाएर सरकारले मानार्थ सेनापतिको पदवी प्रदान गरी सम्मान गरेको विरोधमा नेकपा ताम्सालिङ ब्युरोका विभिन्न जिल्लामा सरकारका विरुद्ध मशाल जुलुससहित कोणसभाहरू सम्पन्न गरिएका समाचारहरू प्राप्त भएका छन्।

यसैक्रममा नेपाल कम्युनिस्ट पार्टी रामेछापले पार्टी केन्द्रीय समितिको सङ्घर्षको घोषित कार्यक्रमअनुसार भारतीय सेना प्रमुख मनोजमुकुन्द नरवणेको नेपाल भ्रमण राष्ट्रघातको नयाँ रूपको संज्ञा दिँदै विरोध कार्यक्रम सम्पन्न गरेको छ। प्राप्त समाचारअनुसार नेकपा रामेछापले जिल्लाका विभिन्न ठाउँमा मशाल जुलुस निकालेर विरोध कार्यक्रम सम्पन्न गरेको हो।

'भारतीय साम्राज्यवादी हस्ताक्षेप बन्द गर! राष्ट्रिय स्वाधीनताको रक्षा गर ! कालापानीबाट भारतीय सेना फिर्ता जा!' लगायत नारा लगाउँदै मशाल जुलुस निकालिएको नेकपा रामेछापले जनाएको छ। खाँडादेवी र सुनापति गाउँपालिकाको सिमाना गाल्पा बजार, सोही गापाको वडा नं ७ कार्यालयनजिक र दोरम्बा गाउँपालिकाको देउरालीमा मशाल जुलुस निकालिएको प्राप्त समाचारमा जनाइएको छ।

रामेछापका मशाल जुलुस निकालिएका ठाउँहरूमा शनिबारसम्म पनि सरकारले बाक्लै प्रहरी परिचालन गरेको र सामान्य जनतालाई सोधपुछ गर्दै अनावश्यक दुःख दिएको नेकपा रामेछापका सेक्रेटरी विवेकले दिएका छन्।

नेकपा रामेछापले यसअघि कात्तिक २० गते कोरोना सङ्क्रमित आफैँले उपचार गर्नुपर्ने सरकारको निर्णय जनहितमा नभएको र विभिन्न रोगी र कोरोना सङ्क्रमित बिरामीको उपचार राज्यले नै गर्नुपने ' माग गर्दै जिल्लाका विभिन्न स्थानमा विरोध जुलुस निकाली कोणसभा सम्पन्न गरेपछि सरकारले प्रहरी परिचालन गरेको समाचारमा उल्लेख छ।

त्यसैगरी ताम्सालिङ ब्युरोअन्तर्गत दोलखाका कालिञ्चोक गाउँपालिकाको स्याउले बजार र काभ्रेपलाञ्चोकका पनौती नगरपालिका र रोशी गाउँपालिकाको ठोकर्पामा पनि केन्द्रीय कार्यक्रमअनुसार मशाल जुलुस निकाली कोणसभाहरू सम्पन्न गरेको पनि समाचारमा जनाइएको छ।

# सम्पर्क मञ्चद्वारा उपत्यकामा पर्चा विरतण

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च समन्वय समितिले काठमाडौँका विभिन्न ठाउँमा पार्टीद्वारा प्रकाशित पर्चा वितरण गरेको छ।

काठमाडौँका विभिन्न ठाउँहरू गृह मन्त्रालय गेट, परराष्ट्र मन्त्रालय गेट, अनामनगरको हनुमानचोक, सिंहदरबारको दक्षिण गेट, चाबहिल चोक, पुरानो बानेश्वर चोक, कमलादी चोक, मैतीदेवी मन्दिर, भारतीय दूतावासको प्रवेशद्वार अगाडि, लाजिम्पाट, लैनचौर, लैनचौर सञ्चयकोष, ठमेल चोक, सोह्रखुट्टे चोक, ठमेल, पीपल चोक र सोह्रखुट्टे पुलिस बिटअगाडि, नयाँबजार, म्हेपी, बालाजु पुल, गोंगबु चोक, सामाखुसी चोक, रानीबारी चोक, रेडन कलेजअगाडि, नेपाल पुलिसको सेतो भ्यान, सोह्रखुट्टेको बत्तीस पोखरी, नेपाल पुलिसको बोलेरो निलो गाडीमा समेत पर्चा छरिएको सम्पर्क मञ्चले जनाएको छ।

आफ्नो पार्टीको केन्द्रीय कार्यक्रमअनुसार सोमबार काठमाडौँका विभिन्न ठाउँमा पर्चा वितरण गरिएको जानकारी जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय सदस्य खेम प्रधानले दिएका हुन्।

केपी वली सरकारले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूमा कुठाराघात गरेपछि र कोरोना सङ्क्रमणका बिरामीहरूलाईसमेत उपचार नगर्ने निर्णय गरेपछि नेकपाले सरकारविरुद्ध सङ्घर्ष घोषणा गर्दै कात्तिक १५ गते कोणसभा, १७ गते पर्चा वितरण र २० गते विरोध जुलुसको कार्यक्रम सार्वजनिक गरेको थियो। सङ्घर्षको सोही कार्यक्रमअन्तर्गत सोमबार देशभर पर्चा वितरण गरिएको हो।

# भारतीय सेना प्रमुखको नेपाल भ्रमणको प्रतिरोध गर्ने आठ विद्यार्थी सङ्गठनको घोषणा

**काठमाडौँ** : राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा आन्दोलनरत आठवटा विद्यार्थी सङ्गठनले भारतीय सेनाध्यक्ष मनोजमुकुन्द नरवणेले आज गर्न लागेको नेपाल भ्रमणको प्रतिरोध गने ' घोषणा गरेका छन्। चिरञ्जीवी ढकाल, (अध्यक्ष, अखिल क्रान्तिकारी), रूपनारायण श्रेष्ठ (अध्यक्ष, समाजवादी विद्यार्थी युनियन), विमल पोखरेल (अध्यक्ष, अखिल छैटौँ), घनश्याम मिश्र (अध्यक्ष, अखिल पाँचौँ), आलोक रायमाझी (अध्यक्ष, अखिल क्रान्तिकारी), धनसुर शाही (अध्यक्ष, राप्रविसङ्घ (संयुक्त), मनीष भट्टराई (सचिवालय सदस्य, अखिल नेपाल विद्यार्थी युनियन) र हिमाल थापा (उपाध्यक्ष, राष्ट्रिय विद्यार्थी सङ्घ) ले आज संयुक्त विज्ञप्ति जारी गर्दै नेपालको राष्ट्रियताको रक्षाका लागि राष्ट्रघाती शक्तिहरूको प्रतिवाद गने ' घोषणा गरेका हुन्।

संयुक्त प्रेस वक्तव्यमा भनिएको छ, 'आज मिति २०७७ कात्तिक १९ गते तदनुसार ४ नोभेम्बर २०२० का दिन भारतीय सेनाध्यक्ष मनोजमुकुन्द नरवणेको नेपाल भ्रमणका सन्दर्भमा हाम्रो गम्भीर ध्यानार्कषण भएको छ। केही समयअघि मात्र भारतीय गुप्तचर संस्था 'र' का प्रमुख सामन्त गोयल नेपालमा आएर प्रधानमन्त्रीसमेतका नेताहरूलाई परराष्ट्र कूटनीतिक मर्यादाविपरीत भेटेर गएका थिए। गोयलले प्रधानमन्त्री वलीलाई 'वान-टु-वान' भेटेको र उक्त भेटमा भएका कुराहरू अझैसम्म सार्वजनिक गरिएको छैन। अर्को मुलुकको एउटा सामान्य कर्मचारी रहेका गोयललाई परराष्ट्र नीति, प्रोटोकलविपरीत भेटेका प्रधानमन्त्री वलीको कथित राष्ट्रवादको मुकुन्डो उदाङ्गिएको छ। वलीको यस्तो हर्कतले उसको सरकारको स्वघोषित राष्ट्रवाद पानीको फोकाझैँ सिद्ध भएको छ र दलाल शासकहरूको यस्तो राष्ट्रघातले सिङ्गो देश र जनताको नुर गिराउने कार्य गरेको छ।'

संयुक्त विज्ञप्तिमा अगाडि भनिएको छ, 'यस्तो पृष्ठभूमिमा भारतीय सेनाध्यक्ष नरवणेको आजको नेपाल भ्रमणले नेपालका सच्चा क्रान्तिकारी कम्युनिस्ट, राष्ट्रवादी-देशभक्त युवा विद्यार्थीहरूलाई मात्रै नभएर आमनेपाली जनतालाई राष्ट्रघातको अर्को शृङ्खला थपिने कुराले चिन्तित तुल्याएको छ। विगतमा नेपालको राष्ट्रियता, अखण्डता र सीमा सम्बन्धमा आपत्तिजनक अभिव्यक्ति दिएका व्यक्तिहरूलाई देशमा बोलाएर विभिन्न मानपदवीले विभूषित गर्नु वली सरकारको लज्जास्पद कार्य हो। अहिलेको भूमण्डलीकृत विश्वमा संसारका हरेक देशहरूबीच आपसी सम्बन्ध राम्रो बनाउन निःस्वार्थ प्रयत्नका भ्रमणहरूको आयोजना हुनु स्वाभाविक छ तर वीरताको गर्विलो इतिहास बोकेको हाम्रो देश नेपालमा आफ्ना विस्तारवादी/साम्राज्यवादी नीतिहरू लाद्ने धृष्टताका साथ गरिने यस्ता भ्रमणहरूको हामी घोर विरोध एवम् भर्त्सना गर्दछौँ।'

विज्ञप्तिमा भनिएको छ, 'नेपालका शासकहरूको दलाल चरित्रका कारण भारतीय शासकहरूले नेपालको करिब ७८ हजार हेक्टर जमिन मिचेका छन्, नेपाली भूमि कालापानीमा सैन्य अखडा स्थापना गरेको छ भने लिम्पियाधुरा र लिपुलेक कब्जा गरेको छ। मिचिएको नेपाली भूभाग तत्काल फिर्ता गर्न र कालापानी क्षेत्रबाट आफ्नो सेना तत्काल फिर्ता लैजान संयुक्त विद्यार्थी आन्दोलन भारतीय शासकहरूसँग जोडदार माग गर्दछौँ। दलाली, भ्रष्टाचार, राष्ट्रघात, नातावाद, कृपावादमा कीर्तिमान कायम गरिरहेको वर्तमान वली सरकारलाई आफ्नो देशको परराष्ट्र नीति, मूल्य, मान्यताविपरीत सत्तास्वार्थका लागि विदेशी/भारतीयसामु कुनै पनि प्रकारको राष्ट्रघात नगर्न संयुक्त विद्यार्थी आन्दोलन सचेत गराउन चाहन्छ। आफ्नो मुलुकको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र स्वाभिमानमा खलल पुग्ने कुनै पनि हर्कत नगर्न अन्यथा कडाभन्दा कडा सङ्घर्षमार्फत त्यस्ता राष्ट्रघाती कार्यका विरुद्ध सशक्त प्रतिवाद गरिने कुरा संयुक्त विद्यार्थी आन्दोलनका तर्फबाट स्पष्ट पार्न चाहन्छौँ।'

# चौतर्फी विरोध र आलोचनाबीच भारतीय सेनाध्यक्ष नरवणे नेपाल आए

**काठमाडौँ** : नेपालको राष्ट्रियता र नेपाली भूमिका विरुद्ध बोलेर अत्यधिक आलोचना खेपिरहेका भारतीय सेनाध्यक्ष मनोजमुकुन्द नरवणे नेपाल आइपुगेका छन्। उनी भारतीय सैनिक जहाजबाट नेपाल आएका हुन्। नेपाल आउनासाथ उनलाई सोल्टी होटेल पुऱ्याइएको थियो। नरवणेको नेपाल आगमनविरुद्ध विभिन्न २१ वामपन्थी राजनीतिक दलका साथै ८ विद्यार्थी सङ्गठनले आन्दोलन गरिरहेका छन्।

समाचारअनुसार नरवणे काठमाडौँमा ओर्लंदा काठमाडौँलगायत देशभर उनका विरुद्ध नाराजुलुस भइरहेको थियो। भारतीय सेनाध्यक्ष नरवणेलाई वली सरकारका तर्फबाट राष्ट्रपति विद्या भण्डारीले नेपाली सेनाको मानार्थ सेनाध्यक्षको सम्मान प्रदान गरेकी थिइन्। नेपाली राष्ट्रियताविरुद्ध बोलेर नेपाली जनताको घृणा र आक्रोशका पात्र बनेका नरवणेलाई मानार्थ उपाधि प्रदान गरेको विरोधमा नेकपालगायत विभिन्न दल र संगठनहरुले देशभर प्रदर्शन गरेका छन्।

नरवणेले नेपालमा आफ्ना हितैषी प्रधानमन्त्री केपी वलीसँग पनि भेट गरेका थिए। नरवणेलाई मानार्थ सेनाध्यक्षको पदवी दिने विषयमा गम्भीर विवाद भइरहेको समयमा प्रधानमन्त्री वलीले रक्षा मन्त्रालय आफ्नो जिम्मामा ल्याएका थिए। नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापासँग पनि नरवणेको भेटवार्ता भएको बताइएको छ। नरवणे नेपालबाट भारत फर्किंदा तीन करोड देशभक्त नेपालीको घृणा र आक्रोशको सन्देश मात्र लिएर फर्किएको विश्लेषकहरू बताउँछन्।

भारतीय साम्राज्यवादले नेपालका लिपुलेक, कालापानी, लिम्पियाधुरा अतिक्रमण गरी आफ्नो नक्सामा समेत सामेल गरेपछि जनताको व्यापक आक्रोश र आन्दोलनको दबाबमा केपी वली उक्त भूमि समेटिएको नेपालको नक्सा जारी गर्न बाध्य भएका थिए। नेपालले नयाँ नक्सा जारी गरी कूटनीतिक नोट पठाएपछि भारत रुष्ट बनेका बेला भारतीय सेनाध्यक्ष नरवणेले नेपालले कसैको उक्साहटमा सीमा विवाद उचालेको र कालापानीदेखि लिपुलेकसम्मको भूमि भारतकै हो भनेपछि उनको विरोधमा आन्दोलन जारी छ। देशभक्त नेपालीले आन्दोलन जारी राखेकै समयमा केपी वली सरकारले नरवणेलाई निम्ता गरी सम्मान गर्न थालेपछि वली सरकारको समेत चर्को निन्दा र आलोचना भइरहेको छ।

# नेकपाद्वारा लुम्बिनी ब्युरोभरि वली सरकारविरुद्ध व्यापक प्रदर्शन

नेपाल कम्युनिस्ट पार्टी लुम्बिनी ब्युरोले कपिलवस्तु, रूपन्देही, नवलपुर, पाल्पा, अर्घाखाँची, नवलपरासीलगायत जिल्लाहरूमा विरोध प्रदर्शन सम्पन्न गरिएको जनाएको छ । पार्टीद्वारा घोषित सङ्घर्षको केन्द्रीय कार्यक्रमअन्तर्गत ब्युरोका सबै जिल्लामा कार्यक्रम सम्पन्न गरिएको प्राप्त समाचारमा जनाइएको छ ।

सिङ्गो विश्व र नेपाली जनता कोरोना महामारीको प्रभावले प्रताडित भएको बेला केपी वली नेतृत्वको सरकार भने राज्यबाट पूरा गर्नुपर्ने न्यूनतम् जिम्मेवारीबाट समेत भाग्नपछि भन् पछाडि हटिरहेको भन्दै सरकारको विरोधमा प्रदर्शन गरिएको हो ।

कोणसभाअगाडि विरोध प्रदर्शनमा नेकपाका नेता-कार्यकर्ताले 'आमनागरिकहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था गर, कोरोना नाममा कमिसनतन्त्र र व्यापारीकरण बन्द गर, भ्रष्टाचारीलाई कारबाही गर, भारतीय साम्राज्यवादी अतिक्रमण बन्द गर, कालापानीबाट भारतीय सेना फिर्ता जा, नेपाली सार्वभौमिकताको सम्मान गर' लगायत नाराहरू लगाइएको थियो ।

रूपा विकले कपिलवस्तुबाट सम्प्रेषण गरेको समाचारअनुसार नेकपा कपिलवस्तुले जिल्लाका विभिन्न स्थानमा सरकारविरुद्ध प्रदर्शन सम्पन्न गरेको छ । नेकपा कपिलवस्तुका अनुसार कपिलवस्तु नगरपालिकाका वडा नं १० मा जनताको व्यापक उपस्थितिका बीचमा कार्यक्रम सम्पन्न भएको छ । प्रदर्शनमा मायादेवी गाउँपालिकाका सेक्रेटरी कृपालले सम्बोधन गरेका थिए भने कपिलवस्तु नगरपालिकाका सेक्रेटरी मङ्गलले सञ्चालन गरेका थिए ।

यस्तै बुद्धभूमि नगरअन्तर्गत वार्ड नं ३ दुबियाँमा गरिएको प्रदर्शनमा नगर सेक्रेटरी सन्देश र अखिल (क्रान्तिकारी) का जिल्ला अध्यक्ष विज्ञानले सम्बोधन गरेका थिए भने विजयनगर गाउँपालिका १ मा नगर सेक्रेटरी पावेल र युवा सङ्गठन नेपाल कपिलवस्तु जिल्ला अध्यक्ष बादलले सञ्चालन गरेका थिए । विरोध प्रदर्शनमा व्यापक जनताको उपस्थिति रहेको नेकपा कपिलवस्तुले जनाएको छ ।

ओमकार क्षेत्रीले नवलपुरबाट पठाएको समाचारअनुसार नेकपा नवलपुरले विभिन्न स्थानमा वली सरकारविरुद्ध प्रदर्शन गरेको छ । जिल्लाको कावासोती नगरपालिकामा सम्पन्न विरोधसभामा जिल्ला सेक्रेटरी शीतल, युवा सङ्गठनका जिल्ला अध्यक्ष अविनाश, जिल्ला जनपरिषद्का प्रमुख विशाल, विद्यार्थीकी जिल्ला इन्चार्ज शारदा, विद्यार्थीका संयोजकलगायतको उपस्थिति रहेको थियो । कोरोना महामारीको विषम परिस्थितिमा सरकार आफ्नो न्यूनतम् जिम्मेवारीबाट समेत पन्छिहेको र पार्टीले सङ्घर्ष स्थगित गरेको समयमा समेत दमन, धरकपड, गिरफ्तारी नरोकिएको भन्दै जिल्ला सेक्रेटरी शीतलले आक्रोश व्यक्त गरेका थिए । कार्यक्रममा जिल्ला तहका पार्टी नेतृत्व, कार्यकर्ता, विद्यार्थी एवम् स्थानीय जनसमुदायको उपस्थिति रहेको थियो । विरोधसभाको सञ्चालन जिल्ला जनसरकार प्रमुख विशालले गरेका थिए ।

यसैगरी गङ्गा विकले पाल्पाबाट सम्प्रेषण गरेको समाचारअनुसार नेकपा पाल्पाले जिल्लाको तानसेन नगरपालिकामा केपी वली सरकारविरुद्ध प्रदर्शन गरेको छ । प्रदर्शनलाई सम्बोधन गर्दै जिल्ला जनसरकार प्रमुख मीनबहादुर आलेले समग्र राष्ट्रिय योजना बनाएर सम्पूर्ण राज्यसंयन्त्र कोरोना महामारीविरुद्ध परिचालन गर्नुको साटो वली सरकारको कहिले कुनै तयारीविना लकडाउन त कहिले अव्यवस्थित आवागमनले कोरोना नियन्त्रणभन्दा दिन-प्रतिदिन फैलँदै गएको बताएका थिए । कार्यक्रमको सञ्चालन दीपकले गरेका थिए ।

त्यसैगरी नेकपा लुम्बिनी ब्युरोअन्तर्गत पाँच नम्बर जिल्लाले पनि वली सरकारविरुद्ध प्रदर्शन गरेको समाचारमा जनाइएको छ । जिल्ला नं पाँचले तिनाउ गाउँपालिकाको वडा नं. १ मा विरोध कार्यक्रम सम्पन्न गरेको छ । विरोध कार्यक्रमलाई जिल्ला सेक्रेटरी विश्वासले सम्बोधन गरेका थिए भने कार्यक्रमको सञ्चालन विज्ञानले गरेको बताइएको छ । विरोध प्रदर्शनमा स्थानीय जनताको व्यापक सहभागिता रहेको पनि समाचारमा जनाइएको छ ।

यसैगरी नेकपा रूपन्देहीले जिल्लाका विभिन्न स्थानमा विरोध प्रदर्शन सम्पन्न गरेको बताएको छ । समाचारस्रोतका अनुसार बुटवल नगरपालिकामा नेकपाले विरोध प्रदर्शन सम्पन्न गरेको छ । प्रदर्शनलाई अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी जिल्ला अध्यक्ष आरके र अखिल (क्रान्तिकारी) रूपन्देही जिल्ला इन्चार्ज रूपा बुढामगरले सम्बोधन गरेका थिए । त्यसैगरी गैडहवा गाउँपालिकामा जिल्ला सचिवालय सदस्य एवम् कमान्ड इन्चार्ज शिशिरले सम्बोधन र जङ्गबहादुरले सञ्चालन गरेका थिए । त्यस्तै कञ्चन गाउँपालिका वडा नं. ३ सालघरीमा पनि नेकपाले विरोध प्रदर्शन तथा कोणसभा सम्पन्न गरेको छ । सालघारीमा भएको विरोध प्रदर्शनपछि कोणसभालाई जिल्ला सचिवालय सदस्य शिशिरले सम्बोधन गरेका थिए भने सञ्चालन सोमनाथले गरेका थिए । त्यसैगरी देवदह नगरपालिकाको पुरुषोत्तमपुरमा जिल्ला सदस्य आत्माले सम्बोधन गरेका थिए भने रोहिणीमा जिल्ला नेता परदेशीले गरेका थिए । सैनामैनाको इन्द्रेणीचोकमा जिल्ला नेता सेन्चुरी, सैनामैनाचोकमा युवा सङ्गठन नेपालका भक्त र तिलोत्तमा नगरपालिकाको कोटीहवाचोकमा युवा सङ्गठन नेपालका लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणले सम्बोधन गरेको समाचारमा उल्लेख छ । त्यसैगरी सियारीमा भएको विरोध प्रदर्शनमा नेकपाका जिल्ला नेता रोमियोले सम्बोधन र रामुले सञ्चालन गरेका थिए । त्यसैगरी सिद्धार्थ नगरपालिका वडा नं. ४ मा युवा सङ्गठन नेपालका राजुले सम्बोधन गरेका थिए ।

नवलपरासीबाट प्राप्त समाचारअनुसार नेकपा नवलपरासीले बर्दघाट नगरपालिका वडा नं १२ मा विरोध प्रदर्शन सम्पन्न गरेको छ । विरोध प्रदर्शनलाई नेकपा नवलपरासीका जिल्ला नेताले सम्बोधन गरेका थिए ।

सरकारले कोरोना सङ्क्रमण आशङ्कित सबैलाई निःशुल्क स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था गर्नुपर्ने र कोरोनाबाहेकका अन्य बिरामीहरूको उपचारमा भइहेको लापरबाही गर्नेलाई नेकपाले कारबाही गर्ने वक्ताहरूले बताएका थिए । प्रदर्शनमा वली सरकारविरुद्ध विभिन्न नाराहरू लगाइएको थियो ।

अर्घाखाँचीबाट प्राप्त समाचारअनुसार नेकपा अर्घाखाँचीले जिल्लाको भूमिकास्थान नगरपालिकामा कोणसभा तथा विरोध प्रदर्शन गरेको छ । विरोधसभालाई नेकपा भूमिकास्थान नगरपालिका इन्चार्ज बारुदले सम्बोधन गरेका थिए । सभामा नेकपा जिल्ला सेक्रेटरी माहुरीले युवाहरूलाई खेलकुद सामग्री वितरण गरेका थिए । त्यसैगरी शीतगङ्गा नगरपालिकामा पनि अखिल (क्रान्तिकारी) अर्घाखाँचीले विरोध प्रदर्शन गरेको छ । विरोध प्रदर्शनलाई अखिल क्रान्तिकारी अर्घाखाँचीका नेता प्रेमले सम्बोधन गरेका थिए ।

# सरकारका विरुद्ध अछाम, कास्की र कञ्चनपुरमा भव्य प्रदर्शन

काठमाडौँ

सरकारले कोरोना महामारीमा परेका जनताको उपचार नगर्ने निर्णय गरेपछि आन्दोलित नेकपाले देशभर सरकारका विरुद्ध प्रदर्शन गरेका थप समाचार प्राप्त भएका छन् ।

यसैक्रममा नेपाल कम्युनिस्ट पार्टी अछामको आयोजनामा राष्ट्रघात, जनघात, भ्रष्टाचार र कोरोना महामारीमा सरकारको नालायकीपनका विरुद्धमा अछामका ३ ठाउँमा विरोधसभाहरू सम्पन्न भएका छन् ।

जिल्लाका ढकारी गाउँपालिका, तुर्माखाद गाउँपालिका र पंञ्चदेवल विनायक नगरपालिकामा विरोध प्रदर्शन भएको अछामबाट प्राप्त समाचारमा जनाइएको छ । पंञ्चदेवल विनायक नगरपालिकाको पुल्लेतोलामा भएको कार्यक्रमको अध्यक्षता नेपाल कम्युनिस्ट पार्टी पंञ्चदेवल विनायक नगरपालिका सचिव किशोरले गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि नेकपा अछामका इन्चार्ज नवीन थिए ।

प्रमुख अतिथि नवीनले कम्युनिस्ट नाम गरेको केपी वली सरकारले आफ्नो सामान्य जिम्मेवारीबाट पन्छिएर जनताको स्वास्थ्यमाथि ठूलो खेलबाड गरेको बताए । शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायत सबैतिरबाट देश महासङ्कटमा परेकाले यसको निकास अहिलेका संसदीय दल र यिनका नेताहरूबाट सम्भव नभएकाले यसको निकास वैज्ञानिक समाजवादी व्यवस्थाबाट मात्र हुने उनले बताए । कानुनी राज्य भनेर जति व्याख्या गरे पनि जनताले कहिल्यै न्याय नपाएको प्रस्ट पार्दै उनले जनताले न्याय पाएका भए निर्मला पन्तका हत्यारा, पविनपा २ का वडाध्यक्ष पदमबहादुर धामीका हत्यारा पत्ता लगाएर कारबाही गरेको खै त भनेर प्रश्न पनि गरे ।

कार्यक्रममा युवा सङ्गठन नेपालका पश्चिम कमान्ड इन्चार्ज तथा जिल्ला सचिवालय सदस्य जीवन, जिल्ला न्याय विभाग प्रमुख तथा सचिवालय सदस्य प्रकाशलगायत अतिथिका रूपमा उपस्थित थिए । अविरलको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्चालन विवेकले गरेका थिए ।

कास्कीबाट प्राप्त समाचारअनुसार नेपाल कम्युनिस्ट पार्टी कास्कीले कोरोनाको प्रभावले आक्रान्त जनताको स्वास्थ्य जाँच र निःशुल्क उपचारको व्यवस्थाको माग गर्दै पोखरा महानगरपालिकामा विरोध प्रदर्शन गरिएको छ ।

देशव्यापी सञ्चालित सङ्घर्षका क्रममा पोखरामा आयोजित विरोध जुलुसका क्रममा पोखराको चाउथेदेखि नहर चोकसम्मका मुख्य सडकमा मोटरसाइकल ऱ्याली निकालुका साथै पर्चा वितरण गरिएको थियो ।

कोरोनाको प्रभावले आक्रान्त जनतालाई राहत पुऱ्याउन लागुको सट्टा स्वास्थ्य परीक्षणजस्तो संवेदनशील र राज्यको न्यूनतम् दायित्वबाटसमेत पन्छिने र उल्टै महामारीको सङ्कटमा पैसा कमाउने, भ्रष्टाचार गर्ने माध्यमका रूपमा दुरुपयोग भइहेको भन्दै नेपाल कम्युनिस्ट पार्टीले देशव्यापी सङ्घर्ष घोषणा गरेको थियो ।

देशव्यापी घोषित कार्यक्रमअनुसार नेकपा कास्कीले कात्तिक १५ गते कोणसभा, १७ गते पर्चा वितरण गरेको थियो भने २० गते विरोधजुलुस निकालेको जानकारी कास्की जिल्ला सेक्रेटरी विश्वासले दिए ।

यसैगरी कञ्चनपुरबाट प्राप्त समाचारअनुसार नेपाल कम्युनिस्ट पार्टी कञ्चनपुरले केन्द्रीय कार्यक्रमअनुसार विरोध प्रदर्शन सम्पन्न गरेको छ । विरोध प्रदर्शन कार्यक्रमका प्रमुख अतिथि जिल्ला इन्चार्ज सहदेवले जनतालाई कोरोना सङ्क्रमणको उपचार खर्च नबेहोरे अझ सशक्त तरिकाले कडा सङ्घर्षमा उत्रने चेतावनी दिए ।

विरोध प्रदर्शनमा नेकपाका नेता-कार्यकर्ताले 'आमनागरिकहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था गर, कोरोनाका नाममा कमिसनतन्त्र र व्यापारीकरण बन्द गर, भ्रष्टाचारीलाई कारबाही गर, भारतीय साम्राज्यवादी अतिक्रमण बन्द गर, कालापानीबाट भारतीय सेना फिर्ता जा, नेपालको सार्वभौमिकताको सम्मान गर' लगायत नारा लगाइएको थियो ।

# नरवणेको नेपाल भ्रमणविरुद्ध नेकपाद्वारा प्रदर्शन

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले बुधबार भारतीय सेना प्रमुख मनोजमुकुन्द नरवणेको नेपाल भ्रमणको विरोध गर्दै देशभर प्रदर्शन गरेका समाचारहरू प्राप्त भएका छन् ।

यसै क्रममा नेकपाको सहायक सङ्गठन युवा सङ्गठन कालिकोटले 'नरवणे नेपाल प्रवेश निषेध छ, भारतीय सेना प्रमुख नरवणे मुर्दावाद' भन्ने नारा लगाउँदै कालो ब्यानर र कालो झन्डा देखाएर विरोध ऱ्याली र कोणसभा सम्पन्न गरेको छ ।

विरोध कार्यक्रमको सञ्चालन तथा अध्यक्षता युवा सङ्गठन नेपाल कालीकोटका अध्यक्ष आत्मा क्षेत्रीले गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि करणले राष्ट्रियताको रक्षा चाहने सम्पूर्ण युवा शक्ति एकजुट भएर राष्ट्रलाई बचाउन आग्रह गरे ।

अध्यक्ष क्षेत्रीले नेपालको शक्तिशाली मोर्चाका रूपमा रहेको नेपाली सेनाले भारतीय सेनापतिलाई मानार्थ मान्नुपर्ने कुनै अर्थ नरहेको र भारतीले नेपालको सिमाना अतिक्रमण गरी नेपाल र नेपालीमाथि गरेको हस्तक्षेप सहन नसकिने बताए । उनले नेपालमाथि भारतले अतिक्रमण गर्न खोजे युवा सङ्गठन हतियार उठाउन बाध्य हुने बताए ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारीले पूर्वी जिल्लाहरूमा भारतीय सेनाध्यक्ष नरवणेको नेपाल भ्रमणविरुद्ध प्रदर्शन गरेको छ । अखिल क्रान्तिकारीले पूर्वका मोरङ, सुनसरी, इलामलगायत जिल्लामा प्रदर्शन गरेको जनाइएको छ ।

सुनसरीका धरान, इटहरी, मोरङका लक्ष्मीमार्ग, उर्लाबारी, इलामको सदरमुकाम इलामबजारलगायत स्थानमा प्रदर्शन गरिएको जानकारी सङ्गठनका मेची-कोसी संयोजक पुष्प न्यौपानेले दिएका छन् । नेपाली सेनाको मानार्थ महारथीको दर्जा थाप्न नेपाल आएका नरवणेले गत जेठमा आयोजित कार्यक्रममा कालीनदीपारि बाट मानसरोवर जाने सडक निर्माण गरिएको र उक्त भूमि भारतको रहेको अभिव्यक्ति दिएका थिए ।

# प्रतिस्पर्धाबाट कर्मचारी नियुक्त नगरिए परिणाम नराम्रो हुने क्रान्तिकारीको चेतावनी

**रुकुम पश्चिम ।** अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) रुकुम (पश्चिम) ले विज्ञप्ति जारी गरी त्रिवेणी गाउँपालिकामा श्री त्रिवेणी माध्यमिक विद्यालय सिम्रुतुमा बिनाप्रतिस्पर्धा, सूचना नै प्रकाशन नगरी खेलकुद शिक्षक, प्रयोगशाला सहायक, पुस्तकालय सहायक र कार्यालय सहयोगी पदमा मनपरी ढङ्गले आफ्ना मान्छे नियुक्त गरेको भन्दै उक्त नियुक्ति बदर गरी खुला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्त गर्न चेतावनी दिएको छ ।

अध्यक्ष प्रेमप्रशान्त बोहराले जारी गरेको विज्ञप्तिमा गाउँपालिकाका अध्यक्ष झक्कुप्रसाद घर्तीमगरले साक्खै बुहारीलाई सिम्रुतु स्वास्थ्य चौकीमा अनमी पदमा थमाएको नियुक्तिपत्रको मसी नसुक्दै विद्यालयका प्रधानाध्यापक, गाउँपालिकाका अध्यक्ष, वडा नं १ र २ का वडाध्यक्ष, युवा सङ्घ रुकुमका इन्चार्जलगायतले मिलेमतोमा आआफ्ना नातेदारहरूलाई उक्त पदमा नियुक्ति दिएको भन्दै खुला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्त नगरिए परिणाम नराम्रो हुने चेतावनी दिइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'हामी शिक्षा क्षेत्रको निजीकरण, व्यापारीकरण, माफियाकरण, भ्रष्टीकरण, औपनिवेशीकरण, अपराधीकरण तथा यस क्षेत्रमा हुने भ्रष्टाचार, अनियमिततालगायत तमाम विकृति-विसङ्गतिका विरुद्ध लामो समयदेखि निर्मम सङ्घर्ष गरिरहेका छौँ । हामीले गरेका त्याग, बलिदान, समर्पण र सङ्घर्षहरूले शिक्षा क्षेत्रमा सामान्य रूपान्तरण गरे पनि यस क्षेत्रको आमूल रूपान्तरणका निम्ति सिङ्गो राजनीतिक व्यवस्थाकै रूपान्तरण गर्नुपर्ने भएकाले अन्तिम सङ्घर्षका निम्ति एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्ने मूल अभीष्ट लिई सङ्घर्षको मैदानमा उत्रिएको विषय जगजाहेर छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'हाम्रा खबरदारी र सङ्घर्षहरू निरन्तर जारी हुँदाहुँदै पनि राज्य, राज्यका सम्बन्धित संयन्त्र र त्यसका नेतृत्व भ्रष्ट र राजनीतिक दबाबबाट प्रभावित र प्रताडित रहेकाले शिक्षा क्षेत्रजस्तो साझा र पवित्र क्षेत्रमा पनि राजनीतिक चलखेल, मनपरी शिक्षक र कर्मचारी नियुक्ति गर्ने, मनपरी ढङ्गले विद्यार्थीबाट शुल्क असुली गर्ने तथा विद्यालयको सम्पत्ति दुरुपयोग गर्ने जस्ता विकृतिहरू यथावत् छन् । यसै सन्दर्भमा त्रिवेणी गाउँपालिकामा गाउँपालिकाका अध्यक्ष झक्कुप्रसाद घर्तीमगरले साक्खै बुहारीलाई सिम्रुतु स्वास्थ्य चौकीमा अनमी पदमा थमाएको नियुक्तिपत्रको मसी नसुक्दै श्री त्रिवेणी माध्यमिक विद्यालय सिम्रुतुमा बिनाप्रतिस्पर्धा, सूचना नै प्रकाशन नगरी खेलकुद शिक्षक, प्रयोगशाला सहायक, पुस्तकालय सहायक र कार्यालय सहयोगी पदमा मनपरी ढङ्गले विद्यालयका प्रधानाध्यापक, गाउँपालिकाका अध्यक्ष, वडा नं १ र २ का वडाध्यक्ष, युवा सङ्घ रुकुमका इन्चार्जलगायतले मिलेमतोमा आआफ्ना नातेदारहरूलाई नियुक्त गरेकोप्रति हाम्रो सङ्गठन कडा शब्दमा निन्दा र भर्त्सना गर्दछ । साथै उक्त नियुक्ति तत्काल खारेज गरी खुला प्रतिस्पर्धाबाट सक्षम र योग्य व्यक्तिहरूको छनोट गर्न जोडदार माग गर्दछौँ । अन्यथा आफैँले गरेको कुकर्मले आफैँलाई नोक्सान गर्ने अवश्यम्भावी छ ।'

# क्रान्तिकारी ट्रेड युनियन महासङ्घद्वारा सरकारविरुद्ध प्रदर्शन

**काठमाडौँ** : कोरोना महामारीबाट सङ्क्रमितहरूलाई उपचार नगर्ने सरकारी निर्णयविरुद्ध मजदुरहरूले ललितपुरमा ऱ्याली निकालेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घको नेतृत्वमा उपत्यका विशेष क्षेत्रीय समन्वय समितिले ललितपुर च्यासलबाट बिहीबार ऱ्याली निकालेको प्राप्त समाचारमा जनाइएको छ ।

सयौँको सङ्ख्यामा मजदुर नेता तथा कार्यकर्ता सहभागी भएको ऱ्यालीले च्यासलका सडकमा सरकारका विरुद्ध चर्का नारा लगाएको थियो । उक्त ऱ्यालीमा प्रहरीले हस्तक्षेप गरेको र हस्तक्षेपलाई छिचोल्दै ऱ्याली अगाडि बढेको पनि समाचारमा जनाइएको छ ।

विरोधऱ्यालीलाई महासङ्घका संयोजक विनोद थापा, समन्वय समितिका संयोजक शिशिर थापामगर र महासङ्घका केन्द्रीय सदस्यहरूले अगुवाइ गरेका थिए ।

जुलुसको नेतृत्व महासङ्घका तर्फबाट सरोजप्रसाद न्यौपाने र जिल्ला महासङ्घका अध्यक्षहरूले गरेको पनि प्राप्त समाचारमा जनाइएको छ ।

# शाहीलाई मुक्त नगरिए जिल्लाव्यापी सङ्घर्ष गर्छौं : अखिल क्रान्तिकारी

**बाँके :** अखिल (क्रान्तिकारी) बाँकेका अध्यक्ष डीबी शाहीलाई प्रहरीले मङ्गलबार बिहान गिरफ्तार गरेको छ । अखिल (क्रान्तिकारी) भेरी-कर्णाली ब्युरोले सङ्गठनको कामको सिलसिलामा बाँकेको कोहलपुर पुगेका शाहीलाई प्रहरीले गिरफ्तार गरेको भन्दै आपत्ति प्रकट गरेको छ । क्रान्तिकारीले विद्यार्थी हकहित र शैक्षिक क्षेत्र सुधारको अभियानमा रहेको सङ्गठनका कार्यकर्तालाई गिरफ्तार नगर्न सरकारलाई चेतावनी पनि दिएको छ ।

अखिल क्रान्तिकारीले शाहीलाई झुट्ठा मुद्दा लगाएर सरकारले फसाउन खोजेको भन्दै रिहाइको माग पनि गरेको छ । शाहीलाई रिहा नगरिए जिल्लाव्यापी सङ्घर्ष घोषणा गर्ने चेतावनी पनि अखिल क्रान्तिकारीले दिएको छ ।

# नेकपाद्वारा काठमाडौँ उपत्यकालगायत देशका विभिन्न ठाउँमा प्रदर्शन

**काठमाडौँ** : सरकारको कोरोना सङ्क्रमितको उपचार नगर्ने निर्णयविरुद्ध देशव्यापी सङ्घर्ष घोषणा गरेको नेकपाले आज बिहीबार पनि देशभर प्रदर्शन गरेका समाचारहरू प्राप्त भएका छन् । नेकपा, पार्टीका सहायक सङ्गठन, जवस र मोर्चाहरूले देशका विभिन्न स्थानमा सरकारी निर्णय, राष्ट्रघात, जनघात, भारतीय सेना प्रमुखको नेपाल भ्रमणलगायत विषयका विरुद्ध प्रदर्शन गरेका हुन् ।

यसैक्रममा नेकपाले काठमाडौँ उपत्यकाका तीन जिल्लामा बिहीबार अपराह्न दुई बजे एउटै समयमा सरकारविरुद्ध प्रदर्शन गरेको छ । प्राप्त जानकारीअनुसार नेकपा भक्तपुर र अखिल क्रान्तिकारी केन्द्रीय समितिको आयोजनामा कोटेश्वर र नरेफाँटमा प्रदर्शन गरिएको छ ।

त्यसैगरी जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समिति र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ केन्द्रीय समितिले काठमाडौँका गोंगबु, नयाँ बसपार्क र बालाजु क्षेत्रमा प्रदर्शन गरेका छन् ।

नेकपा काठमाडौँ जिल्ला समिति र अखिल क्रान्तिकारीले संयुक्त रूपमा काठमाडौँका सुकेधारा, चण्डोल र धुम्बाराही क्षेत्रमा प्रदर्शन गरेको जानकारी प्राप्त भएको छ ।

नेकपा ललितपुरले भने जिल्लाको पाटन क्षेत्रमा सरकारी निर्णय र जनविरोधी गतिविधिका विरुद्ध प्रदर्शन गरेको छ ।

# नेकपा अर्घाखाँचीद्वारा सङ्घर्षको पर्चा वितरण

नेपाल कम्युनिस्ट पार्टी अर्घाखाँचीले केन्द्रीय कार्यक्रमअनुसार जिल्लाभरि पर्चा वितरण गरेको छ ।

जिल्लाको सन्धिखर्क नगरपालिका, मालारानी गाउँपालिका, भूमिकास्थान नगरपालिका, पाणिनी गाउँपालिका, छत्रदेव गाउँपालिका र शीतगङ्गा नगरपालिकामा पर्चा वितरण गरिएको जानकारी नेकपा नेता अविरलले दिए ।

पर्चा वितरण गर्दै अखिल क्रान्तिकारीका अध्यक्ष नवीन खड्काले सरकारले कोरोना महामारीको बेलामा भ्रष्टाचारको शृङ्खला बढाई जनताका दैनिक जीवन असहज बनाएको र त्यस्ता क्रियाकलाप रोक्नका लागि आफूहरू जनस्तरबाट लागेको बताउँदै सरकारको यो रवैया पूर्ण रूपमा नरोकिएसम्म आफूहरू कडा प्रतिरोध गरिरहने बताए । आफूहरूले पूर्णतया साङ्केतिक रूपमा पहिलो चरणका कार्यक्रम गरेको पनि उनले बताए । नेकपाले केन्द्रीय समितिले प्रकाशन गरेको पर्चा चोकचोक, गल्लीगल्ली, स्कुल, कलेज र सार्वजनिक स्थानमा वितरण गरेको छ ।

# कलाकार अग्निराज पौडेललाई हिरासतमै आत्मसमर्पण गराउने षड्यन्त्र, पौडेलद्वारा अस्वीकार

**काठमाडौँ** : ६ दिनअघि डिल्लीबजारस्थित 'द आर्ट एन्ड डिजाइन' कार्यालयबाट बिनाकारण गिरफ्तार गरिएका ग्राफिक डिजाइनर एवम् चित्रकार अग्निराज पौडेल 'अराप' लाई आत्मसमर्पण गराएर सरकारी नेकपामा प्रवेश गराउन केही अनाम सरकारी पात्रहरूले गरेको षड्यन्त्रलाई पौडेलले खारेज गरिदिएका छन् ।

स्थापित चित्रकार र ग्राफिक डिजाइनर पौडेल अखिल नेपाल जनसांस्कृतिक महासङ्घका कार्यालय सदस्य, अखिल नेपाल ललितकला सङ्घका अध्यक्ष, कमर्सियल आर्टिस्ट सङ्घका संस्थापक पदाधिकारी तथा नेपाल-कोरिया लेखक-पत्रकार मञ्चका महासचिव हुन् । उनी परिपक्व र नवोदित कवि तथा नियात्राकार पनि हुन् । पौडेल डिल्लीबजारलाई कार्यथलो बनाएर करिब तीन दशकदेखि आफ्नो पेसा-व्यवसाय गर्दै आएका छन् ।

स्रोतका अनुसार आफूलाई सरकारी नेकपा नजिकको, गृहमन्त्रीको विश्वासपात्र, लैनचौरको समेत विश्वास जितेको मानिस हुँ भन्ने केही व्यक्तिले हिरासतदेखि कोठासम्म गएर कलाकार पौडेल र उनको परिवारका सदस्यलाई अमूक पार्टी परित्याग गरेको कागज गरी सरकारी नेकपामा प्रवेश गरेको कागजमा हस्ताक्षर गरे तत्काल रिहा गराइदिने भन्दै फसाउने षड्यन्त्र गरिरहेका छन् तर पौडेलले आफू आस्था राखेर स्वतन्त्र रूपमा ग्राफिक डिजाइनको पेसा गर्दै आएको श्रमजीवी कलाकार भएकाले सीप र कलासँग जोडिएको आस्था समाप्त पारेर जीवनको भिक नमाग्ने भन्दै षड्यन्त्रकारीहरूलाई फर्काइदिएका छन् ।

स्रोतले भन्यो, 'बन्दी प्रत्यक्षीकरणमा समेत जान नदिएर गृहमन्त्री र सुरक्षा निकायको शक्ति प्रयोग गरेर छुटाइदिन्छु भन्दै केही मानिस आत्मसमर्पणको कागज बोकेर हिरासतमा पुग्ने गरेका छन् तर आफू निर्दोष भएकाले आस्था बेच्दै र आत्मसमर्पण गर्दै भिक माग्ने पक्षमा नरहेको जबाफ पौडेलले दिएका छन् ।'

सोमबार कार्यकक्षबाट गिरफ्तार गरिएका पौडेलको कार्यालयदेखि कोठासम्म छापामारेर खानतलासी गरिएको थियो भने परिवारका सदस्यहरूलाई पनि आतङ्कित पार्दै सामानहरू कब्जा गरिएको थियो ।

पौडेल लामो समयदेखि थाइराइड, उच्च रक्तचाप, निरन्तर टाउको दुख्नेलगायत गम्भीर रोगका कारण कडा औषधी सेवन गरिरहेका दीर्घरोगी हुन् । उनकी पत्नीसमेत विभिन्न रोगको औषधी सेवन गरिरहेकी दीर्घरोगी रहेको र पौडेलको कठोर श्रम-सीपबाटै उनीहरूको परिवार चलेको जानकारी पारिवारिक स्रोतले दिएको छ ।

पौडेलको गिरफ्तारीप्रति चिन्ता व्यक्त गर्दै चित्रकार, कलाकार, साहित्यिक सङ्घ, सङ्गठन र संस्थाहरूले विज्ञप्ति निकालेर उनको निःसर्त रिहाइको माग गरेका छन् । उनी आबद्ध अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलिया र सचिव अशोक सुवेदीले विज्ञप्ति जारी गरी पौडेलको बिनासर्त, यथाशीघ्र रिहाइको माग गरेका छन् ।

प्रगतिशीलदेखि मार्क्सवादी स्रष्टाहरूसम्मले सामाजिक सञ्जालको माध्यमबाट उनको रिहाइका लागि दबाब अभियान नै आरम्भ गरेका छन् । खोमा तरामु मगर, रसुवाली कवि, बीपी विद्रोहीलगायत मार्क्सवादी स्रष्टाले काठमाडौँलगायत विभिन्न स्थानबाट दबाब अभियान आरम्भ गरेका हुन् ।

## ललितपुर सेक्रेटरी ...

एकीकृत जनक्रान्तिको महान् र गौरवपूर्ण यात्रामा अघि बढिरहेको छ । पार्टीमाथि प्रतिबन्ध लगाइसकेपछि बादल गृहप्रशासन देशभर पार्टीका नेता तथा कार्यकर्ता, समर्थक, शुभचिन्तक र सर्वसाधारण जनतामाथि गिरफ्तार गर्ने, झूट्टा मुद्दा लगाउने, जेल-हिरासत घुमाउने, अनावश्यक घर खानतलासी गर्ने, परिवारका सदस्यहरूलाई मानसिक यातना दिनेजस्ता अलोकतान्त्रिक र निर्लज्ज कार्यमा लागिरहेको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'यसै सन्दर्भमा हाम्रो पार्टीका ब्युरो सदस्य तथा ललितपुर सेक्रेटरी कमरेड विदुषीलाई कात्तिक १५ गते साँझ आठ बजे प्रहरीले गिरफ्तार गरेको छ । राज्यको यसप्रकारको कार्यको घोर विरोध गर्दै कमरेड विदुषीको तत्काल रिहाइको जोडदार माग गर्दछ । नेपाली जनताका विरुद्ध राज्यका हरप्रकारका गलत र घृणित कार्यको पार्टीले डटेर प्रतिवाद गर्ने कुरा स्पष्ट पार्दै त्यसप्रकारको परिस्थितिबाट उत्पन्न हुने परिवेशको जिम्मेवारी फासिवादी केपी नेतृत्वको दलाल पुँजीवादी सरकार नै हुनेछ ।'

## गिरफ्तार गरिएका ...

सङ्गठनका अध्यक्ष पाटनले वर्तमान केपी सरकार जनताका समस्या समाधान गर्नबाट पछि हटेको भन्दै आपत्विपद्मा जनताले पाउनुपर्ने र गर्नुपने दायित्वबाट सरकार पन्छिएको र जनताका समस्याहरु हल गर्नेभन्दा पनि भ्रष्टाचारीको संरक्षण तथा कुर्सीको खेलमा लिप्त भएको उल्लेख गरेका छन् ।

युवा अध्यक्ष पाटनको विज्ञप्तिमा भनिएको छ, 'आफ्नो असफलतालाई ढाकछोप गर्न देशैभरि हाम्रा नेता-कार्यकर्ता तथा जनतामाथि व्यापक धरपकड, गिरफ्तारीका साथै सङ्कटकालको झल्को दिने गरी गाउँ अप्रेसन गरी जनताको ध्यान अन्यत्र मोड्न खोज्नुले सरकार पूर्ण रूपमा असफल भयको पुष्टि हुन्छ । तसर्थ कथित दलाल सरकार जनताका आवाजहरुलाई कुल्चिँदै दमनको बाटो अवलम्बन गरी आफ्नो लुटको सत्ता बचाउने कुचेष्टा गरिरहेको छ । यसप्रकारका दमनले देशलाई जबर्जस्ती युद्धमा धकेल्ने निश्चितप्रायः छ भने यसको पूर्ण जिम्मेवार केपी सरकार हुनेछ ।'

## केन्द्रीय जनपरिषदद्वारा ...

भीषण उतारचढावको प्रक्रियामा सिङ्गो परिवारलाई नै पार्टीकरण गर्ने कार्यमा साथ दिएको स्मरण गर्दै उनीप्रति सबै क्रान्तिकारी नेता-कार्यकर्ता र जनसमुदायको सम्मान र सद्भाव रहेको उल्लेख गरेका छन् ।

जनपरिषद् प्रमुख सन्तोष बुढामगरको वक्तव्यमा भनिएको छ, 'पूर्वसभामुख कृष्णबहादुर महराकी श्रीमती सीता महराको ५९ वर्षको उमेरमा आजै निधन भएको खबरले हामीलाई अत्यन्तै दुखित तुल्याएको छ । लामो समय रोल्पा जिल्लामा कर्मथलो बनाई विगत जनयुद्धको भीषण उतारचढावको प्रक्रियामा सिङ्गो परिवारलाई नै पार्टीकरण गर्ने कार्यमा साथ दिनुहुने उहाँप्रति सबै क्रान्तिकारी नेता-कार्यकर्ता र जनसमुदायको सम्मान र सद्भाव रही आएको विषय यतिबेला स्मरणीय रहेको छ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'हामी आदरणीय सीता महराप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ र शोकमग्न सम्पूर्ण परिवारजनप्रति धैर्यधारणको कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौँ ।'

## सातौँ पार्टी ...

पनि २ वर्ष पुग्नै लागेको छ तर सरकारले जतिसुकै दमन, धरपकड, गिरफ्तार, जेल, नेल, यातनाजस्ता हर्कत अपनाए पनि विद्रोही नेकपा यो देशको सशक्त वैकल्पिक र क्रान्तिकारी शक्तिका रूपमा जनताको आशा र भरोसाको केन्द्र बन्दै अघि बढिरहेको छ ।

नेकपा स्रोतले दिएको जानकारीअनुसार पार्टीको सातौँ पुनर्गठन दिवस देशव्यापी रूपमा तीन दिनसम्म भव्य कार्यक्रम गरी मनाइने भएको छ जसअनुसार मङ्सिर ६, ७ र ८ गते देशव्यापी रूपमा प्रचारप्रसार, वालपेन्टिङ, जुलुस र सभाहरू आयोजना गरी पार्टी पुनर्गठन दिवस मनाइन लागेको हो ।

पार्टीस्रोतका अनुसार ६ गते देशभर पार्टी पुनर्गठन दिवसको प्रचारप्रसार तथा अतिरिक्त क्रियाकलाप, गरिनेछ भने ७ गते देशव्यापी प्रदर्शन तथा जनसभा र ८ गते पार्टी पुनर्गठनको दिन देशभर उत्सव मनाउनेछ ।

केपी वली सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको दुई वर्ष पुग्न लागेको पूर्वसन्ध्यामा मनाइन लागेको पार्टी पुनर्गठन दिवसमा सरकारी अत्याचार, दमन, भ्रष्टाचार, कमिसन, घुसखोरीको भण्डाफोर गर्नुका साथै जनताको घरघरसम्म पुगेर राष्ट्रियता, जनतन्त्र र जनजीविकामाथि आएको सङ्कट समाधानका लागि एकीकृत जनक्रान्तिको अत्यावश्यकताका विषयहरू झन् तीव्र रूपमा उठाइनेछ ।

माओवादीको खरानीबाट ६ वर्षअगाडि नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन गरेको भन्दै जनताले आफ्नो मुक्ति, देशको स्वाधीनता र वैज्ञानिक समाजवादी सभ्यताको नेतृत्व, साधन र दस्ता प्राप्त गरेको बताएका छन् । पार्टी पुनर्गठन हुनु ऐतिहासिक महत्वको क्षण भएको र यसैको नेतृत्वमा एकीकृत जनक्रान्ति अघि बढिरहेको भन्दै यसलाई दमनले रोक्न नसक्ने महासचिव विप्लवको भनाइ छ ।

## पार्टी विभाजनको ...

वली र दाहाल विचारबाट पूर्ण रूपमा पतीत भइसकेकाले सत्ता राजनीतिका लागि जे पनि गर्न तयार भएर बसेका छन् किनकि यो दलाल पुँजीवादको आमचरित्र नै हो । उनीहरू हिजो पञ्चलाई सत्ता सुम्पिएझैँ आज फेरि काङ्ग्रेसको ढोकामा शरण पर्न पुगेका छन् । वलीका लागि त पूर्वपञ्चदेखि काङ्ग्रेस, राजा सबैसँग सहकार्य गर्नु कुनै अनौठो होइन तर दाहालका लागि भने गत स्थानीय चुनावमा काङ्ग्रेससँग पार्टीएकता र चुनावी तालमेल गर्ने पहलपछि अहिलेको सहकार्यको प्रयास नयाँ हुनसक्छ । यसले पनि उनलाई प्रतिक्रियावादमा पतनको चरमोत्कर्षमा पुऱ्याउनेछ ।

यसैक्रममा केपी ललीले सल्लाहमै पार्टी फुटाउन दाहाललाई सुझाव दिएको समाचार सनसनीपूर्ण बनेको छ । वलीका लागि अब पार्टी फुटेर केही नोक्सान हुनेवाला देखिँदैन तर दाहालका लागि भने झर्ला र खाउँला भनेर कुरिरहेको समयमा पार्टी विभाजन भयो भने मुखैमा आइपुगेको सत्ताको गुलियो फल अर्काको मुखमा पुग्ने त्रास छ ।

संसदीय सत्ता अभ्यासमा केपी वली पनि सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवाजस्तै बदनाम पात्र हुन् । गणतन्त्र नचाहने वली गणतन्त्रका प्रधानमन्त्री भएका छन् । उनले माओवादविरोधी आफ्नी विश्वासपात्र विद्या भण्डारीलाई दुईदुईपल्ट राष्ट्रपति बनाइसकेका छन् । उनले आफ्ना अन्य विश्वासपात्रहरूलाई पनि मन्त्री, सांसद, राजदूत, सल्लाहकार, जीएमलगायत महत्वपूर्ण पद हात दिलाएर गुनको बदला तिरिसकेका छन् । उनका लागि गणतन्त्र र प्रधानमन्त्री पद नसोचेको चिट्ठा परेझैँ थियो । अब उनका लागि गर्न केही बाँकी छैन ।

दाहाल भने धित मर्ने गरी सत्तामा पुग्ने सपना सजाएर कहिले यता र कहिले उता चहारिरहेका छन् । माओवादी जनयुद्ध, जनसत्ता र पार्टीलाई सिध्याएर पनि उनले भनेजस्तो सत्ताशक्ति हात पार्न पाइरहेका छैनन् । जनयुद्ध, जनसत्ता, जनसेना, जनहतियार र शक्तिशाली माओवादी पार्टी समाप्त पारेर पनि एउटी छोरीलाई महानगरको प्रमुख र एउटी बुहारीलाई मन्त्री बनाउनुबाहेक दाहालले खुब गरेको भनेको केही पुस्तालाई पुग्ने सम्पत्तिको जोहो मात्र हो । पार्टी विभाजनपछि उनलाई पनि सत्ताको धङधडी र रमरमी मात्र बाँकी रहनेछ ।

यसै क्रममा प्रधानमन्त्रीसमेत रहेका सरकारी नेकपाका प्रथम अध्यक्ष वली र द्वितीय अध्यक्ष दाहालबीच लामो समयपछि शनिबार वली निवास बालुवाटारमा भेट भएर बोलचाल खुलेको छ तर उक्त भेट पनि सुखद हुन सकेन । उक्त भेटमा वलीले 'अब आआफ्नो बाटो लागौँ' भनी दाहालसँग सल्लाहमै पार्टी फुटाउने प्रस्ताव राखेको स्रोतहरूले उल्लेख गरेका छन् ।

'प्रधानमन्त्रीज्यूले अस्ति फोनमा पनि प्रचण्डलाई आआफ्नो बाटो लागौँ भन्नुभएछ । हिजो बालुवाटारको भेटमा पनि त्यसै भन्नुभएछ', अनलाइनले सरकारी पार्टीका एक सचिवालय सदस्यको हवाला दिँदै लेखेको छ, 'आजको फोनवार्तामा पनि प्रधानमन्त्रीज्यूले प्रचण्डलाई त्यसै भन्नुभएछ ।'

यस्तै विभिन्न स्रोतहरूका अनुसार वली र दाहालबीच पछिल्लो समयमा भएका संवादहरूमा प्रधानमन्त्री वलीले पूर्वमाओवादी र पूर्वएमाले आआफ्नो बाटो लाग्नुपर्ने प्रस्ताव गरेपछि पार्टीफुटको तयारी अन्तिम अवस्थामा पुगेको आकलन भइरहेको छ ।

दाहाल पक्ष वलीले पार्टी फुटाउन चाहेको हल्ला गरिरहेको छ भने वली पक्ष दाहाल समूहलाई यही आरोप लगाइरहेको छ तर वास्तवमा यी दुवै 'एउटा पूर्वको र अर्को पश्चिमको ठग' जस्ता भएर आआफ्नो गुटको प्रचार गर्दै हिँडेका छन् । यसको पछिल्लो जडका रूपमा वलीको कर्णालीको मुख्यमन्त्री हटाउने 'कु' प्रयास असफल हुनु हो भन्नेहरू पनि छन् तर कर्णालीको कु असफल हुनु त एउटा घटना मात्र हो, मान्छे मर्नुको कारण सास बन्द हुनु हो भनेजस्तै । वास्तवमा दाहाल र वली समूहका हरेक समिति र कार्यकर्ताहरू फुटिसकेका छन् । वली र दाहालबीचको वाक्युद्ध त सतहमा देखिएको छालजस्तो मात्र हो ।

दाहाल समूहका र विशेषगरी माओवादी पृष्ठभूमि भएका दाहाल पक्षधरहरूका अनुसार वली वास्तवमै दाहालसँगको सम्बन्ध सदाका लागि अन्त्य गर्ने गहिरो गृहकार्य गरिरहेका छन् ।

सामाजिक सञ्जालहरूमा दुवै समूहका मध्यम स्तरका नेताहरूले पार्टी फुट भए दुर्भाग्य हुने सन्देश प्रवाह गरिरहेका छन् तर वास्तवमा सरकारी नेकपाको विभाजनले मुलुकलाई कुनै दुर्भाग्य हुनेछैन । इतिहासमा यस्ता प्रतिक्रियावादी पार्टीहरू कयौँपटक फुट, विभाजन र एकता भएका उदाहरणहरू छन् । पूर्वपञ्चहरू, तराईकेन्द्रित क्षेत्रीय दलहरू, काङ्ग्रेस, पूर्वएमालेहरू बारम्बार कसैको उद्देश्य, इच्छा र आदेशमा फुट्दै र जुट्दै गरेका घटना हाम्राअघिल्तिर ताजै छन् । बरु कम्युनिस्टको खोल ओढेर राष्ट्रघात, जनघात गर्ने, प्रजातन्त्रको खोल ओढेर अप्रजातान्त्रिक गतिविधि गर्नेहरूको भग्नावशेष र खरानीमै नयाँ नेपाल निर्माण सम्भव देखिने जानकार र भुक्तभोगीहरू बताउँछन् ।

# भारतीय सेनाप्रमुख नरवणेको नेपाल भ्रमणविरुद्ध रामेछापमा प्रदर्शन

नेपाल कम्युनिस्ट पार्टी रामेछापले सरकारले कोरोना सङ्क्रमणका नाममा गरेको भ्रष्टाचार, मौलाउँदो कमिसनतन्त्रका साथै भारतीय सेनाप्रमुख नरवणेको नेपाल भ्रमणले नेपालको सार्वभौमसत्तामाथि आँच पुऱ्याएकाले त्यसका विरुद्धमा भव्य ऱ्यालीसहित कार्यक्रम सम्पन्न गरेको छ ।

रामेछाप जिल्लाको खाँडादेवी गापामा स्थानीय जनता र पार्टी नेता-कार्यकर्ताहरुको उल्लेख्य सहभागितामा सरकारविरुद्ध गगनभेदी नारासहित विरोध कार्यक्रम आयोजना गरिएको नेकपा रामेछापले जनाएको छ ।

कार्यक्रमका सहभागीले 'आदेश देऊ विप्लव-युद्ध लड्न तयार छौँ, भारतीय सेना नेपाल छोड्, राष्ट्रिय स्वाधीनताको रक्षा गर' लगायत नारा लगाएका थिए ।

उक्त कार्यक्रममा सम्बोधन गर्दै नेकपा रामेछापका सेक्रेटरी विवेकले कोरोनाले महामारीको रूप लिएको बेला सत्ताधारीहरू भने भ्रष्टाचार र कमिसनमा लिप्त भएको, आफ्नो कुर्सी बचाउने षड्यन्त्रमा लागेकाले यसको विकल्प एकीकृत जनक्रान्ति रहेको बताए । उनले जनता आफैँले कोरोना सङ्क्रमणको उपचार गर्नुपर्ने निर्णय गरेर सरकारले जनघात गरिरहेको धारणा पनि राखे ।

सेक्रेटरी विवेकले भारतीय सेना प्रमुख नरवणेलाई नेपाल भित्र्याएर सम्मान गरी सरकारले नेपाल आमाको अस्मितामाथि बलात्कार गरेको भन्दै खेदपूर्ण आक्रोश पनि व्यक्त गरेका थिए । उनले भने, 'यो सरासर राष्ट्रघात हो । नेपालको सार्वभौमिकतामाथिको थिचोमिचो हो । नेपाललाई साम्रज्यवादी दासताबाट मुक्त गर्न अब राष्ट्रिय मुक्ति आन्दोलनको खाँचो भइसकेको छ । राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्व नेकपाले गरिरहेको छ । यो आन्दोलनमा सम्पूर्ण देशभक्त शक्तिहरू गोलबन्द हुनु आवश्यक छ ।'

# कैलालीमा प्रदर्शन

यसैबीच राष्ट्रघात, जनघात र सरकारको नालायकीपनका विरुद्ध नेकपाले घोषणा गरेको सङ्घर्षको केन्द्रीय कार्यक्रमअनुसार कात्तिक २० गते कैलालीमा प्रदर्शन गरिएको छ । उक्त कार्यक्रममा पार्टीका सेती-महाकाली ब्युरो संयोजक प्रशान्त, पार्टी कैलाली जिल्ला सेक्रेटरी करन थारू, अखिल क्रान्तिकारीका सेती-महाकाली ब्यूरो संयोजक वीरेन्द्र शाहलगायत नेता-कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको जनाइएको छ ।

कोणसभामा कैलाली जिल्ला सेक्रेटरी करन थारूले सम्बोधन गरेका थिए भने कार्यक्रम सञ्चालन जिल्ला सचिवालय सदस्य हृदय बोगटीले गरेका थिए । कार्यक्रम कैलालीको जोशीपुर, जितनगरमा सम्पन्न भएको समाचारमा जनाइएको छ ।

# पाल्पाको तानसेन नगरपालिकाभित्रै सरकारविरोधी सभा

नेकपा पाल्पाले तानसेन नगरपालिकाभित्रै सरकारविरोधी सभा सम्पन्न गरेको छ ।

नेकपा पाल्पाले पार्टीको केन्द्रीय कार्यक्रमअनुसार बिहीबार तानसेन नगरपालिकामा 'आमनागरिकलाई निःशुल्क स्वास्थ्यजाँच र उपचारको व्यवस्था गर, कोरोना महामारीका नाममा भ्रष्टाचार र व्यापारीकरण बन्द गर, भ्रष्टाचारीलाई कारबाही गर' लगायत नारा लगाउँदै विरोध कार्यक्रम सम्पन्न गरेको पाल्पाबाट प्राप्त समाचारमा उल्लेख छ ।

नेकपा पाल्पाका इन्चार्ज प्रवीणसमेत सहभागी रहेको उक्त कार्यक्रमलाई जिल्ला जनपरिषद् पाल्पाका प्रमुख मीनबहादुर आलेले सम्बोधन गरेका थिए भने पार्टी जिल्ला सदस्य दीपकले सञ्चालन गरेका थिए । कार्यक्रममा पार्टी नेता, कार्यकर्ता, जवस प्रतिनिधि र सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको पनि समाचारमा जनाइएको छ ।

# सम्पर्क मञ्चका चौधरी र प्रधानलाई बिनासर्त रिहा गर : कमानसिंह

जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिका अध्यक्ष कमानसिंहले विज्ञप्ति जारी गरी मञ्चका कार्यालय सचिव टीका चौधरी र केन्द्रीय सदस्य खेम प्रधानलाई सरकारले काठमाडौँको बागबजारबाट बिनाकारण गिरफ्तार गरेको भन्दै बिनासर्त अविलम्म्ब रिहा गर्न माग गरेका छन् ।

कोरोना भाइरसले देश आक्रान्त बनेको बेला देश र जनताका पक्षमा निरन्तर सङ्घर्ष गरिरहेका योद्धाहरूलाई आफ्नो विवेक गुमाएर पक्राउ तथा धरपकड गर्ने सरकारी कदमको घोर भर्त्सना गर्दै उनले बिनासर्त रिहा गर्न माग पनि गरेका छन् । कमानसिंहले जारी गरेको विज्ञप्तिमा गिरफ्तार दुवैजनालाई बिनासर्त रिहा नगरे सरकारविरुद्ध कडाभन्दा कडा सङ्घर्ष गर्ने चेतावनी पनि दिइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'यति बेला देश इतिहासकै गम्भीर सङ्कटको मोडमा पुगेको छ । एकातर्फ विश्वव्यापी महामारीको रूप लिएको नोबेल कोरोना भाइरस (कोभिड १९) ले देश आक्रान्त बनेको छ भने अर्कातर्फ देशमा साम्राज्यवादी इन्डो-पश्चिमाहरूको अस्वाभाविक चलखेल बढेको छ । पश्चिमा र भारतीय साम्राज्यवादको गोटी बनेको वली-बादल कम्पनीले दिनानुदिन जनविरोधी कुकर्म बढाएको छ । कोरोना महामारीको फाइदा उठाउँदै वली-बादल कम्पनीले मेडिकल सामग्रीमा अर्बौं भ्रष्टाचार गरेको छ । कोरोनाको उपचार गर्ने आफ्नो जिम्मेवारीबाट पन्छिनेजस्तो निकृष्ट काम गरेको छ । खुलेआम गरिब जनताको पेटमा लात हानिरहेको छ । कोरोनाका बिरामीहरूबाट मेडिकल माफियाहरूलाई पोस्नका लागि लाखौँलाख उचारखर्च उठाउनेजस्तो तुच्छ र घृणित काम गरिरहेको छ । देशको अर्थतन्त्र डामाडोल भएको छ । तर वली नेतृत्वको सामाजिक फासिवादी सरकार एकपछि अको गरी राज्यको ढुकुटीको दोहन, राज्यको सुरक्षा शक्तिको दुरुपयोग, बलात्कारी तथा भ्रष्टहरूको संरक्षण र साम्राज्यवादीहरूको विभिन्न स्वार्थको गोटी बनेर राष्ट्रिय स्वाधीनता, जनजीविकाका पक्षमा सङ्घर्ष गरिरहेको क्रान्तिकारी शक्तिमाथि राज्यसत्ताको दुरुपयोग गरी फासिवादी तथा क्रूर दमनमा उत्रिएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यसैक्रममा जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिका कार्यालय सचिव टीका चौधरी र केन्द्रीय सदस्य खेम प्रधानलाई सामाजिक फासिवादी वली एन्ड बादल कम्पनीका भाडाका टट्टुहरूले काठमाडौँको बागबजारबाट बिनाकारण गिरफ्तार गरेका छन् । कोरोना भाइरसको बेला देश आक्रान्त बनेको बेला आफ्नो विवेक गुमाएर देश र जनताका पक्षमा निरन्तर सङ्घर्ष गरिरहेका योद्धाहरूलाई पक्राउ तथा धरपकड गर्ने वली एन्ड बादल कम्पनीको अमानवीय कदमको घोर भर्त्सना गर्दै पक्राउ परेका कमरेडहरूलाई बिनासर्त रिहा गर्न माग गर्दछौँ । पक्राउ परेका कमरेडहरूलाई बिनासर्त रिहा नगरे सामाजिक फासिवादी वली एन्ड बादल कम्पनीका विरुद्ध कडाभन्दा कडा सङ्घर्ष गर्ने र त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयम् वली एन्ड बादल कम्पनी हुने जानकारी गराइन्छ ।'

हार्दिक शुभकामना

ze blkfjnL @)&&
tyf 57 kj{sf]kfjg cj;/df ;DkÔf{bfhefO tyf
lbbLalxgLx¿df xflb{s d⊕ndo zesfdgf JoQm ub{5f}+

यातायात व्यवस्था कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

कोरोनाबाट बच्न सचेत बनौं । साबुन पानीले नियमित हात धुने बानी बसालौं । आफू पनि बचौ र अरुलाई पनि बचाऔं '




# शाहीलाई तत्काल रिहा गर : अखिल क्रान्तिकारी

**काठमाडौँ** : अखिल क्रान्तिकारी भेरी-कर्णाली ब्युरो क्षेत्रीय समन्वय समितिका संयोजक हर्कबहादुर विकले सङ्गठनका बाँके जिल्ला अध्यक्ष डीबी शाहीलाई बिनासर्त तत्काल रिहा गर्न माग गरेका छन् ।

संयोजक विकले कोरोना महामारीको कठिन परिस्थितिमा समेत स्वास्थ्य, शिक्षा र व्यापारका क्षेत्रमा राज्यकै संरक्षण र संलग्नतामा भएको लूट, कालोबजारी र बेइमानीविरुद्ध सङ्गठनले जनजागरण अभियानमार्फत खबरदारी र भण्डाफोर कार्यक्रम जारी राखेको र उक्त अभियानबाट आत्तिएर सरकारले आफ्ना सङ्गठनका नेता-कार्यकर्ताको गैरन्यायिक गिरफ्तारी, धरपकड, घर घेरा हाल्ने र खानतलासी गर्ने गरिरहेको भन्दै यस्तो कार्यप्रति आपत्ति पनि प्रकट गरेका छन् ।

विकले मङ्गलबार विज्ञप्ति जारी गर्दै भनेका छन्, 'बाँकेको कोहलपुरस्थित घरमै बसिरहेको अवस्थामा हाम्रो सङ्गठनका बाँके जिल्ला अध्यक्ष डीबी शाहीलाई प्रहरीद्वारा गैरन्यायिक गिरफ्तारी गरिएको छ । यसप्रति सङ्गठन घोर भर्त्सनासहित अविलम्ब रिहाइका लागि जोडदार माग गर्दछ ।'

विज्ञप्तिमा भनिएको छ, 'कोरोना कहरका कारण उत्पन्न सङ्कटकै परिस्थितिमा राष्ट्रियता, अर्थतन्त्र, जनजीविका, जनअधिकार, जनस्वास्थ्यको सवालका साथै देशको समग्र भविष्य झन् बर्बादीको दिशामा गइरहेकाले आमनागरिकमा चिन्ता र असन्तुष्टि बढेको छ । सरकारले आफ्ना चरम असफलता र अक्षमता लुकाउन देशभक्त, प्रगतिशील एवम् क्रान्तिकारी शक्तिमाथिको दमनलाई अख्तियार गरेको छ ।'

नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

खाँडाचक्र नगरपालिका कर्णाली प्रदेश, कालीकोट

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

## बन्दाबन्दीमा खानेपानी आपूर्ति संरचनाको निर्माणमा भएको प्रगति

| प्याकेज | विवरण |
|---|---|
| BDS-0 | ▪ आरूबारी चोकमा च्याम्बर निर्माण, जगडोल, आरूबारी र महाँकालमा स्ल्याब राख्ने काम |
| BDS-01 | ▪ बाँसबारीमा पाइपलाइनको लागि पाइलिङको कार्य तथा बक्स सपोर्टको निर्माण<br>▪ नारायण गोपाल चोकमा चुहावट मर्मतका कार्य<br>▪ न्युरो अस्पताल, बाँसबारीनिर थ्रस्ट ब्लक तथा पाइप इनकेसिङको कार्य<br>▪ बल्खुदेखि सिता पेट्रोल पम्पसम्म ४५० मिटर पाइप बिछ्याइएको |
| BDS-02 | ▪ खुमलटार पानीपाखरी वरिपरि पर्खाल निर्माण (इटा तथा प्लास्टर) तथा ड्रेनेज निर्माण<br>▪ पानीपोखरी (पानीपोखरी) मा एप्रोन तथा गार्ड हाउसरपम्प हाउसमा रङ लगाउने कार्य<br>▪ अनामनगरस्थित ट्यांकीमा च्याम्बर स्ल्याब निर्माण कार्य |
| BDS-03 | ▪ बालाजु पानीपोखरीतर्फ जाने approach road मा कंक्रिट पेभमेन्ट बनाउने कार्य, बालाजु पानीपोखरीमा turfing को कार्य |
| BDS-04 | ▪ सूर्यविनायक सडकमा ६०० मिलिमिटर व्यासका ३०० मिलिमिटर लम्बाइ भएका RCC ह्युम पाइप बिछ्याउने कार्य<br>▪ घलाती सर्भिस लेन सडकमा sub-base सम्बन्धी कार्य (लम्बाइ करिब १५० मिलिमिटर)<br>▪ कीर्तिपुर पानीपोखरीमा outlet र inlet भल्भ तथा fittings जडान गरिएको |
| DNI 1 | ▪ टुकुचामा bridge crossing को कार्य, पुतलीसडकमा crossing को कार्य<br>▪ पुतलीसडकमा बल्क मिटर च्याम्बर निर्माण सम्पन्न (१ वटा)<br>▪ काठमाण्डौ प्लाजा, कृष्ण पाउरोटी सडक, घण्टाघरमा interconnection को कार्य<br>▪ कमलपोखरी, महालक्ष्मीस्थान, सातदोबाटो, एन्फा (सातदोबाटो, भोटेबहाल, नागपोखरी (८०० मिटर) पाइपलाइन बिछ्याउने तथा चाप परीक्षण कार्य<br>▪ चापागाउँ दोबाटोमा फुटपाथ पुनर्स्थापन (४०० मिटर) तथा विद्यमान २०० मिलिमिटर व्यासको DI पाइपसँग जोडने कार्य |
| DNI 2 | ▪ धोबीखोला करिडोरमा DI pipe पुनः बिछ्याउने कार्य (४०० मिटर) तथा पुरानो<br>▪ वानेश्वरमा chamber raising को कार्य (५ वटा)<br>▪ DMA 5+B47.2 को लागि GI connection को कार्य, वानेश्वरमा वितरण संजाल सुधार ३ अन्तर्गत ३०० मिटर पाइप पुनः बिछ्याउने कार्य |
| DNI 3 | ▪ डिएमए ८.१ मा ३०० मिलिमिटर व्यासको ४० मिटर लामो पाइप बिछ्याउने कार्य |
| DNI 7a | ▪ बल्खु-कालीमाटी सडक, रविभवन, भद्रकाली-मैतीदेवी-थापाथली सडकमा २.५ कि.मि पाइप बिछ्याउने कार्य, District Metering Area ५.२ मा GI connection को कार्य |
| DNI 9a | ▪ साप्रेढुङ्गा, चुनिखेल, सिमलटार, आकाशेधारामा DI र HDPE पाइप बिछ्याउने कार्य |
| Integration | ▪ खुमलटार पानीपोखरीदेखि एकान्तकुना चोकसम्म बिछ्याइएको नयाँ पाइपसँग विद्यमान पाइपलाइन जोडने कार्य, टोखामा पाइप बिछ्याउने कार्य |
| | **खानेपानी आपूर्ति प्रणालीको संचालनक्षमताको परीक्षण** |
| | ▪ अनामनगर पानीट्यांकीदेखि वितरण संजाल सुधार ४.१.२ सम्म पाइपलाइन disinfection को कार्य<br>▪ वितरण संजाल सुधार १ को ७.२ कि.मि पाइपको अल्पकालीन परीक्षणको कार्य |

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाडौं
www.kuklpid.org.np

## "अफ्रिकन स्वाइन फिभर" रोग बारे जानकारी

अफ्रिकन स्वाइन फिभर बंगुर, सुंगुर र बँदेलहरूमा भाइरसबाट लाग्ने महामारी रोग हो । यो रोग हालसम्म नेपालमा देखा परेको छैन । भारतको आसाम प्रदेश र चीनमा समेत यो रोग देखिइसकेको हुँदा नेपाल उच्च जोखिममा रहेको छ ।

**मुख्य लक्षणहरू:**

- झोक्राउने र दानापानी खान छोड्ने
- एकै ठाउँमा थुप्रिएर बस्ने
- कानका टुप्पाहरूमा रगत जमेका धब्बाहरू देखिने
- शरीरमा नीलडामहरु देखिने
- नाकबाट फिंज निकाल्ने
- दिसामा रगत देखिने

त्यस्तै उच्च ज्वरो आउने (१०४ डिग्री फरेनहाइट भन्दा माथि), सास फेर्न गाह्रो हुने र एकैपटकमा धेरै संख्यामा (१०० प्रतिशतसम्म) बंगुर, सुंगुर र बँदेलहरू मर्न सक्छन् । तर माथिका जस्तै लक्षणहरू बङ्गुरको हैजा लगायतका अन्य रोगहरूमा पनि देखिने हुँदा प्रयोगशाला परीक्षण नगरी रोग यकिन गर्न सकिदैंन । त्यसकारण बंगुर, सुंगुर र बदेल मरेमा वा मरेको थाहा भएमा नजिकको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाईन चेक पोष्ट वा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा यथाशीघ्र खबर गर्नुहोस् ।

**रोग सर्ने मुख्य तरिकाहरु**

- संक्रमित बंगुर, सुंगुर र बंदेल बीच प्रत्यक्ष सम्पर्कबाट
- रोगी पशुको र्‍याल, रगत, मलमुत्र, मासु वा यिनीहरुको लसपसमा आएका दानापानी लगायतका सामग्री मार्फत
- रोगी बंगुर, सुंगुर र बंदेलको ओसार पसार र किनबेच मार्फत
- संक्रमित खोरमा गएको मानिसहरुको कपडा, जुत्ता, चप्पल आदि मार्फत

**रोकथाम**

हालसम्म यो रोग विरुद्ध औषधि तथा खोप समेत बनेको छैन । त्यसकारण जैविक सुरक्षाका उपायहरू अपनाई रोकथाम गर्नु एक मात्र उत्तम विकल्प हो । यस रोगको रोकथामका लागि निम्न उपायहरु अपनाऔं ।

- बंगुर, सुंगुर र बँदेलको खोरमा मानिसहरुको अनावश्यक आवत जावत नगरौं ।
- होटल, रेष्टुरेन्टबाट फालिएका खानेकुरा बंगुर, सुंगुर र बँदेललाई राम्रोसँग पकाएर मात्र खुवाऔं ।
- बंगुर, सुंगुर र बँदेल थुनेर मात्र पालौं ।
- घरपालुवा बंगुर र सुंगुरलाई जंगली बदेलसँग सम्पर्क हुन नदिऔं ।
- रोगी बंगुर, सुंगुर र बँदेलको मासु, सुकुटी तथा वातावरणमा भाइरस लामो समयसम्म बाँच्ने भएकोले मरेका बंगुर, सुंगुर र बँदेललाई गहिरो खाडल खनी गाडौं ।
- अन्य बथानबाट ल्याइएका बंगुर, सुंगुर र बँदेललाई २१ दिन पछिमात्र आफ्नो बथानमा मिसाऔं ।

***थप जानकारीको लागि पशु सेवा विभाग हरिहरभवनको सम्पर्क नम्बर महामारी रोग नियन्त्रण तथा व्यवस्थापन शाखाको सम्पर्क नम्बर टोल फ्रि नम्बरमा सम्पर्क गरौं ।***

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
पशु विभाग
हरिहर भवन, ललितपुर

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ